# परिच्छेद १
# परिचय

## १.१ पृष्ठभूमि

नेपाल एक भौगोलिक विविधता भएको देश हो । भौगोलिक रूपमा सानो राष्ट्रको रूपमा रहेपनि यहाँको भौगोलिक विविधता अतिरिक्त आफ्नै किसिमको अलग्गै मौलिक सामाजिक साँस्कृतीक विशेषताहरू रहेका छन् । यस देशका विभिन्न समुदाय, जात तथा जनजातीहरूको आफ्नै मौलिकता, संस्कृती, परम्परा र रितिरिवाजहरू रहेका छन् । यस नेपाल राष्ट्रको धरातलिय वातावरण तथा वनस्पतीहरूमा विविधता पाइन्छ । जसमा विभिन्न जाति, जनजाती तथा भाष भाषिका मानव समुदायहरू बस्ने गर्दछन् । नेपालको इतिहासलाई हेर्ने हो भने यहाँ बसोबास गर्ने विभिन्न जाति र समुदायका मानिसहरू विभिन्न समयमा उत्तर र दक्षिणबाट नेपाल प्रवेश गरेका पाइन्छ । यसरी विभिन्न समयमा नेपाल प्रवेश गर्ने क्रममा विभिन्न जाति समुदायहरूले आफ्नो भाषा, धर्म र संस्कृतीलाई संगै लिएर आए, समय क्रमसँगै परिवर्तनहरू पनि भए । यहि क्रममा नेपालमा जातिय विविधता देखा पऱ्यो । यस देशमा विभिन्न जात तथा समुदायको आफ्नै मौलिककला संस्कृती परम्परा र रितिरिवाजहरू रहेका छन् । हरेक जाति जनजातिहरूको आ-आफ्नै जनजातिय विशेषता, सांस्कृतिक जीवनशैलि र मूल्यमान्यताहरू छन् । अधिकांश जातजातिका आ-आफ्नै भेषभुषा र निश्चित भौगोलिक वासस्थान रहेको पाइन्छ । यति धेरै आ-आफ्नै मौलिक संस्कृत, भेषभुषा जीवनशैलि र मुल्इमान्यता बोकेको जाति जनजातीहरू नेपालमा बसोबास गर्दै आए पनि यहाँका विविध जाति जनजातिको विचमा द्वन्द्व तनाव भएको देखिदैन । राष्ट्रियता प्रति सवैको एकमत देखिन्छ र एक अर्का विचको सामाजिक सहिष्णुता रहेको पाइन्छ । एक जातिको कला संस्कृती, धर्म तथा रितिरिवाजहरूलाई अर्को जातिले अभिरूचिपूर्वक अवलोकन गर्ने गरेको पाइन्छ । नेपाली समाजमा अनेकतामा एकता रहेको छ ।

विभिन्न जातजातिहरूको साझा फुलवारीको रूपमा रहेको नेपालमा वि.सं. २०५८ को राजपत्रमा ६१ जनजातिमध्य २६ जनजातिको विवरण खुलाईएको छ । जसमध्य मगर, गुरूङ, दनुवार, तामाङ्ग, राउटे, नेवार, भोटे, वोटे, कुमाल, लिम्वु, राई, लेप्चा, दमाई, घान्द्रुक, चेपाङ, सुनुवार, जनगाई, राजवंशी, थारू, धामी, राजी, जिरेल, माझी, सेर्पा, थकाली र

कुमाल रहेका छन् । वि.सं. २०५८ को राष्ट्रिय जनगणना अनुसार नेपालको कुल जनसंख्याको ३५.६% अर्थात ६५ लाख ६२ हजार २ सय ६५ जनजातीहरूको जनसंख्या संख्या रहेको छ । विभिन्न जनजातिहरूमध्य नेपालको हिमाली क्षेत्रमा मंगोलियन मुलका राई, लिम्वु, सेर्पा, भोटे, तामाङ, थकाली आदि जनजातिको बसोबास रहेको पाइन्छ । मध्यपहाडी भेगमा मगर, गुरूङ, नेवार, कुमाल, दमाई आदिकोबसोबास रहेको छ । त्यस्तै दक्षिणी भेगमा मेचे, कोचे, चेपाङ, धिमाल, दनुवार, यादव, थारू, सतार, राजवंशी, मुसलमान, माडवाडी आदिको बाहुल्यता रहेको पाइन्छ । यसरी भौगोलिक क्षेत्र अनुसार विभिन्न जाति समुदायहरूको छुट्टाछुट्टै वसोवास रहनाका साथै यिनीहरूको भाषा, धर्म, संस्कृति पनि भिन्ना भिन्नै रहेको छ ।

नेपालमा वसोवास गर्ने जनजातिहरूको संस्कृती भाषा, धर्म रहनसहन, रितिरिवाज आदि अवस्थाहरूलाई अध्ययन अनुसन्धान गरी त्यसलाई संरक्षण, सम्वर्द्धन गर्नु, सम्पूर्ण जाति समुदायहरूको साझा फुलवारीको रूपमा राष्ट्रलाई स्थायी बनाउनु हो । नेपालमा रहेका विभिन्न जनजातिहरूको जनसंख्या यसप्रकार रहेको छ । जसअनुसार मगर १६,२२,४२१ ( २०.१४%) थारू १५,३३,८७९ (६.७५%), तामाङ १२८२३०४ (५.६४%), राई ६,३५,१५१ ( २.७९%), गुरूङ ५४३५७१ (२.३९ %) लिम्वु ३५९३७९ (१.५८%) सेर्पा १,५४,६२२ (०.६८%), धिमाल १९,५३७ (०.०९), भोटे १९२६१ (०.०८%) सुनुवार ९५२५४ (०.४२ %) राजवंशी ९५८२१ (०.४२ %) राउटे ६५८ (०.०० %) लेप्चा ३६६० (०.०२ %) चेपाङ (५२२३७ ( ०.२३ %) को जनसंख्या छ । (श्रोत : केन्द्रीय तथ्याङ्क विभाग २०६८ ।

अहिले सम्म पहिचान गरिएका जनजातिहरूमध्य मुख्यत पहाडी क्षेत्रमा परापूर्वक कालदेखि वसोवास गर्दै आएको मगर जनजाति हो । मगरहरू मंगोलियन मुलका जनजातिमा पर्दछन् । मगरहरू इ.पु. २३०० तिर फिरन्त जातिको रूपमा नेपालमा प्रवशे गरेका थिए । मगर नामाकरण हुनुमा विभिन्न विद्धानहरूका तर्क यसप्रकार रहेको पाइन्छ

गुरूङ मगर वंशावलीमा प्रसिद्ध महादेवमो नाम महाराजिकबाट महाराजि-महरा, महरा-मगरा हुँदै मगर भएको कुरा उल्लेख भएको पाइन्छ (योगी, नरहरीनाथ र कृष्णबहादुर गुरूङ श्री गुरूङ, वंशावली पृष्ठ २६)

सन् १९९३ को पुण्य मल्लको ताम्रपत्रमा पनि महर शब्दको उल्लेख भएको पाइन्छ । भुगोल शास्त्रमा सप्तगण्डकी प्रदेशलाई वाह्र मगरात र यसैलाई महलोक भनिएको कुरा उल्लेख छ ।

मगरहरू मध्य एसियाबाट आएका हेप्ताल हुन् र इशाको अठारौं शताब्दीतिर हिन्दुमा दिक्षित भएका हेप्ताल (मगर) क्षेत्रिय भएपछि ज्याति भ्रष्ट भएका ठकुरी नै मगर भएको भन्ने धरणा पाइन्छ  (शर्मा ०३९, २६९) । महर शब्दबाटै अप्रभंश भएर मगर भएको (थापा मगर २०१९) मा मगराती ऐतिहासिक रूपरेखा को वर्ष १ अंक १ मा उल्लेख छ ।

यसरी मगर जातिको नामाकरण सम्वन्धमा विभिन्न विद्धानहरूबाट भिन्न भिन्न विचारहरू राखिए पनि नेपालमा बसोबास गर्ने जनजातिहरू मध्य मुख्य एक जनजातीको रूपमा मगर जाति रहेको छ ।

अधिकांश मगरहरूको बसोबास लुम्विनी, राप्ती, धौलागिरी, गण्डकी लगायतका अञ्चलका विभिन्न जिल्लाहरूमा रहेको पाइन्छ । लेख काँडा तथा पहाडहरूमा बस्दै आएका मगरहरू वर्तमान समयमा नेपाल अधिराज्यभर तथा भुटान, सिक्किम र दार्जलिङ लगाएतका क्षेत्रमा समेत छरिएका रहेका छन् । भोट, वर्मेली परिवार अन्तरगतको भाषा वोल्ने मगर, अठार मगराती भाषा र बाह्र मगराती भाषामा विभाजन गरिएका छन् । अठार मगराती भाषा अन्तरगत खाम भाषा र काइके भाषा पर्दछन् । यो भाषा विशेषगरि रोल्पा, रूकुम, सल्यान, रोल्पा, गुल्मी, बाग्लुङ, डोल्पा आदि जिललहरूमा बसोबास गर्ने मगरहरू वोल्ने गर्दछन् । त्यस्तै पाल्पा, स्याङ्जा, चितवन, तनहु, अर्घाखाँची, तनहु, धनकुटा आदि जिल्लामा वसोवास गर्ने मगरहरू वाह्र मगराती भाषा वोल्ने गर्दछन् ।

नेपालमा वाइसे चौविसे राज्यहरू रहेको समयमा तात्कालिन शाशकहरूका संरक्षकका रूपमा चिनिएका मगरहरू वर्तमान समयसम्म देश तथा विदेशमा सुरक्षाका लागि खटिइरहेका छन् । सोझा, इमान्दार, मेहनेति र कर्तव्यनिष्ट जातको रूपमा चिनिने मगर जातिको शारीरिक बनावट अन्य जातिको भन्दा फरक हुन्छ । छोटा कद भएका, थेप्चा नाक भएका र राता गाला र शरिरमा रौ कम हुने यस जातिका महिला पुरूषको विशेषता हो । मगर जातिको समुदायको रूपमा पहाड र केही मात्रामा हिमाली क्षेत्रमा वसोवास गरेका छन् । पछिल्ला समयमा तराइका केही भु-मागमा बसाई सराईका माध्यमबाट मगरहरू बसोबास गर्दै आएका छन् । मगरहरू बढी संख्या बसोबास गर्ने क्षेत्रका पुराना बासीन्दा

भएपनि अन्य जातिको तुलनामा उनिहरूको सामाजिक, आर्थिक, राजनैतिक, शैक्षिक तथा नीतिनिर्माण तहमा पुग्न सकेका छैनन् ।

नेपालको मध्यपश्चिम विकासक्षेत्रको पहाडी जिल्ला रोल्पाको २०५८ सालको जनगणना अनुसार २,१२,४८४ जनसंख्या रहेको छ । त्यसमध्य ६४१३१ अर्थात ३०.६५% मगरहरूको जनसंख्या रहेको छ। यस अध्ययन क्षे लिवाङ् गा.वि.स.को वि.सं. २०५८ सालको जनगणना अनुसार कुल ३०१६ जनसंख्या रहेको छ । जस मध्य १६६३ जनसंख्या मगरको रहेको छ । तर वि.सं. २०६५ अषाढमा नेपाल सरकार स्वास्थ्य मन्त्रालयले हात्तिपाइले रोग निवारण कार्यक्रम अन्तरगत सवै वडाहरूमा गरिएको घरधुरी सर्वेक्षण अनुसार यस गा.वि.स. को कुल जनसंख्यढा ३६१३ मध्य १९८३ मगरहरूको संख्या रहेको छ । जसमा १०५९ जना महिला र ९२४ पुरूष रहेका छन् ।

मगर जातिका पुरूष र महिला दुवै परीश्रमी र वलिया हुन्छन् । पुरूषहरू मजदुरी, मेलाको काम, खेत जोत्ने, खन्ने, दाउरा ल्याउने, कडा भारी वोक्ने जस्ता काम गर्दछन् भने महिलाहरू घरमा खाना पकाउने, भाडा माझ्ने, रक्सी जाँड वनाउने, वच्चा वच्ची स्याहार, गाइ वस्तु, वाखा वस्तु, वाखा, कुखुरा आदिको हेरचाह र दानापानी खुवाउने काम गर्दछन् ।

मगरजातिका पुरूषहरू सैनिक/प्रहरी पेशा मन पराउँछन् । स्कुलमा पढ्दै गरेका युवकहरू सैनिक/प्रहरीमा जान पाउने हो भने पढनै छाडिदिन्छन् । यिनिहरू व्यवहारमा सोझा र इमानदार हुने भएकाले स्वदेश तथा विदेशमा उनीहरूलाई महत्त्व दिन्छन ।

नेपालका अन्य क्षेत्रमा वसोवास गर्ने मगरहरूमा जस्तै यहाँका मगरहरूमा पनि विभिन्न संस्कारहरू रहेका छन् । जस्तै जन्म संस्कार, कुल पुजा, सिमे भूमि पुजा, दिवाली पुजा, वच्चा जन्माइसकेपछि गरिने विवाह संस्कार आदि । यि सवै खाले संस्कारहरूमा जाँड रक्सी र मासुको महत्त्व रहेको हुन्छ । समाजमा हुने सवै खाले संस्कारहरूमा पुजारा, धामी झाक्रि र जेष्ठ व्यक्तिको महत्त्वपूर्ण स्थान हुन्छ । मानिसहरू विरामी हुँदा स्वास्थ्य संस्था कम जाने गर्ने शुरूमा धामी, झाँक्रि कहाँ गई उपचार गराउने प्रचलन छ । खेतिपातीमा रोगलाग्दा, गाइवस्तु चौपाया विरामी हुँदा खरानी फुक्ने, आखत हेर्ने, पात्लो फाल्ने गरीन्छ ।

देशभर छरीएर रहेका मगरजातिहरू पछिल्ला समयमा विभिन्न संघ संस्थामा संगठित भएका छन् । आफ्नो जाति, धर्म, संस्कृतीको रक्षा, आपसी सम्वन्ध वलियो वनाउन यस क्षेत्रमा बसोबास गर्ने मगरहरू प्रेल पुन समाजका नामले संगठन भएका छन् । यस लिवाङ्

गा.वि.स.मा वसोवास गर्ने मगरहरूमा नेपालका अन्य भु-भागमा वसोवास गर्ने मगरहरूमा जस्तै आफ्नै सामाजिक सांस्कृतीक संस्कारहरू पाइ भएको र मगर जातिको समाजिक, सांस्कृतीक आर्थीक अवस्थाका वारेमा हालसम्म कहिं कतैबाट अध्ययन भएको नपाइएकोले यस समुदायमा विगत केही समय देखि घुलमील हुँदै जाँदा मगर जातिको परम्परा र उनीहरूको मौलिक संस्कृतीबाट प्रभावित भएर यस क्षेत्रमा वसेका मगर जातिको सामाजिक-सांस्कृतीक र आर्थिक अवस्था वारेमा सक्दो सत्य तथा प्रमाणहरू जुटाइ सोधपत्र तयार पारिएको छ ।

## १.२ समस्याको कथन

नेपाल एक बहुभाषिक वहु धार्मिक तथा वहु जातिय देश हो । यहाँ बसोबास गर्ने अधिकांश जनजातिको आ-आफ्नो भाषा, भेषभुसा, धर्म, प्रथा, रितिरिवाज भएको पाइन्छ । यसरी आ-आफ्नै जातिय विशेषता भएका नेपालका सवै जाति जनजातिहरूको समाजशास्त्रयि दृष्टिकोणबाट प्रयाप्त अध्ययन हुन सकिरहेको छैन भने कतिपयले मुलथलोको सम्वन्धमा अध्ययन गरेपनि आप्रवासीहरूको अवस्थाका वारेमा अध्ययन भएको छैन । सामाजिक, सांस्कृतीक, आर्थिक, धार्मीक विविधता भएका जातीहरू मध्य मगर जाति पनि एक हो । एउटै मगर जातिका विचमा पनि भाषा संस्कृती र प्रथा संस्कार फरक फरक पाइन्छ भने धार्मीक दृष्टिकोणबाट हेर्दा कुनै ठाउँका मगर जातिले वौद्ध त कसैले हिन्दु धर्म अपनाएको पाइन्छ । भाषाका दृष्टिकोणबाट हेर्दा पूर्वदेखि पश्चिमसम्म यस जातिमा भाषिक विविधता भएको पाइन्छ ।

नेपाली सामाजिक सांस्कृतिक विकासमा मगर जातीको महत्त्वपूर्ण भूमिका भएपनि उनीहरूको अवस्था कमजोर देखिन्छ र पनि परम्परागत देखि वर्तमानसम्म विद्यमान उनीहरूको सामाजिक, सांस्कृतीक संस्कारहरूले समग्र नेपाली सांस्कृतीक सम्पदाको संरक्षण गरेको छ । किनकी जनजातिय संस्कृति भनेको कुनै एक जाति विशेषको मात्र नभई राष्ट्रकै साझा सम्पत्ति हो ।

परम्परागत पेशा तथा व्यवासायबाट माथी उठन नसकेका मगरहरू आफ्नो मौलिक संस्कृतीको संरक्षण गर्ने भन्दा पनि आधारभुत आवश्यकताको परीपूर्ति गर्ने सन्दर्भमा मात्रै सिमित रहन पुगेका छन् । मौलिक लोकसंस्कृती, रितिरिवाज, विवाह संस्कार, चाडपर्व, पुजाआजा, विस्तारै परसंस्कृतीकरणको प्रभावले हराउँदै जाने स्थीति देखापरेको छ भने

आजको परिवर्तित सन्दर्भमा पनि मगर जाति अन्धविश्वास र रूढिवादी मान्यताबाट ग्रसीत छ । अर्कोतिर हरेक संस्कारगत कार्यमा जाड रक्सी अनिवार्य चाहिने अतिथि संस्कारमा रक्सीले स्वागत गर्ने संस्कारले सामाजिक, सांस्कृतीक एवं आर्थिक जीवनमा नकारात्मक प्रभाव पारेको देखिन्छ ।

नेपालका विभिन्न स्थानमा वसोवास गर्ने मगरहरूको सामाजिक, सांस्कृतीक, आर्थिक अवस्था भिन्दाभिन्दै रहेको पाइन्छ । यस्तै यहाँका अधिकांश जनता गरीबीको रेखामुनी जीवन विताउन वाध्य छन् । यस्तो अवस्थामा यस रोल्पा जिल्लाका मगर जातीहरू परम्परागत पेशाबाट माथि उठन् सकिरहेका छैनन् । यहाँका मगरहरूको जीविकोपार्जनको मुख्य श्रोत कृषि भएता पनि खेती योग्य जमिनको अप्रयाप्तता परम्परागत खेतीप्रणाली, उन्नत मल विउको अभाव, सिंचाईको अप्रयाप्तताका कारण वढ्दो जनसंख्यालाई कृषिले मात्र धान्न सक्ने अवस्था छैन । उत्पादित अन्नको अधिकांश मात्रा रक्सी उत्पादन गर्दा प्रयोग गर्ने हुँदा उनीहरूमा झनै समस्या थपेको देखिन्छ । यस लिवाङ् गा.वि.स.का मगर समुदायहरू समेत यि समस्याबाट अलग रहन सकेका छैनन् । मगर जाति एउटै भएता पनि नेपालको भौगोलिक अवस्था, वातावरण तथा सांस्कृतीक समुहहरूसँगैको घुलमिलका कारण एउटै जातिमा पनि विविधता पाइन्छ । यस जातिको सामाजिक, सांस्कृतीक र आर्थिक अवस्थाको अध्ययन गरी यस जातिको सामाजिक सांस्कृतीक अवस्थाको विभिन्न क्षेत्रगत विषयमा थप खोज अनुसन्धान र संरक्षण गर्न आवश्यक देखिन्छ । साथै यस अध्ययन क्षेत्र रोल्पा जिल्लाको लिवाङ् गा.वि.स.का मगरहरूमा आफ्नै मौलिकता पाइनुले त्यहाँका मगरहरूको मौलिक सामाजीक सांस्कृतीक पक्ष के हो ? यस समुदायका मगर जातिको प्रारम्भीक अवस्था र वर्तमान अवस्था कस्तो छ ? आथृिक सामाजिक शैक्षिक अवस्थामा पछाडि पर्नुका कारणहरू के के रहेका छन् ? यस जातिको मौलिकता जोगाउन के गर्नु पर्ला ? उत्पादनशिल भूमिको अवस्था कस्तो छ, त्यसमा कसको स्वामित्व छ ? उनीहरूलाई अगाडी वढ्न के ले रोकेको छ ? आदि जस्ता सामाजिक व्यवस्था भित्रका पक्षहरू यस अनुसन्धानका समस्याहरू रहेका छन् ।

### १.३ अध्ययनको उद्देश्य

मगर समुदायको सामाजिक तथा आर्थिक अवस्थामा विविधता रहेको छ । भिन्न भिन्न समुदायमा वसोवास गर्ने मगर जातिको सामाजिक आर्थिक पद्धति पनि भिन्न रहेको छ ।

तसर्थ यस अध्ययनको उद्देश्य अध्ययन क्षेत्रका मगरहरूको सामाजिक, सांस्कृतिक, आर्थिक पक्ष भित्र रहेका निम्न कुराहरूको अध्ययन गर्ने रहेको छ ।

(क) अध्ययन क्षेत्र  भित्र रहेका मगरहरूको पारीवारीक संरचना, स्वास्थ्य तथा शैक्षिक अवस्थावारे वर्णन गर्नु ।

(ख) अध्ययन क्षेत्र  भित्र रहेका मगरहरूका रहनसहन भेषभुषा र चाडपर्वका सम्वन्धमा प्रकाश पार्नु ।

(ग) अध्ययन क्षेत्र  भित्र रहेका मगरहरूको आर्थिक अवस्थाको वारेमा प्रकाश पार्नु ।

### १.४ अध्ययनको महत्त्व

नेपाल अनेकौं जातिय र जनजातिय विविधता वोकेको देश हो । कुनै पनि जाति जनजाति वा समुदायको सामाजिक तथा सांस्कतीक पक्षको पहिचान गर्नु र व्याख्या विश्लेषण गर्नु एउटा महत्त्वपूर्ण कार्य हो । बिभिन्न समुदायका जाति जनजातिहरूको अध्ययनले उनीहरूको अवस्था र त्यसमा समय अन्तरालमा आएको परिवर्तन, उनीहरूको समस्याहरूको वास्तविक तथ्यहरूको वारेमा जानकारी गराउँदछ । अध्ययन अनुसन्धानबाट पत्ता लागेका तथ्याहरूको आधारबाट नीति निर्माण, योजना तर्जुमा र कार्यान्वयन गर्ने तर्फ मद्दत पुऱ्याउँदछ । त्यस्ता किसिमका स्थान वा जातजातिमा कुनै कार्यक्रमहरू लागु गर्न योजनाविद् तथा सम्वन्धीत पक्षलाई सजिलो पर्न जानेछ । जसले गर्दा सरकारी एवं गैरसरकारी संघ संस्थाहरूको समय र आर्थिक बचत हुन जान्छ ।

मगरहरू नेपालको ऐतिहासिक शासकको रूपमा रहे पनि ईतिहाँसमा यस पक्षलाई महत्त्व दिएर लेखेका छैनन् । मगरहरू शासकको रूपमा रहेको प्रमाण रहे पनि अलिखित रूपमा सुन्न पाईन्छ । मगरहरू मिहेनति र परिश्रमी रहे पनि उनीहरूको वास्तविकता पत्ता लगाउने यस अध्ययनको उद्देश्य महत्त्व हुनेछ । यस शोधपत्रले यस अध्ययन क्षेत्रका मगरहरूको सामाजिक जीवन शैलि, मौलिक सास्कृतिक परम्परा, समय अन्तरालमा त्यसमा आएको परिवर्तन, जीविकोपार्जनका लागि अपनाईएका आर्थिक क्रियाकलापहरूको समेत प्रकास पार्नेछ ।

# परिच्छेद-दुई
# पूर्व साहित्यको पुनरावलोकन

नेपालमा बसोबास गर्ने मगरहरूको सामाजिक, सांस्कृतीक र आर्थिक अवस्था वारे विभिन्न स्वदेशी तथा बिदेशी बिद्धानहरूले विभिन्न लेख रचना र पुस्तकहरू प्रकाशित गरेका छन् । जसको संक्षिप्त वर्णन यस प्रकारले गरिन्छ ।

मगर समुदायको आर्थिक अवस्था वारेमा हेर्दा यो समुदाय कृषिमा निर्भर रहेको पाइन्छ । आफ्नो जीवन सञ्चालनका लागि कृषि पेशालाई नै प्रमुखता दिएको पाइन्छ भने खेति गर्ने क्रममा मकै, कोदो, गहुँ, फापर, आलु लगाउँदछन् साथै नगदेवालि अन्तरगत तोरी र केही फलफूल खेती पनि गरेका छन् । उत्तरी क्षेत्रमा बसेका यस जातिका मानिसहरूले सुन्तला लगाएका छन् । मुख्यतया सिंचाईको व्यवस्था नभएको कारण मकै, कोदो, गहुँ, फापर नै यिनीहरूले गर्ने अन्न वालि हो । (विस्ट-१९७६)

मगरहरूको बसोबास गर्ने मुख्य क्षेत्र पहाडी क्षेत्र हो । यस क्षेत्रमा सिचाईको अभाव छ । यहाँको जमिनलाई दुई भागमा बिभाजन गरिएको छ । १. बारी २. खेत । बारी भन्नाले सिंचाईको सुविधा नभएको क्षेत्रलाई जनाँउछ । बारीमा गहुँ, मके कोदो र आलु खेति गरीन्छ भने खेतमा धान खेती गरीन्छ । पहाडी क्षेत्रमा सिंचाई कम मात्रामा हुने र खेतको कम हुने भएकाले धान खेति थोरै मात्र गरीन्छ । (Hitchock 1995)

यस समुदायका मानिसहरूले गर्ने मुख्य पेशा कृषि हो । कृषिका लागि चाहिने मलका लागि यिनिहरूले गाई, भैंसी, भेडा, वाखा आदि पाल्ने गर्दछन् । केही मगर समुदायमा गाई भैंसीबाट प्राप्त दुध र घिउ विक्रि गरि आफ्नो आय वृद्धि गर्दछन् । उत्तरी भेगमा बसोबास गर्ने मगर जातिका समुदायहरूले भेडावाखा, चौरी आदिबाट उन निकालेर उनबाट बनेका लत्ता कपडाहर तराईसम्म विक्रि गदृछन् । यो नै यिनिहरूको आय श्रोत बृद्धि हुने प्रमुख पेशा हो । यसरी प्राप्त हुने रकमबाट आफूलाई चाहिने दैनिक बस्तुको आपूर्ति गर्ने गर्दछन् ।

मगरहरू सैनिक पेशालाई अत्यन्ते मन पराउँदछन् । घरमा बाबु आमाले छोरा जन्मेपछि आर्शिवाद दिंदा सैनिकमा भर्ति भएर ठूलो पदमा जर्नेल, कर्नेल, सुवेदार मेजर, साहेव आदि बन्नु पर्दछ भन्ने गर्दछन् । यसै अनुसार शारिरीक तन्दुरूस्त भएका मगर युवाहरू सैनिकमा भर्ना हुनुलाई पहिलो रोजाइ मान्छन् । यस जातिका प्रायल : युवाहरू ब्रिटिस, भारतयि र नेपाली सेना तथा प्रहरीमा भर्ना हुन्छन् । साच्चै भन्ने हो भने, यि समुदायको प्रमुख आय

श्रोत नै शैनिक पेशा हो । यसै पेशाबाट आएको धनले जहान परिवार पालिएका हुन्छन् । जागिरमा रहँदा तलबबाट प्राप्त धनबाट घर व्यवहार सञ्चालन गरेका हुन्छन् भने जागिर पश्चात पेन्सनबाट प्राप्त रकमले जीवन सञ्चालन गरेका हुन्छन् । सैनिकको माथिल्ला पदहरू सुवेदार, मेजर, जर्नेल, कर्नेल आदि पदमा यिनै जातिका युवाहरू पुगेका हुन्छन् । सन् १९९५ तिर ब्रिटिस गोर्खा सैनिक ब्रिटिसको सुरक्षाको प्रमुख मेरूदण्ड नै बनेको थियो । ब्रिटिस सरकारले बहादुरी स्वरूप दिने भिक्टोरिया क्रस नेपालमा यहि मगर समुदायले प्राप्त गरेका छन् । (Hitchock 1995)

(Hitchock 1995) का अनुसार Bang an hill का मगरहरूका वारेमा विस्तृत अध्ययन गरेका छन् । जस अनुसार मगर समुदायमा रहेका मामाचेली, फुपुचेली विच विवाह गर्ने प्रचलन छ । यिनहरू तीवत र बर्मेली परिवारको भाषा वोल्दछन् । यिनीहरूको मुख्य पेशा कृषि र पशुपालन हो । कृषिमा धान, गहुँ, मकै, जौं, कोदो, फापर आदि उत्पादन गर्दछन् भने गाई, भैंसी, वाखा, कुखुरा, सुँगुर आदि पशुपालन गर्दछन् ।

विष्ट (१९७६) का अनुसार नेपालका मगरहरू भोट, वर्मेली परिवार अन्तर्गत पर्दछन् । यसै गरी नेपालको पश्चिमि भाषामा वढी मात्रामा बसोबास गर्ने मगरहरू नेपालको पूर्व देखि पश्चिमसम्म फैलिएर रहेका छन् । यिनीहरूको मुख्य क्षेत्रलाई वाह्रमगरात भनिन्छ । जसमा लुम्वीनि, राप्ती र भेरी अञ्चल पर्दछन् । यिनिहरूको प्रमुख पेशा कृषि रहेको छ । यसका अलावा पशुपालन, काठको काम, भवन निर्माण, ढुंगाको काम आदि गर्दछन् । यिनिहरू प्राय: गरी गोर्खाली सेनामा भर्ना हुन चाहान्छन् । उनीहरूले विवाह गर्दा केटीको घरमा सौगात पठाउँदछन्, पठाएको सौगात केटिपक्षबाट स्वीकार भएपछि विवाह पक्का भएको मानिन्छ । हिन्दु धर्म मान्ने मगरहरू वच्चा जन्मीएपछि १० दिन सम्म सुतक वार्दछन् र ११ औं दिनमा वच्चाको नाम राख्ने गर्दछन् । नजिकको नतोदार मर्दा १३ दिन सम्म जुठो वार्ने गर्दछन् । ब्राम्हण पुजारी नअपनाउने मगरहरूले जुवाई वा भान्जालाई धार्मिक कार्य सम्पन्न गर्न लगाउँदछन् । यिनीहरू मान्छे मरेपछि लास गाड्ने प्रचलन छ ।

बराल मगर (२०५०) का अनुसार नेपालका मगरहरू पाँच समुहबाट नेपाल प्रवेश गरेका थिए । जसमा पहिलो समूह पश्चिम भेगबाट आएका मनाङवाका सन्तानहरू नै सर्वप्रथम २३०० इ.पु. तिर प्रवेश गरेका थिए । त्यस्तै दोश्रो समुह आसामबाट र पाँचौं समूह दक्षिण भेगबाटठ नेपालमा प्रवेश गरेका थिए । मगर जातिको उत्पत्ति चिनको सिम भन्ने स्थानबाट भएको र यिनीहरूलार्य स्थानीय मानिसहरूले 'तानसाङ थापा' भन्दथे किनमेल तासनाको

अर्थ उत्तर र आडको अर्थ मा भन्ने हुन्छ । मगर समाजमा विभिन्न संस्कार र चाडपर्वमा नाचिने नाचहरू सोरठी, घाँटु, कोछा र यौनाच हुन् । मगरहरूका विभिन्न थर र उपथरहरूका वारेमा बताएका छन् । जो यस प्रकार छन् : आले मगर, घर्ति मगर, थापा मगर, पुन मगर र राना मगर ।

शर्मा, २०५२ का अनुसार मगरहरूको वसोवास मुख्यतया मगरातका नामले प्रचलित छ । वर्तमानमा पाल्पा, पर्वत, गुल्मी, रोल्पा, रोल्पा, रूकुम, सल्यान, डोल्पा, अर्घाखाचि आदि जिल्ला र लुम्बिनी, भेरी र राप्ती अंचलमा मगर वस्तिको वाहुल्यत रहिआएको छ । यि क्षेत्रमा सेनाहरूको प्रभुत्व हुनु अगाडि यहाका मगरहरू हर्ता कर्ता थिए । मगरहरूका परम्परागत घरहरू ढुङ्गा माटोले वनेका भित्र वाहिर गोवर माटोले पोतेको र खर र ढुङ्गाले छाएको हुन्छ । घरमा वार्दलि र कौशी निकालिएको हुन्छ । भुईतालामा अगेना चुलो राखिएको र एउटा कुनामा घरका देवता राखि पुजा गर्ने गरेको पाईन्छ । हरेक वर्षको जेठ महिनामा कुल पुजा हुन्छ । यस जातिको विवाह संस्कार दुलाहले दुलहिलाई उपहार पठाउने र सो उपहार दुलाहि तर्फवाट स्वीकार भए पछि मात्र विवाह पक्का भएको मानिन्छ । कुनै कारण बश विवाह नहुने भएमा दुलहि पक्षले हर्जाना तिर्नु पर्दछ । केटी भगाएर विवाह गर्ने चलन पनि मगर समुदायमा रहि आएको छ । मगर समाजमा विधवा विवाहलाई पनि मान्यता दिईन्छ । यस्तो विवाहमा दुलहि भित्राउदा केटाले चुरा मात्र दिन्छन । सिन्दुर भने दिदैनन् । मगर समुदायमा नारी स्वतन्त्रता पाईन्छ । विवाहित महिलाको सम्पतिमा आफ्नो हक लाग्ने र लोग्ने सँग मन नमिले माईति फर्कन सक्ने, पार पाचुके वा अर्को विवाह गर्न सक्ने मान्यता रहेको पाईन्छ ।

बुढामगर, (२०५३) ले आफ्नो पुस्तकमा मगर हरूको उत्पतिको वारेमा ईश्विको नवौ सताब्दीमा यूरालसवाट मग्यार घोडचढिहरूले हेगेरी अवस्थीत देयूव र तिजामा आई वसोवास गरेका हुन । यसै गरी मगर भाषा संग मग्यार भाषाको शब्दहरू उच्चारणमा समानता पाईएको छ । यसै गरि १६ औं शताब्दिको अन्त्य र १७ औं शताब्दिको शुरूमा मगरात देश भनि प्रशिद्ध पाएको पाल्पाको मानचित्र अहिले जस्तो सानो नभएर ठुलो थियो । यसको पूर्व सिमाना हालको कोशी नदी ८० किलो मिटरमा अवस्थित झापा र भारतका पुविया एव जलपाईगुडि सम्म पश्चिममा अर्घाखाचि र गुल्मी सम्म उत्तरमा मुस्ताङ्ग कोट र दक्षिणमा गंगा किनारा मुजफरपुर छपारा जिल्ला सम्म रहेको पाईन्छ । यसै गरि मगरहरूलाई क, ख र ग गरेर ३ वटा थर र उपथरमा विभाजन गरिएका छ ।

**तालिका नं १**

**मगरहरुको थर विभाजन**

| | | | |
|---|---|---|---|
| क | थापामगर | रानामगर | आलेमगर |
| | अर्खालि उपथर | असमालि उपथर | असमालि उपथर |
| | गरञ्न उपथर | गुरूधाने उपथर | गेलागि उपथरा |
| | थन्यालि उपथर | धरवर उपथर | दमौलि उपथर |
| ख | आले, वलामि, दुरेल, गोलुडग | सिंजालि, देगालि, रेशिम, लुङगेलि | वलम, पुलामि, सिर्पालि, पेवालि |
| ग | वुढाथोकि | घर्ति | पुन |
| | बलकोट, नामजालि, थाप्री, लाम्छाने र सिरिस | यूमाल, गर्कला, सिजालि, दमागी | वैसालि, पहरे, तजालि, थानि |

यी वाहेक रोकाथर अर्न्तगत राम्जाली, वझांजी, रोकाम आदि रोका थर रहेका छन ।

वोदा सरोल्टा 1995 Boda Srolta, वुढा मगर Budha magar २०५३ अनुसार पुर्वी यूरोपको हंगेरीका वासिन्दाहरूलाई मग्यार भन्दछन । र हंगेरीको जातीय नाम पनि मग्यार नै हो । आफुलाई हुणका सन्तान मान्ने मगरहरूमध्य एशियावाट नेपाल पसेको कुरा मान्ने एउटा मत छ । हुणको एक शाखाका सन्ता मगरहरू तिव्वत हुँदै नेपाल पसेको विश्वास गरिन्छ एकमत अनसार पश्चिम चिनको खाम प्रदेशवाट खाम भाषीहरू पश्चिम नेपालको पहाडीक्षेत्रमा (रोल्पा, रूकुम आदी) वसोवास गर्न थाले यिनिहरूलाई खाम मगर भनिन्छ । हंगेरीका मग्यार जानी र नेपालका मगरहरूविच रक्त लगायत अन्य समानता पाईने अनुसन्धानकर्ताहरूको राय देखिन्छ ।

शर्मा २०५७ को भनाई छ मंगोल किरात रक्तको छाप परेकोले शारिरिक वनावट थापा, राना, आलेमगरका थरले तुलनात्मक अध्ययन गर्दा यी तिनै प्रकारका मगरहरू मुलत एउटै वंशका थिए तर पछि अगल भएका हुन संभवत दक्षिणवाट नेपालमा आउँदा यो जात तिन हुल भएर आयो । त्यसैले यो तीन प्रकारका देखिए ।

शर्मा २०५७ आफ्नो पूस्तकमा यिनले मगरहरूको मुलथलोको रूपमा पश्चिम नेपाललाई लिएका छन । मगरहरूको मुलथलो भन्नाले कालीगण्डकी भन्दा पश्चिम कर्णाली भन्दा पुर्व चुरे पर्वत श्रृखला भन्दा उत्तर र हिमपात हुने हिमाली भाग भन्दा दक्षिणको विशाल भु-भाग

मगरहरूको मुल थलो हो । नेपाल प्रवेश गर्ने क्रममा उत्तरवाट हुणहरू नेपाल आए त्यसको पछि अर्को जाती पनि आए । ती हेप्ताल थिए । यिनिहरूमा हुणको छाप सास्कृतिक थियो । अठारौं शताव्दीमा हेप्तालहरूले हिन्दु धर्म अपनाएर क्षेत्रीय भएपछि आफ्नो परम्परालाई कायम राख्न असमर्थ भए । यीनिहरू नै मगर भएका हुन भन्ने जनविश्वास रहेको छ । मगरजातीमा मामाचेलि र फुपुचेलीमा विवाह हुने प्रचलन छ भने ब्राहमण पुरेत वा आफ्नै जातको पुरेत लगाउने चलन छ । जस्लाई मुसाल भनिन्छ । सुतक परेमा १५ दिनमा चोख्याउछन यिनिले मगरलाइ ३ प्रकारमा विभाजन गरेका छन । जुन यसप्रकार छन । १) थापामगर २) रानामगर ३) आलेमगर ।

माथि उल्लेखित साहित्य समिक्षालाई हेर्दा कुनै पनि विद्वानहरूले मगर जातीको सामाजिक, सास्कृतिक र आर्थिक अवस्थाको गहन अध्ययन भएको पाइदैन र एकअर्कामा तालमेल देखिदैन । त्यसैले प्रस्तुत अध्ययनमा निश्चित क्षेत्रमा वसोवास गर्ने मगरजातीको सामाजिक, सास्कृतिक र आर्थिक अवस्थाको गहन अध्ययन गर्ने प्रयास गरिएको छ ।

बुढा मगर (२०५३) एकमत अनुसार पश्चिम चीनको खाम प्रदेशवाट खाम भाषीहरू पश्चिच नेपालको पहाडी क्षेत्रमा रोल्पा, रूकुम आदी मा वसोवास गर्न थाले । यीनीहरूलाई खाम मगर भनिन्छ । हंगेरीका मग्यार जाती र नेपालका मगरहरू विच रक्त लगायत अन्य समानता पाईन्छ । यस सन्दर्भमा हंगेरीयाली विद्वान अलेक्जेण्डर द कोरेस चोमा (Alexander de korus de csoma) को नाम विशेष रूपमा उल्लेखित छ ।

वराल मगर पृष्ठ (०६५-६६)मगर विवाहको पहिलो आवश्यकता गोत्र कुल पृथक गरेर विवाहको लागि वर वा कन्य रोज्नु हो । मगरका सयौं थरहरू छन सोही अनुसार गोत्रहरू पनि छन । थर गोत्र पृथक गरेपछि दोस्रो प्रकृया मामाचेली फुपु चेली सम्वन्धमा विवाहको व्यवस्था गर्नु हो । नेपालका मातृसत्तात्मक समहमा यस्तो विवाह प्रचलित छ । केहि समुहमा यस्तो प्रथा हट्दै गएपनि गुरूङ र मगर समाजमा यस्तो प्रथा अहिले पनि लोकप्रिय छ । यस सम्वन्धमा वर वाकन्या नभएमा मात्र थर गोत्र पृथक गरि अरू परिवारमा गई विवाह गर्ने चलन छ । तनहु र स्याङजाका मगरहरूमा भने मामा चेली र फुपु चेलीमा विवाह प्रचलित छैन । कहि कहि मामा चेली फुपु चेली विवाह नगरे जरिवाना समेत गर्ने चलन थियो । कहि कहि सात देखि चौध पूस्ता फरक गरेपछि एकै थरमा पनि विवाह गर्ने प्रचलन छ ।

विष्ट (१९७६) नेपालको धार्मिक मत र सामाजिक संरचना अमुर्त वस्तलाईमुर्त रूप दिने र अदृष्य शक्तिलाई उपासनाको वस्तु वनाउने आदिम धर्म मगरहरूको मौलिक धर्म र आस्था परम्परा हो । यो भएपनि मगरहरू खासगरि मध्य पहाडको दक्षिणभेग र हिन्दु जातीको वाहुल्य भएका गाउँवस्तीहरूमा हिन्दुधर्म र परम्पराको अनुसरण गर्दछन । उत्तरी क्षेत्रमा मगरहरूको धार्मिक आस्था भने वोम्पो तिव्वती वौद्ध धर्मसित नजिक देखिन्छन । व्यवहारीक हिन्दुधर्मको अनुसरण गर्ने मगरहरू ब्राहमण, पुरोहित नियुक्त गरी धार्मिक क्रियाकलाप सम्पन्न गर्दछन । उत्तर तर्फ भने लामा, झाक्री, पुरोहितको पनि प्रयोग गर्दछन । मगरहरूले पुजा गर्ने देवताहरुमा विष्णु, महादेव, रामचन्द्र, कृष्ण, गणेश, लक्ष्मी भवानी आदीलाई मान्दछन ।

शर्मा (२०५०) मगरहरू दशै तिहार आदी हिन्दु चाडपर्व पनि मनाउदछन । धार्मिक विश्वास र क्रियाकलापका आधारमा नै मगरहरू हिन्दु हुन भनि जनकलाल शर्मा लेख्नुहुन्छ । (Augusta Molnar 1981) खाम भाषा वोल्ने मगरहरू जनजाती समुहमा पर्दछन । रोल्पा, रूकुम र धौलागिरी पश्चिमी भेगमा यिनिहरूको वसोवास रहेको छ । खाम भाषा तिव्वती वर्मेली भाषिक समुहको भाषा हो । खाम भाषा वोल्नेहरूले आफुहरूलाई तिव्वतीवाट उत्पति भएको हो भन्ने कुरा दावी गर्दछन र स्वयं उनीहरूको सिङ्गो भगरहरू भन्दा सास्कृतिक रूपमा उनीहरू पृथक छन । खाम मगरहरूको थर वुढा, रोका, घर्ति, पुन र झाक्री गरि पाँचवटा मा विभाजित छ । खाम मगरहरूको थर विवाह स्थानीय स्तरका आफ्नै जात संग हुन्छ । विवाह पछि जेठो छोरो छुट्टिएर वस्दछन भने कान्छो छोराले वावु आमा र घर वरपरको हेरविचार गर्नुपर्दछ । उक्त समाजमा पैत्रिक सम्पती सवै छोराहरूमा समान रूपमा भागवण्डा लगाईन्छ ।

तिमिल्सिना (२००६) का अनुसार मगर जाति मझौला कदका, डोला अनुहार भएका, कालो कपाल भएका, दह्रिलो वनोटका हुन्छन । उनीहरू शान्त, मिजासिला, दयालु, सोझा, वहादुर र साँचो मनका हुन्छन । मगर जातिमा विविध थर हुन्छन । सारू, समाल, लायो, पुलामी, माप्छान, रैका, फेवालि, खपाङ्गी, दर्लामी, आले, बुढाथोकि, राना, थापा, पुन, आदि थरहरू मगर जातिमा पाईन्छन । भनिएको छ मगर जातिमा ७०० थर छन । मगर जातिको धर्म उद्रमताको हिसावले प्राकृतिक धर्म हो । घाम, पानी, पितृ पूजा, नाग नागेनी, सिमे भुमे, भुत प्रेत, आगो आदिको पूजा गर्ने चलन प्राकृतिक धर्ममा पदृछ । पछि आएर उत्तर

नेपालका मगरहरूले बौद्ध धर्मालम्वि सँगको तारतम्यतामा बौद्ध धर्म अवलम्वन गरको र दक्षिण भेगका मगरहरू संस्कृतिकरण भई हिन्दु धर्म मान्न थालेको ईतिहास पाईन्छ ।

नाम मगर (२०१०) का अनुसार मगर जातिको सांस्कृतिक परम्परा पनि वुद्ध संस्कार सँग मेल रहेको छ । जस्तो चण्डी पुजा, बुद्ध भगवानले गृह त्यागेर निस्कनु भए पछि उहाले आफ्नो कपाल (चुडा) काटेर फाल्दा देवताहरले राखेर पुजा गर्दथे । यहि विश्वास लाई लिएर मगरहरूले बैशाख पुर्णिमाको दिनमा चण्डी पुजा गरिएको हो । पछि हिन्दुको अतिकर्मन भए पछि सोहि पुजालाई वलि पुजामा परिवर्तन गरेका हुन । बुद्ध भगवानको पैतलामा माछा र कमलको फुल चिन्ह अंकित थियो । बुद्ध भगवानको परिनिब्वन पश्यात नाग(मगर)हरूले त्यहि रूप लाई देउ वडाको नाममा पुजा गर्न थालेका थिए । मगर भाषमा देउको अर्थ देवता र बडाको अर्थ ठूलो मान्यजन हुन्छ । बुछ भगवानलाई ठुलो देवता भनेर मान्ने गरेको थियो । पछि त्यहि देउ वडा शब्द देउ बाराहि भएको हो र मरहरूको नाचहरू पनि धार्मिक भएको हुदा देउस्याहा अर्थात देवताको नाच भनेर भनिने चलन छ । किनकि मगर भाषाबाट देउ भनेको देवता र स्याहा भनेको नाच हुन्छ । यहिनै देउस्यहा भन्दा भन्दै पछि आएर देउसी हुन गएको हो । आज पनि मगर जातिको घरको मुल ढोकामा कमलको फुलको बुट्टा बनाउने चलन रहेको छ । बुद्ध धर्ममा कमलको फुललाई शुभ-चिन्हको रूपमा पुजा गरिन्छ । यसरी मगरहरूको मौलिक परम्परा बुद्ध धर्म सँग नजिक रहेको छ ।

जि.एम.(२०१०) का अनुसार कला संस्कृति र चाड पर्वको विविधताले सम्पन्न मगर समुदाय जनसंख्याको दृष्ट्रिकोणले नेपालको तेस्रो ठुलो तथा आदिवासी जनजाति समुदायको पहिलो जाति हो । नेपालको प्राय सवै जिल्लामा वसोवास गर्दै आएका मगरहरूले भब्यताका साथ मनाउने विभिन्न चाड पर्वहरू मध्ये माघे संक्रान्ति पनि एक प्रमुख चाड हो । मगर र थारू समुदायको परम्परात चाड भएपनि माघे संक्रान्तिलाई सम्पूर्ण नेपालीहरूले राष्ट्रब्यापिरूपमा धुमधामका साथ मनाउने गर्दछन । परापूर्वकाल देखि मनाउदै आए पनि यो चाड सम्पूर्ण मगर समुदायको निम्ति गत माघ १, २०६५ वाट विशेष हर्ष उल्लासका साथ मनाउन शुरू गरिएको छ । सरकारले २०६५ सालवाट यसलाई राष्ट्रिय पर्व तथा मगर समुदायको प्रमुख पर्वकोरूपमा मान्यता प्रदान गरेपछि यसलाई विशेष महत्त्वका साथ मनाउन शुरू गरिएको छ । सरकारको यस प्रकारको कदमले गर्दा सम्पूर्ण मगर तथा थारू समुदायका दाजु-भाई दिदिवहिनिहरूमा नयाँ रमभ्रूमको रक्तसंचार गरेको छ । सरकारले आधिकारीक रूपमा माघे संक्रान्तिलाई मगर थारू तथा सम्पूर्ण नेपालीको राष्ट्रिय पर्वको

रूपमा घोषण गरेपछि विगत देखि धुमधामका साथ मनाउदै आएका मगर तथा थारू समुदाय निकै हर्षित भएका छन ।

खुल्ला विश्वकोषका अनुसार - नेपालको मध्यपश्चिम तथा पश्चिमाञ्चलका पहाडस्थित रूकुम, जाजरकोट, रोल्पा, रोल्पा, पाल्पा, स्याङजा, तनहुमा आदीमकाल देखि वस्दै आएको जनसंख्याको हिसावले नेपालको तेस्रो ठुलो जाती र आदीवासि जनजातीहरूको हकमा प्रथम श्रेणीमा पर्ने मगर समुदायक नेपालको एक प्रमुख राष्ट्रिय जाती हो । वि.सं. २०४८ सालको जनगणना अनुसार १३ लाख ३९ हजार ३ सय ८ र वि.सं. २०५८ सालको जनगणना अनुसार १६ लाख २२ हजार ४ शय २१ कुल जनसंख्या भएका मगरहरू पुरै नेपालको जनसंख्याको ७.१४ प्रतिशत छन । पाल्पा स्याङजा, तनहु, गुल्मी, प्युठान, गुल्मी लगायतका ठाउँहरूमा प्रमुख वसोवास रहेका यिनिहरू अर्घाखाँची, रूपन्देही, काठमाण्डौ, रामेछाप, म्याग्दी, वाग्लुङ, पर्वत, डोल्पा, हुम्ला, सुर्खेत, धनकुटा, सिन्धुली, उदयपुर लगायतका क्षेत्रमा पनि वसोवास गर्दछन। यिनिहरूको वसोवास स्थितिलाई नियाल्दा नेपालको १४ अञ्चल ७५ वटै जिल्लामा वाहुल्यता रहेको र सवैभन्दा ठुलो जनसंख्या भएको स्वदेशि जाती हो । वि.सं. २०५८ को जनगणना अनुसार मगरकोकुल जनसंख्याको ७४.६० प्रतिशत हिन्दु धर्म, मान्दछन र २४.४७ प्रतिशत मगरहरू वौद्ध धर्मालम्वी छन । यो जातीको नेपाल एकिकरण अभियानमा अत्यन्त ठुलो भुमिका निभाएका थिए । ठुलाठुला लडाइका मोर्चाहरूमा गोर्खाली सेनाका रूपमा वहादुरी देखाउँदै यो जातीका यूवाहरूले अन्य जातीसित काधमा काँध मिलाएर वहादुरीपुर्वक लडुर मातृभुमि नेपाललाई विदेशि शक्तिहरूवाट वचाएको इतिहाँस पाईन्छ ।

शाक्य २०११ का अनुसार - परापुर्वकालमा वुद्धले वोल्ने भाषालाई पाली वा मागधि पनि भनिन्छ । अशोक स्तम्भमा लेखिएको भाषा मागधि या पाली हो र यो व्राम्ही लिपिमा लेखिएको छ । एम.एस. थापामगरले “मगर भाषा र अक्खा लिपी” पुस्तकमा लुम्विनिको अशोक स्तम्भमा कुदिएको भाषा र लिपि नै मगर जातीको पुरानो मौलिक भाष र लिपि हो । भनेका छन । यो हिसावले मगर जाती र मगध राज्यको सम्वन्ध देखिन्छ । चिनको ऐतिहासिक जन्तु ड्रागन गंगा मैदानका नदीहरूमा पाइने गोहिहरू हुन जसलाइ मगरमच्छ भनिन्छ । यो भनेको मंगोल माछा भनेको हो । यसरी मंगोलिया देखि मगधसम्म फैलिएको भु-भाग नै प्राचिन मगरात हो । तर मगर जाती र मगरात भन्नाले हाल नेपालको सवैभन्दा ठुलो जनजाती र पुर्वामा त्रिशुली र पश्चिममा कर्णाली नदि विचको मध्यपहाडि भुभाग भन्ने

वुझिन्छ । ईशा ११ शताव्दी तिर खस साम्राज्यको ऐतिहासिक अभिलेखमा “मंग्वर विषय ” भनिएको छ । पछि खस साम्राज्य विस्तार हुँदै जाँदा खस र मगरहरू छयासमिस भए । वुढाथोकि (वुढा) रोक्का, थापा , राना, आदी थरहरू खस र मगर दुवै जातीमा पाईन्छन । हड्सनको भनाइअनुसार जो मगरहरू खस साम्राज्यको अधिनमा परे तिनिहरू खस भए । जो मगरहरू मगरातमा परे तिनिहरू मगर भए । पछि वाइसे चौविसे राज्यमाविखण्डित खस राज्यहरू देखा परे पछि छ्यासमिस हुदै गए ।

पुन मगर २००८ का अनुसार - मान्छे विचारले परिवर्तन हुनु पर्दछ जातीयताले होईन किनकि जो व्यक्तिजाती र जातीय रूपले परिवर्तन हुन चाहन्छ । त्यसको भविष्य कुनै हालतमा सुनिश्चित छँदैछैन । यतिवेला वाह्य हिन्दु अतिवादीहरूले च्याप्दै आईरहेको अवस्थामा मगरहरूमा आपशि वैमनस्यता देखाउनु भनेको आफ्नो कमजोरी पक्ष देखाउनु हो । विरोधिहरूले आफ्नो विपक्षि माथि हमला गर्नु छ भने उसले कमजोरी पक्ष हेरेर हमला गर्दछ । त्यसरी नै पञ्चायति व्यवस्थामा हिन्दु अतिवादीहरूले हामी मगरहरूलाई सोझोपनको फाईदा नउठाएका होइनन्  र आजपनि हामीमाथि वारवार घोचपेच हुँदैछ । यो कुरा वुझेको मगरहरूले खोई वर्तमानमा गुज्रेको देशको अवस्था हिन्दु अतिवादीहरूको चलखेल भैरहेको वेला मगरहरू जुटुनु पर्नेमा किन फुट्दैछन ।

पुन मगरहरू मगरवाट छुट्टिएर पुन मात्र हौं भनेर आदीवासी जनजातीको सुचिमा सुचिकृत हुँदैछन । यो कतिको सान्दर्भिक हो यसलाई एकपटक सम्पुर्ण देशवासी मगरहरूले गहिरिएर सोचौं त । आज पुनले म मगर होईन भोलि थापाले पर्सी रानाले एवं रितले सवै जातीले यस्तै भन्दै फुटे भने मगर जातीको अस्तित्व कहाँ पुग्छ कि त इतिहास कि त संग्रहालयतिर एकादेशमा मगर भन्ने जाती थियो रे । त्यहि पनि लोप भएर गयो रे । यस्तै यस्तै कथा पढ्न पाईन्छ । यसमा दुईमत छैन । पहिले वेलायत सिंगापुर तथा भारतमा भर्ति हुँदा पुन थापा राना वाहेक अन्य मगरलाइृ लिइृदैनथियो । किनकी पुन थापा  र राना भनेका मात्रै पक्का मगर हुन भन्ने एक खाले मान्यता थियो । तर आज त्यहि पुनहरूले हामी मगर होइनौं भन्नु विरालोले मैले मासु नखाने व्रत लिएको छु भन्नु जत्तिकै हो । कारण माथिको भर्तिप्रथा साक्षी छ पुनहरू पनि मगरहरू नै हुन । एउटा रूखमा विभिन्न हाँगाविंगा र त्यसका शाखा र उपशाखाहरू हुन्छन । के ति हाँगाहरूले म अर्कै रूखको हाँगा हुँ भन्न सुहाउँछ  अहँ सुहाउदैन नकि हाँगाले विर्सन हुन्न हाम्रो मुख्य उत्पति र अस्तित्व भनेको जरा हो । एउटा रूख हो । त्यो नभएर हाँगा रहदैन । हाँगा वाच्न सक्दैन । त्यसको अस्तित्व

हराउँछ । यो मानेमा पुनले पनि विर्सन हुन्नकी हाम्रो उत्पति मगर जातीवाट भएको हो । मगरको छाता संगठन भित्र रहेर विभिन्न संगठन खोल्न पाउनु उसको अधिकार हो । तर म मगर हाईन भन्नु र जातीय रूपमा छुट्टिनु मगर जातीलाई स्वार्थको हतियार वनाउनु अनाधिकार हो ।

श्रीष मगर २०१० का अनुसार - मगर जातीमा मुख्य सात थर छन । जसमा थापा, राना, आले, पुन, वुढा, रोका र घर्ति हुन । ती थर भित्र पनि सयौं उपथर छन। थरउपथर मात्रै गरेर करिव १२ सय पुग्छन। जस्तै थापा मगर भित्र पनि सिञ्जाली, राम्जाली, सारु, पुलामी, महपार्क, गर्वुजा, दर्लामी, खाम्चा, सोती, ठाडा, गरन्जा, खान आदी । राना मगरभित्र गाहा, सारू, क्याम्छाकी, अस्लामी, किङरिङ आदी । आलेमगर भित्र वलामी, वलमपाकी, गूरूङचन्द, सेन, उचइ आदी । पुन मगर भित्र जुगजाली, रामजाली, पुर्जा, पाईजा, खोर्जा, सेरपुजा, पहरे, सामी, खामी, भलामी आदी । वुढा मगर भित्र वुढाथोकी, राम्जाली आदी । रोकामगर भित्र सिम्जाली राम्जाली आदी । घर्तिमगर भित्र भुजेल, खवास, काउछा, पहराई, भ्काकी, राम्जाली, पुलिसा, नाउसा आदी । यसरी मगर जातीको थरउपथर विकास ठाउँ अनुसार भएको देखिन्छ । उदाहरणका लागि पाखापानीका मगरलाइ पाइजा, दर्लमडाँडाका मगरहरूलाई दर्लामी, जुगजाको मगरलाई जुगजाली, राम्जाकोटको मगरलाई राम्जाली, वुढाथोकको मगरलाई वुढाथोकी, भुजिखोलाको मगरलाई भुजेल भनियो । यति मात्र नभएर हामी सवै मगरहरूको सवै थरउपथरहरू सवै ठाउँमा छन । केहि ठाउँमा भएको वाहुल्यताको अपवाद वाहेक अन्य यस्ता उपथरहरूमा वाह्र घरे, साठी घरे, पिठा कोटे, आदीपनि छन ।

भ्केडी मगर २००९ का अनुसार- नेपाल अधिराज्यका विभिन्न क्षेत्रमा अवस्थिति मगर समुदाय विदेशि भुमिमा पनि त्यतिकै वसोवास रहेको छ । विभिन्न ठाउँमा वसोवास गर्ने मगरहरूको आफ्नै सास्कृतिक अभ्यासहरू गर्दै  आएका छन । वाह्र मगरात क्षेत्रका मगरहरूको मौलिक सांस्कृति र पहिचान भ्कल्काउने खालका प्रचलित नाचहरू कौरा, सोरठि, भ्क्याउरे, सेरूङ्गा, मारूनी, टप्पा र हर्रा हुन भने सेरूङ्गा पैसरू नाच सुदुरपश्चिम तिरका खाम मगरहरूमा प्रचलित छन । हुर्रा नाच पुर्वी क्षेत्रतिर । कौरा नाच विशेष गरि मगरात क्षेत्रमा प्रचलित छ । कौरा नाच कहिले, कहाँ, कसरी शूरू भयो भन्ने विषयमा विभिन्न तर्कहरू लगायता पनि यो नाच वढि प्रचलित हुने ठाउँका वुढापाकाहरूको भनाइलाई आधार मानेर यो सामाग्री तयार पारिएको छ । नृत्य एउटा त्यहि समाजको

परिदृष्यलाई झल्काउँछ । यस सन्दर्भमा तनहुँका मगरहरूले कौरा नाचको अभ्यास कसरी गर्दै आएका छन भन्ने वारे उजागर गर्नु यस लेखको उद्धेश्य हो । मगरहरुको मुख्य पेशा कृषि हो । कृषि प्रणालिमा मगरहरूको आफ्नै परम्परा छ । पर्म प्रणाली मगरहरू विच नीकै प्रचलित छ । कुनै काममा सामुहिकता देखाउनु त मगरहरूको विशेषता नै हो । मेलापात, घासदाउरा, भोजभतेर,हरूमा पनि मगरहरूको ऐक्यवद्धता देख्न सकिन्छ । त्यसतै मगरहरूको जीवनपद्धति भनेको मनोरञ्जन पनि हो । जस मध्ये कौरा नाच पनि एक हो । ग्रामिण भेगका मानिसहरू प्रायजसो खेतवारीमा कोदालो,कुटो, हलो, अनि दाउराघाँस गर्दा हसिया वञ्चरो लिई विहान देखि साँझ समम आ-आफ्ना काममा तल्लीन हुन्छन । दिनभरिको कामको थकाईलाई विर्सन हस्याङ्ग, फस्याङ्ग गर्दै कोदोको ढिडो, मकैको ढिडो, कालो कोदोको रोटि होस या हाँडीमा भुटेको मकै आफ्नो घरमा जे पाकेको छ । त्यहि खाइवरी जोसिला यूवाहरू दिउसोको मेलापातमा गरेको सल्लाहअनुसार उहि कोदाले साथीहरू तोकिएको ठाउमा जम्मा भई कुन गाउको कसको छोरीको घरमा जाने भनेर निर्णय भएपछि खैजडि वजाउदै जान्छन र खैजडी र छिन्छुरी जस्ता वाद्यवादन वोकि गन्तव्य तिर लाग्छन । वाटोमा खैजडि वजाउदै जान्छन र खैजडि वजाएको आवाज सुनेर आश गरि कान ठाडो पारि वडो उत्सुकता साथ वस्छन । मेरो घरमा नआएपनि साथिले त वोलाई हाल्छ नि भन्ने भावना राख्दै केटा संग वोल्न, नाच्न, पाइहालिन्छ भन्दै कौतुहलता हुन्छन । केटिहरू आफु चान्दालगाउने “झर्रा” आफै वन्दोवस्त गर्न थाल्छन । जसको घरमा गएपनि गाउँका यूवतीहरू मिलेर समुहमा नाच्ने गर्दछन । केटाहरू कतिको घरमा पुग्छन । घरमा पुगे पछि गित गाएर गीतकै माध्यमवाट केटिलाई वोलाउने गर्दछन

यसरी एकदुई चरण गीत गाउँदै घरको मुली वा कतिको आमाले ढोका खोल्छन र कुन ठाउँ वा गाउँको युवाहरू हो । सोधपुछ गरेर छोरीलाई वेलिविस्तार सुनाउछन । केटि आफै आउदिनन सम्पुर्ण कुरा वोई-मोई (वा-आमा) को अनुमतिले मात्र गर्नु पर्ने हुन्छ । छोरीलाई उठाएर सुकुल, गुन्द्री, ओछ्याउने अनुमति दिइन्छ । कतिले गुन्द्री ओछ्याउने वित्तिकै त्यतिकै थ्याच्च वस्दैनन । फेरी गीतकै माध्यमवाट वस्ने अनुमति मागदछन ।

# परिच्छेद- तीन
# अनुसन्धान विधि

कुनै पनि अनुसन्धानको लागि अनुसन्धान पद्धति महत्त्वपूर्ण हुन्छ । अनुसन्धनका विषयमा एउटै विधिले सम्पुर्ण सूचनाको श्रोत प्राप्त गर्न सकिदैन । तसर्थ यहाँ विभिन्न विधिवाट तत्य संकलन गर्ने प्रयास गरिएको छ ।यस अनुसन्धान पद्धति भित्र अनुसन्धान क्षेत्र छनौट, अनुसन्धान ढाँचा, तथ्याङ्कको समग्रता, नमुना छनौट, तथ्याङ्कका श्रोतहरू तथ्याङ्क विश्लेषण र प्रस्तुतिकरण र अध्ययनको सीमा जस्ता पक्षहरू देखाईएको छ ।

## ३.१ अनुसन्धान ढाँचा

यो अध्ययनको प्रकृति यस जिल्लाको लिवाङ् गा.वि.स.मा वसोवास गर्ने मगर समुदायको सामाजिक सास्कृतिक र आर्थिक अवस्थाको वारेमा वुझ्न वर्णनात्मक ढाँचा (Descriptive Research Design) विश्लेषणात्मक ढाँचा (Analytical Research Design) प्रयोग गरिएको छ ।

## ३.२ अध्ययन क्षेत्रको औचित्य

नेपालको पाँच विकास क्षेत्र मध्ये मध्यपश्चिमाञ्चल विकास क्षेमा पर्ने राप्ती अंचलका ५ जिल्ला मध्ये रोल्पा एक हो । यो जिल्ला विकासका पुर्वाधारहरूका आधारमा पछाडि परेको जिल्ला अर्न्तगत पर्दछ। विकट पहाडी जिल्लामा रहि सो जिल्ला भित्रको एउटा समुदायको अध्ययन गर्न र अध्ययन अनुसन्धान गरि सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्थाका वारेमा उजागर गरेर यथार्थता पत्ता लगाउनुको साथै समाजशास्त्र एवं मानवशास्त्रको एउटा विद्यार्थिका हैसियतले सामुदायिक अध्ययन गर्नु मेरो कर्तव्य हो भन्ने मनसायले यस क्षेत्रलाई अध्ययन क्षेत्र छर्नाट गर्ने निष्कर्षमा पुगें । रोल्पा जिल्लाका ४९ गा.वि.स. मध्ये लिवाङ् गा.वि.स. एउटा गा.वि.स. हो । यस गा.वि.स.मा ९ वडाहरु रहेका छन । जस मध्ये वडा नं. ३,४,५,६,७,८ र ९ मा अधिकांस मगर समुदायको वसोवास रहेको छ भने अन्य वडाहरू वडा नं १ मा गूरूङ र वडा नं २ मा व्राहमण समुदायको वसोवास रहेको छ । यी १ र २ वडामा मगर समुदायको वसोवास न्युन रहेको छ । यस गा.वि.स.मा जनसंख्याको आधाभन्दा वढि जनसंख्या मगरहरूको रहेकोले पुरै लिवाङ् गा.वि.स. लाईअध्ययन क्षेत्रका रूपमा छनौट गरिएको छ । यस क्षेत्रमा वसोवास गर्ने अधिकांस मगरहरुको मुख्य पेशा कृषि

र पशुपालन रहेको छ । विभिन्न तपशिलका कारणहरूले यस क्षेत्रलाई अध्ययन क्षेत्रको रूपमा छनौट गरिएको छ ।

- रोल्पा जिल्लाको विभिन्न गा.वि.स.हरू मध्ये यस लिवाङ् गा.वि.स.मा मगरहरूको जनसंख्या उल्लेखनीय रूपमा वढि रहेकाले ।
- सोधकर्ता यस अध्ययन क्षेत्रको नजिक रहेकोले साथै उनीहरूको वारेमा अध्ययन अनुसन्धान गर्न सजिलो पर्ने हुनाले यस क्षेत्रलाई छनौट गरिएको ।
- यस अध्ययन क्षेत्रका मगरहरूको वारेमा कसैले पनि अध्ययन नगरेकोले ।

**अध्ययन क्षेत्रका अलावा अध्ययनको विषयको औचित्यतालाई निम्न वुँदामा प्रस्तुत गरिएको छ ।**

- रोल्पा जिल्लाको लिवाङ् गा.वि.स.का मगरहरूको वारेमा चासो राख्ने जो कसै व्यक्ति वा संस्थालाई अध्ययनमा सहयोग पुऱ्याउने ।
- समाजशास्त्रिय दृष्टिकोणले विभिन्न जनजातीको अध्ययन गर्ने क्रममा मगर जाती पनि एक महत्त्वपूर्ण जातीको रूपमा रहेको छ भन्ने सत्यतालाइ वोध गराउने ।
- मगर जातीको विविध पक्षको अध्ययन र विश्लेषण गरि तथ्यलाइ राष्ट्रिय स्तरमा पुऱ्याउने ।
- पिछडिएको जाती जनजातीको संस्कृतिलाई संरक्षण एवं थप अनुसन्धान गर्न सहयोग पुऱ्याउने ।
- हरेक समुदाय र जाती जनजाती विच सहयोग र सद्भावको विकास गराउन सहयोग गर्ने ।

## ३.३ अध्ययन क्षेत्रको छनौट

यस अध्ययनका लागि रोल्पा जिल्लाको लिवाङ् गा.वि.स.लाई छनौट गरिएको छ । यस गा.वि.स.मा गुरुङ, व्राहमण, क्षेत्री, सुनार, भएता पनि प्रमुख जातिका रूपमा रहेका मगरहरू अन्य जातिको तुलनामा सामाजिक आर्थिक रूपमा पछि परेको, उनिहरूको जिवन शैलि, रहनसहन तथा परम्परा अन्य जातिको भन्दा फरक रहेको र चाडपर्वहरूमा वढि खर्च गर्ने प्रवृति रहेकोले यसले उनिहरूको आर्थिक सामाजिक पक्षमा पारेको प्रभाव तथा यसका प्रभावहरूलाई न्यूनिकरणका लागि सहयोग गर्ने उद्देश्यका साथै यस स्थानमा हाल सम्म

मगर जातीको वारेमा कहि कतैवाट अध्ययन अनुसन्धान भएको नपाइएकोले यो क्षेत्र छनौट गरिएको छ ।

रोल्पा जिल्लाका ४९ गा.वि.स. मध्ये लिवाङ् एउटा गा.वि.स. हो । यस गा.वि.स.मा ९ वडाहरु रहेका छन । जस मध्ये वडा नं. ३,४,५,६,७,८ र ९ मा अधिकांस मगर समुदायको वसोवास रहेको छ भने अन्य वडाहरू वडा नं १ मा गूरूङ र वडा नं २ मा व्राहमण समुदायको वसोवास रहेको छ । यी १ र २ वडामा मगर समुदायको वसोवास न्युन रहेको छ । यस गा.वि.स.मा जनसंख्याको आधाभन्दा वढि जनसंख्या मगरहरूको रहेकोले पुरै लिवाङ् गा.वि.स.लाई अध्ययन क्षेत्रका रूपमा छनौट गरिएको छ । यस क्षेत्रमा वसोवास गर्ने अधिकांस मगरहरुको मुख्य पेशा कृषि र पशुपालन रहेको छ । तपशिलका कारणहरूले यस क्षेत्रलाई अध्ययन क्षेत्रको रूपमा छनौट गरिएको छ ।

- रोल्पा जिल्लाका ४९ गा.वि.स.हरू मध्ये लिवाङ् गा.वि.स.मा तुलनात्मक रूपमा मगरहरूको वाहुल्यता रहेकोले ।
- यस गा.वि.स.का सवै वडाहरूमा मगरहरूको वसोवास रहेकोले ।
- यहाँका मगरहरूको रहनसहन, जीवनशैली र चाडपर्व मनाउने प्रकृति भिन्न रहेकोले ।
- सोधकर्ता यस अध्ययन क्षेत्रको नजिक रहेकोले अध्ययन क्षेत्रको छनौट गरिएको हो ।
- यस क्षेत्रका मगरहरूको अध्ययन कसैले पनि नगरिएकाले ।

### ३.४ अध्ययनको समग्रता र नमुना छनौट

यस अध्ययन क्षेत्रमा वसोवास गर्ने कुल ३६१३ मध्ये १९८३ मगरहरूको जनसंख्या रहेको छ । कुल ६१७ घर मध्ये ३१९ घरमा मगरहरूको वसोवास रहेको छ । जस मध्ये २० प्रतिशतले हुन आउने नमुनाको रूपमा लिई ६३ घरधुरीलाई नमुना छनौट गर्दा सम्भाव्यता नमुना छनौट (Probability Sampling) विधिको आधारमा साधारण दैवी नमुना छनौट प्रणालीको (Simple Random Sampling Method) प्रयोग गरिएको छ । यी ६३ घर मात्र नमुना लिनुको कारण यो जातीको रहनसहन, जीवनशैलि, जीविकोपार्जन जस्ता आधारभुत कुराहरूमा समानता भएको हुनाले ६३ घरपरिवारलाई सम्पुर्णता मानी अध्ययन गरिएको छ । नमुना संकलन गर्ने क्रममा सर्वप्रथम सर्वेक्षणका आधारमा सवै घरमुलीको नाम संकलन गरिएको छ । यसरी नमुना सर्वेक्षणका आधारमा लिएको घरपरिवारवाट १/१ घरमुलीलाई

आफुले तयार पारेको प्रश्नावलीका आधारमा आवश्यक पर्ने तथ्याङ्क संकलन गरिएको छ । तथ्याङ्क संकलन गर्दा आवश्यकता अनुसार असंरचित प्रश्नहरू पनि सोधि तथ्याङ्कक संकलन गरिएको छ । यसका साथै अन्य आवश्यक तथ्यहरू जस्तै मगर जातिको परम्परा, धर्म, संस्कृतिका वारेमा जान्ने वुढापाका व्यक्तिहरू, विज्ञहरू, शिक्षक, स्थानीय राजनैतिककर्मीहरू तथा समाजसेवीहरूलाई मूख्य सूचनादाताको रूपमा लिईएको छ । मूख्य सूचनादाताहरूलाई प्रश्न सोधी आवश्यक पर्ने महत्त्वपूर्ण तथ्यहरू संकलन गरिएको छ ।

## ३.५ तथ्याङ्कको प्रकृति र स्रोत

यस सोधपत्रमा अनुसन्धानको विषय अनुरूप प्राथमिक तथ्याङ्क (Primary Data) र द्धितिय स्रोत (Secondary Data ) प्रयोग गरिएको छ । यस अध्ययनमा प्राथमिक स्रोत अन्तरगत प्रत्यक्ष रूपमा नमुनाको रूपमा छनौट गरिएका प्रत्येक घरहरूकमा संरचित प्रश्नावली मार्फत तथ्यांक संकलन गरिएको छ । यसै गरि लक्षित समुहमा सामुहिक छलफल, अवलोकन, व्यक्तिगत, सामुहिक भेटघाटवाट आवश्यक तथ्याङ्क संकलन गरिएको छ ।

द्धितिय स्रोतको रूपमा अध्ययन विषय संग संवन्धीत विभिन्न विद्धानहरूले प्रकाशन गरेका लेख रचना, समिक्षा, प्रकाशन, पत्रपत्रिका आदीवाट तथ्याङ्क संकलन गरिएको छ । त्यसै गरि सम्वन्धित गा.वि.स.को कार्यालय रेकर्ड, केन्द्रिय तथ्याङ्क विभागका रेकर्ड, विभिन्न गैरसरकारी संघसंस्थावाट संकलित तथ्याङ्क, जिल्ला विकास समितिको तथ्याङ्क रेकर्ड तथा जनजातीय प्रकाशनवाट लिईएको छ । जस्ले गर्दा अनुसन्धान विषय वास्तविक र प्रभावकारी गराउने प्रयास गरिएको छ ।

## ३.६ तथ्याङ्क संकलनका विधि

यस अध्ययन अनुसन्धानको क्रममा विषय संवन्धमा आशातित परिणाम प्राप्त गर्न तथ्याङ्क संकलनका विधिहरू अवलम्वन गरिएको छ । तथ्याङ्क संकलनमा प्रश्नावली, सामुहिक छलफल, अवलोकन, मुख्य सूचनादाता संगको भेटघाटवाट तथ्याङ्क संकलन गरिएको छ ।

**३.६.१ घरधुरी सर्वेक्षण** : मगरहरूको सामाजीक, सास्कृतिक, एवं आर्थिक स्थितिको वारेमा जानकारी लिने क्रममा ६३ घरपरिवारका मुलीहरूलाई अर्न्तवार्ता लिइएको छ । उनीहरूको घरको पारिवारिक स्थितिको वारेमा अवलोकन र अर्न्तवार्तावाट सर्वेक्षण गरिएको छ ।

**३.६.२ अर्न्तवार्ता सुचि** : यस विधिवाट संरचित प्रश्नावलीको प्रयोग गरि अध्ययनलाई आवश्यक पर्ने तथ्याङ्क संकलन गरिएको छ । यसका माध्यमवाट मगरहरूको पेशा,

परिवारको प्रकार, जमिनको अवस्था, विवाह, प्रमुख चाडपर्वहरू आदी वारेमा तथ्याङ्क संकलन गरिएको छ । साथ यस अध्ययनमा मगर जातीको सामाजिक सास्कृतिक तथा आर्थिक अवस्थाको वारेमा विशेष जानकारी भएका र जानकारी राख्ने गाउँ घरका वुढापाका विद्यालयका शिक्षकशिक्षीका, कर्मचारीहरू स्थानीय राजनैतिककर्मी गाउँका अगुवा, समाजसेवी तथा गा.वि.स.मा कार्यरत विभिन्न गैरसरकारी संस्था प्रतिनिधि र सामाजिक कार्यकर्तासंग समय लिएर मगर जातीको इतिहास, पेशा, व्यवसाय, वसाईसराइ अन्य जाती संगको संवन्ध, घरपरिवार तथा समाजमा महिलाको स्थिति भुमिका, स्वास्थ्य सेवा लगायतका सामाजिक क्रियाकलापहरूका वारेमा प्रश्नहरू गरि र व्यक्तिगत भेटघाटका माध्यमवाट तथ्याङ्क संकलन गरिएको छ ।

**३.६.३ अवलोकन विधि** : संरचित प्रश्नावलीका माध्यमवाट आउन नसक्ने तथ्यहरूलाई संकलन गर्नको लागि अध्ययन क्षेत्रमा सामान्य अवलोकन विधि अपनाईएको छ । यसका माध्यमवाट समुदायको खानपान, रहनसहन, घरको वनावट, घरवरपरको वातावरण, वसोवास, खेती प्रणाली, अथिति सत्कार, कुनै धार्मीक एवं सामाजिक कार्य सम्पन्न गर्ने परिपाटिको वारेमा तथ्याङ्क संकलन गरिएको छ ।

### ३.७ तथ्यांकको प्रस्तुति एवं विश्लेषण

तथ्यांक संकलनका क्रममा प्राथमिक तथा द्धितिय श्रोतवाट संकलन गरिएका तथ्यांकहरूलाई तथ्यांकको प्रकृति अनुसार वर्गिकरण गरिएको छ । विभिन्न श्रोतवाट संकलन गरिएका संख्यात्मक तथ्यांकहरूलाई क्रमवद्ध रूपमा तालिकामा राखि देखाईएको छ । गुणात्मक प्रकृतिका सूचनाहरूलाई आवश्यकता अनुसार व्याख्या विश्लेषण गरि तथ्य परक वनाईएको छ । प्राप्त तथ्यांकहरूलाई संख्या तथा प्रतिशतको आधारमा व्याख्या गरिएको छ ।

### ३.८ अध्ययनको सिमा

यस अध्ययनमा रोल्पा जिल्ला लिवाङ् गा.वि.स. वडा नं १ देखि ९ सम्म वसोवास गर्ने मगरहरूको सामाजिक, सास्कृतिक एवं आर्थिक अवस्थाको वारेमा अध्ययन गरिएको छ । यस अध्ययनको सीमालाई वुँदागत रूपमा तल प्रस्तुत गरिएको छ । जो यस प्रकार छन ।

- यो सानो क्षेत्रमा गरिएको अध्ययन भएको हुनाले यसबाट प्राप्त हुने निष्कर्ष अन्य स्थानमा बसोबास गर्ने सम्पूर्ण मगरहरूको प्रतिनिधित्व गर्न सक्दैन ।

- यो अध्ययन पुर्णरूमा स्थलगत अध्ययन, प्रश्नावली र सामुहिक छलफल जस्ता तथ्यहरूमा आधारित रहि गरिएको छ ।
- यस अध्ययन एउटा प्राज्ञिक भएकोले यसलाई समय, जनशक्ति, रकम, अन्य आवश्यक कागजात र ज्ञान जस्ता कुराहरूमा सिमित पाउन सकिन्छ ।

# परिच्छेद ४
# अध्ययन क्षेत्रको परिचय

## ४.१ रोल्पा जिल्ला

नेपाल अधिराज्यको मध्यपश्चिमाञ्चल विकास क्षेत्रमा पर्ने रोल्पा जिल्ला राप्ती अञ्चलको मध्यपहाडी भागमा अवस्थित छ । यो जिल्लालाई ४९ गा.वि.स. र ११ ईलाकामा विभाजन गरिएको छ ।  यस जिल्लाको पुर्वमा गुल्मी र अर्घाखाँची पश्चिममा दाङ र रोल्पा, उत्तरमा रोल्पा, वाग्लुङ र गुल्मी र दक्षिणमा दाङ र अर्घाखाँची जिल्लाहरू रहेका छन । यस जिल्लाको मानचित्र उत्तर-दक्षिण लम्वीदै गएको र पश्चिममा साँघुरो वन्दै गएको देखिन्छ । समुन्द्र सतहवाट ३०५ मिटर देखि ३६५९ मिटर उचाई सम्म रहेको यस जिल्लाको जम्मा क्षेत्रफल १३२८९० हेक्टर रहेको छ । यस जिल्लाको उच्चतम तापक्रम २४.१० सेन्टीग्रेड र न्युनतम तापक्रम १४.८० सेन्टीग्रेड रहेको छ । यस जिल्ला ८० डिग्री ३६ देखि ८३ डिग्री पुर्वी देशान्तर र २७ डिग्री ५२ देखि २८ डिग्री २१ उत्तरी अक्षांसको विचमा फैलिएको छ ।
यस जिल्लाको जम्मा जनसंख्या  २,१२,४८४ रहेकोमा जस्मा १,१४,०९४ महिला र ९८,३९० पूरूप रहेका छन ।  जिल्लाको जनसंख्यालाई हेर्दा प्रत्येक घरको परिवार संख्या औषतमा ५.२८ जना देखिन्छ । यस मानव विकास सुचांक क्रमांक ५३ रहेको छ ।।  यस तथ्याङ्क अनुसार मगरहरूको जनसंख्या यस जिल्लामा ६५,१३१ जना रहेको छ । जुन जम्मा जनसंख्याको ३०.६५ प्रतिशत हुन आउँछ । तथ्यांकलाई अध्ययन गर्दा ५,५५४ जना मगरहरूले मात्र मातृभाषा वोल्ने गर्दछन जुन कुल जनसंख्याको ८.५४ प्रतिशत मात्र हुन्छ । (श्रोत : केन्द्रीय तथ्यांक विभाग) ।

यसैगरि मानव विकास सुचकांक ०.४१६, औषत आयू ६१.६९, साक्षरता दर ४६.५८, विद्यालय जाने दर ०.३००, आयको सुचांक ०.३३७, मानविय गरीवी सुचांक ४७.९ र प्रतिव्यक्ति आय १३८ अमेरीकी डलर रहेको छ  (श्रोत : युएनडिपि मानव विकास प्रतिवेदन २००५)

यस जिल्लामा विभिन्न जाती जनजातीहरू वसोवास गरेको पाईन्छ । जसमा मगर, व्राहमण, क्षेत्री, गूरूङ, ठकुरी, नेवार, कामी, दमाई, सार्की, वादी गायन मुस्लीम, कुमाल, धामी, राउत, आदीको वसोवास रहेको छ । यसरी विभिन्न जाती समुदायहरूको वसोवास भएको कारणले गर्दा पनि यहाँ धार्मिक तथा सांस्कृतिक विविधता देख्न पाईन्छ । मुख्य

रूपमा जिल्लामा वसोवास गर्ने जाती तथा जनजातीहरूले हिन्दु, वौद्ध, क्रिश्चियन, ईस्लाम धर्म मान्दछन । यस जिल्लामा वसोवास अन्य जाती जनजातीहरू वसोवास गर्ने भएपनि यस जिल्लाका मगरहरूको रहनसहन, जीवनशैली, जीविकोपार्जन र आर्थिक अवस्था अन्य जातजातीको भन्दा भिन्न रहेको भएता पनि पारस्परिक सहयोग, सामाजिक सद्भावना समाजमा रहेको पाईन्छ । मगरहरूको शिक्षा, स्वास्थ्य, रोजगारीमा कम पुहँच भएको दैनिक जीवनयापनका लागि ज्यालामजदुरी गर्ने गरेको पाईन्छ । मगर यूवाहरू रोजगारीको लागि मूख्य गरेर भारतमा जाने गरेको पाईन्छ । यस जिल्लामा वसोवास गर्ने मगरहरूले धेरै चाडपर्वहरू मनाउने संस्कार र यी पर्वहरूमा मदिरा सेवन गर्ने गरेकोले आर्थिक अवस्थामा समेत परम्परागत संस्कारले गर्दा नकारात्मक प्रभाव पारेको पाईन्छ ।

## ४.२ लिवाङ् गा.वि.स.

यसैगरि अध्ययनका लागि छनौट गरिएको लिवाङ् गा.वि.स. रोल्पा जिल्लाको उत्तर पुर्वमा अवस्थित गा.वि.स. हो । यस गा.वि.स.को पुर्वमा धर्मावती, पश्चिममा जुम्रीकाढा, दक्षिणमा विजुवार र उत्तरमा फोप्ली गा.वि.स.हरू रहेका छन । यस लिवाङ् गा.वि.स.मा समशितोष्ण हावापानी पाइन्छ । लिवाङ् गा.वि.स. रोल्पा जिल्लाको सदरमुकाम देखि २ कोष टाढाको दुरीमा रहेको छ । यो गा.वि.स. ८२ डिग्री देखि ८२ डिग्री ६ उत्तरी देशान्तर र २८ देखि २८ डिग्री २१ पुर्वी अक्षांस सम्म फैलिएको छ । यस लिवाङ् गा.वि.स.मा समशितोष्ण हावा पाईन्छ भने औषत तापक्रम १४.८ डिग्री सेन्टीग्रेड देखि २४.१ डिग्री सेन्टीग्रेड सम्म रहेको छ । यो समुन्द्री सतह देखि करिव ९०० मिटर देखि १२०० मिटर उचाई सम्म रहेको छ । यस गा.वि.स.को वडा नं ४ प्रशासकिय स्थानको रूपमा रहेको छ । कुनै पनि समाज र सस्कृतिको विकासमा त्यहाँको भौगोलिक अवस्था, हावापानी, उपलव्ध स्रोतसाधान आदिले प्रत्यक्ष अप्रत्यक्ष रूपमा प्रभाव पारेको हुन्छ । त्यसैगरि त्यहाँ वसोवास गर्ने विभिन्न जातजाती सम्प्रदायहरूको आपसि सम्पर्क र एक अर्का विचमा गरिने सामाजिक व्यवहारहरूले समेत त्यस समाजको सास्कृतिक विकास सस्कारको परिवर्तनमा प्रभाव पारेको हुन्छ ।

यस गा.वि.स.मा जम्मा ६१७ घरपरिवारमा ३,६१३ जनसंख्या रहेको छ । जस्मा महिला १,८३९ र पुरूषको १,७७४ जनसंख्या रहेको छ । यस गा.वि.स.को वडा नं १ देखि वडा नं ९ सम्म ३१९ घरमा मगरहरूको वसोवास रहेको छ । घरवाट २० प्रतिशतले हुनआउने ६३ घरलाई नमुनाको रूपमा छनौट गरि अध्ययन गरिएको छ ।

सामाजिक दृष्टिकोणले हेर्दा यस गा.वि.स.मा शिक्षा, स्वास्थ्य, रोजगारका अवस्था कमजोर रहेको छ । शिक्षा तर्फ एक प्रस्तावित मावि र अन्य प्राविहरू रहेका छन । यसरी शिक्षाको स्तरलाई हेर्दा पनि प्राथमिक तहमा अध्ययन गर्ने विद्यार्थिको अनुपातलाई हेर्दा सन्तोष राख्ने अवस्था रहे पनि निमावि र माविको स्तरलाई हेर्दा शिक्षा प्रति लगाव देखिदैंन । त्यस्तै स्वास्थ्य संस्थावाट प्रदान गरिने सेवा तथा सुविधाहरू लिनको लागि आवश्यक जानकारी भएको पाईदैन भने धामी झाक्रीमा विश्वास राख्ने, कम उमेरमा विवाह गर्ने प्रचलन र परिवार नियोजनका साधनहरूको कम प्रयोगले जनसंख्या वृद्धिदर उच्च रहेको छ । यस गा.वि.स.का मानिसहरूको प्रमुख आर्थिक श्रोत भनेको खेतीपाती र पशुपालन हो । यहाँका मानिसहरू परम्परागत खेतिप्रणाली, पशुपालन गरिरहेको अवस्था पाइन्छ । आधुनिक खेती र पशुपालनको क्षेत्रमा भर्खर भर्खर पाईला चाल्न थालेको पाईन्छ । यहाँका धेरै जसो मानिसहरू भारतमा रोजगारीको लागि जाने र केहि व्यक्ति अन्य देशहरूमा रोजगारीको लागि जानु पर्ने वाध्यता रहेको छ । यस जातीमा आय आर्जनको अनुपातमा खर्चको वितरण गर्नुपर्नेमा आफुखुशि खर्च गरेको पाईन्छ । जस्ले गर्दा उनीहरूको आर्थिक अवस्थामा नकारात्मक प्रभाव पारिरहेको छ विभिन्न किसिमका सरकारी तथा गैरसरकारी संस्थाहरूवाट उनीहरूको आयआर्जन र क्षमता विकासका कार्यक्रमहरू संचालन गरेको भएता पनि आशातित रूपमा सफलता प्राप्त गर्न सकेको पाइदैन ।

### ४.३ जनसंख्या विवरण

यस लिवाङ् गा.वि.स.मा ९ वटा वडाहरू रहेका छन । यी वडाहरूमा वसोवास गर्ने मानिसहरूको जनसंख्या यस प्रकार रहेको छ । वडा अुनसार लिङ्गगत जनसंख्या

**तालिका नं २**

**जनसंख्या विवरण**

| वडा नं. | घरधुरी संख्या | पूरुष | महिला | जम्मा जनसंख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ८५ | २९० | २८२ | ५७२ | १५.८४ |
| २ | ४४ | ११७ | १२१ | २३८ | ६.५९ |
| ३ | ४१ | ११५ | ११९ | २३४ | ६.४७ |
| ४ | ९७ | २७२ | २६१ | ५३३ | १४.७६ |
| ५ | ५७ | १७२ | १८७ | ३५९ | ९.९४ |
| ६ | ८२ | २३७ | २५१ | ४८८ | १३.५१ |
| ७ | ६३ | १६४ | १९९ | ३६३ | १०.४९ |
| ८ | ८९ | २५२ | २४३ | ४७५ | १३.२४ |
| ९ | ५९ | १५५ | १७६ | ३३१ | ९.१६ |
| | ६१७ | १७७४ | १८३९ | ३६१३ | १०० |

*स्रोत : जि.वि.स. कार्यालय रोल्पा २०७२*

माथिको तालिका अनुसार यस लिवाङ् गा.वि.स.मा जम्मा ६१७ घरपरिवारमा जम्मा ३६१३ जनसंख्या रहेको छ । माथिको तथ्याङ्क अनुसार प्रतिघरपरिवार वाट ५.८५ जनसंख्या देखिन्छ। यसरी वडा नं १ मा सवै भन्दा वढि जन संख्या र सवै भन्दा कम जनसंख्या वडा नं ३ मा रहेको छ।

**तालिका नं ३**

**जातीयता अनुसार घरसंख्या**

| वडा नं. | मगर | दलित | कुमाल | गुरूङ | ब्राहमण/क्षेत्री |
|---|---|---|---|---|---|
| १ | ८ | १५ | ३ | ५५ | ४ |
| २ | ७ | ० | ० | ० | ३७ |
| ३ | ४१ | ० | ० | ० | ० |
| ४ | ५६ | ४० | ० | ० | २ |
| ५ | ११ | ० | ० | ० | ४४ |
| ६ | ६८ | ० | ० | ० | १४ |
| ७ | २९ | ४ | ० | ० | ३० |
| ८ | ५७ | १ | ० | ० | ३१ |
| ९ | ४२ | १६ | ० | ० | २ |
| | ३१९ | ९७ | ३ | ५५ | १६४ |

*स्रोत : जि.वि.स. कार्यालय रोल्पा, २०७२*

माथिको तालिका अनुसार यस लिवाङ् गा.वि.स.मा जम्मा ३१९ घरपरिवारमा जम्मा १९८३ जनसंख्या रहेको छ । माथिको तथ्याङ्क अनुसार प्रतिघरपरिवार वाट ६.२१ जनसंख्या देखिन्छ । यसरी वडा नं ६ मा सवै भन्दा वढि मगरहरूको जनसंख्या र सवै भन्दा कम जनसंख्या वडा नं २ मा रहेको छ ।

**४.४ शिक्षा**

साक्षरता ४६.५८ प्रतिशत रहेको यस जिल्लाको लिवाङ् गा.वि.स.मा निम्न अनुसारका विद्यालयहरू रहेका छन ।

**तालिका नं. ४**

| वडा नं. | विद्यालयको किसिम | जम्मा विद्यार्थि | | संचालन हुने कक्षा |
|---|---|---|---|---|
| | | छात्रा | छात्र | |
| १ | जगदम्वा प्रावि | ९३ | १११ | १ - ५ सम्म |
| ३ | वाल शिक्षा प्रावि | २९ | २५ | १ - २ सम्म |
| ५ | वाल शिक्षा प्रावि | १३ | ११ | १ - ३ सम्म |
| ६ | नैना प्रावि | ९४ | १०७ | १ - ५ सम्म |
| ७ | प्रस्तावित मा.वि. ( लिवाङ) | २१० | २२३ | १ - १० सम्म |
| ८ | शिद्धभुमी प्रावि | ९२ | ९४ | शिशु - ५ सम्म |

*स्रोत : जि.शि.का. रोल्पा, २०७२*

माथिको तालिका अनुसार यस लिवाङ् गा.वि.स.मा प्राथमिक तहमा स्कुल जानेको संख्या राम्रो देखिए पनि नि.मा.वि. र मा.वि. तहमा स्कुल जानेको संख्या कम देखिन्छ । यस गा.वि.स.मा खास गरि नाम लेखाउने समयमा स्कुल पढ्नेको संख्या राम्रो देखिए पनि घरायसी कामको कारणले गर्दा विद्यार्थिहरू विद्यालयमा अनुपसिथिको दर वढि देखिन्छ । १२, १३ वर्षमै पैसा कमाउने प्रलोभनमा परि ज्यालादारी र विदेशिने कार्य गर्दा पनि निमावि र मावि तहमा स्कुल जानेको दर कम देखिन्छ ।

### ४.५ स्वास्थ्य

:यस गा.वि.स.को वडा नं ४ मा सवै वडाहरूको पायक पर्ने स्थानमा उपस्वास्थ्य चौकी २०५५ सालमा स्थापना गरिएको छ । यस उपस्वास्थ्य चौकि अन्तरगतयस गा.वि.स.मा निम्न अनुसारको गाउँघर क्लीनिक र खोप क्लीनिक सेवा संचालनमा रहेका छन ।

तालिका नं ५

| वडा नं | गाउघर क्लीनिक/खोप क्लीनिक | समय |
|---|---|---|
| १ | गाउघर क्लीनिक | प्रत्येक महिनाको १५ गते |
| ६ | गाउघर क्लीनिक | प्रत्येक महिनाको १६ गते |
| ८ | गाउघर क्लीनिक | प्रत्येक महिनाको १७ गते |
| ९ | गाउघर क्लीनिक | प्रत्येक महिनाको १८ गते |
| १ | खोप क्लीनिक | प्रत्येक महिनाको २ गते |
| ३ | खोप क्लीनिक | प्रत्येक महिनाको ३ गते |
| ४ | खोप क्लीनिक | प्रत्येक महिनाको ४ गते |
| ६ | खोप क्लीनिक | प्रत्येक महिनाको ५ गते |
| ८ | खोप क्लीनिक | प्रत्येक महिनाको ६गते |

स्रोत : जिल्ला स्वास्थ्य कार्यालय, रोल्पा

माथि उल्लेखित सेवा वाहेक यस स्वास्थ्य संस्थावाट दैनिक सेवा प्रदान गरिएको पाईयो । सेवा शिर्षक अनुसार प्रर्याप्त कर्मचारी तथा अहेव, नर्स भएपनि दैनिक कार्यालय नआउने समस्याले गर्दा यहाँवाट प्रदान गरिने सामान्य स्वास्थ्य सेवा प्रभावित भएकोले सेवाग्राहीले समयमा सेवा प्रांप्त गर्न नसकेको देखिन्छ भने स्वास्थ्य सेवा प्रतिको उनीहरूको अविश्वासका कारणले गर्दा सेवा लिनेहरूको संख्या कम रहेको छ ।

## ४.६ स्थानीय निकाय

यस गा.वि.स.मा प्रशासनिक इकाइको रूपमा गाउँ विकास समितिको कार्यालय रहेको छ । शशस्त्र द्धन्द्धको क्रममा २०५६ सालमा गाउँविकास समितिको कार्यालय संरचन नासिएको थियो जुन हाल सम्म कार्यालयको रुपमा स्थापित हुन सकेको छैन । जसका कारण यहाँका वासिन्दा गा.वि.स.को सामान्य कामलाई गा.वि.स. सचिवको घर आउन वाध्य भएको छन ।

## ४.७ खानेपानी तथा सरसफाई

पानी मानव लगायत समस्त प्राणीहरूको लागि अत्यावश्यक प्रमुख तत्व हो । स्वच्छ पिउने पानी स्वच्छ किटाणुरहित हुन सके ९० प्रतिशत रोगवाट वच्न सकिन्छ । यस गा.वि.स.मा पानीका स्रोतहरूको कमी छ । अन्य ठाउँवाट पानी ल्याउन सकिदैन । यसक्षेत्रमा

जुम्रीकाडामा रहेको पानीको मुहानवाट पाईपवाट पानी ल्याई धारा जडान गरिएको छ । धारा १५ देखि २० घरको विचमा राखिएकोले प्रयाप्त पिउने पानी हुदैन भने मर्मत संभारको अभावले गर्दा दैनिक पानी आउँदैन । धारामा पानी नआउँदा कुवा तथा पोखरीको पानी प्रयोग गर्नु पर्ने वाध्यता देखिन्छ । यसरी सफा र स्वच्छ पिउने पानीको अभाव तथा फोहोर पानीको प्रयोगले यहाँ वेलावेलामा झाडापखाला, आउँ टाईफाईड लगायत छाला सम्वन्धी रोगहरू देखिने यहाँका वासीन्दाहरूको भनाई रहेको छ । त्यस्तै तथ्याङ्क संकलनका क्रममा पुगेका घरसंगै चौपायाहरू वाध्ने वस्तुहरूको दिशा पिसावमा वसेका झिंगाहरू खानेकुराका सजिलै वस्ने हुनाले रोगहरू फैलने गर्दछन । घर वरपरको सरसफाइ, व्यक्तिगत सरसफाई प्रयाप्त ध्यान दिएको देखिदैन । कम स्वस्थकर वातावरण र रहनसहनमा यहाँको समाज हुर्केको छ । यस गा.वि.स.मा शौचालय प्रयोग गर्नेहरूको विवरण ।

**तालिका नं ६**

**शौचालय प्रयोग गर्ने घर धुरीको विवरण**

| वडा नं | घरधुरी | जम्मा | | प्रतिशत |
|---|---|---|---|---|
| | | कच्ची | पक्की | |
| १ | ८५ | ३ | ३० | ३९ |
| २ | ४४ | ८ | २५ | ७५ |
| ३ | ४१ | ५ | २३ | ६६ |
| ४ | ९७ | १३ | ४५ | ६० |
| ५ | ५७ | ६ | १४ | ३५ |
| ६ | ८२ | ११ | १३ | २९ |
| ७ | ६३ | ९ | १५ | ३८ |
| ८ | ८९ | ११ | २२ | ३७ |
| ९ | ५९ | ९ | १५ | ४० |
| जम्मा | ६१७ | ७५ | २०२ | ४५ |

*श्रोत: एलजिसिडिपि प्रोजेक्ट रोल्पा २०७२*

माथीको तालिका अनुसार २०२ घरमा शौचालय वनेको तथ्यांक भए पनि शौचालय प्रयोग गर्ने तरिका, शौचालयको सरसफाई, शौचालय प्रयोग पछिको अपनाइने सावधानीका वारेमा प्रयाप्त ध्यान दिएको पाईदैन ।

### ४.८ सडक र विद्युतिकरण

यस गा.वि.स.मा मोटरवाटो व्यवस्थित रूपमा संचालन हुन सकेको छैन । स्थानीय वासिन्दाहरूको सकृयतामा र स्थानीय निकायको रकमवाट यस गा.वि.स.को केन्द्र विन्दु सम्म मोटरवाटो निर्माण गरिएको छ । यस वाटोलाई निरन्तर व्यवस्थापन गर्न यहाँका समुदायको एकमत देखिन्छ ।

विद्युतिकरणको अभावमा यहाँका वासिन्दा महङ्गो मुल्यमा मट्टितेल र केहि निम्न आय भएका परिवार दियालो (सल्लाको खोटो) वाल्न वाध्य देखिन्छन । रोल्पा जिल्लावाट उत्पादित झिमरूक विद्यत आयोजना सम्पन्न भएको एक दशक सम्म सदरमुकामवाट ३ कोष टाढा रहेको यस गा.वि.स.मा हालसालै विद्युतिकरण अर्न्तगत पोल राख्ने र तार तान्ने कार्य गरिदै छ । जसवाट निकट भविष्यमा यहाँका वासिन्दाहरू लाभान्वित हुने देखिन्छ ।

### ४.९ व्यापार

यस गा.वि.स.मा व्यापारका लागि ठुलो र व्यवस्थित व्यापारिक केन्द्र छैन । सामान्य खुद्रा पसल, मात्र पाईन्छ । यस क्षेत्रमा उत्पादन हुने तिते, रिठो, टिमुर, भट्ट, घीउ, सीमि लगायतका महत्त्वपूर्ण नगदे वालीहरू सस्तो मुल्यमा विजुवार तथा वाग्दुला वजार केन्द्रहरूका वेच्न वाध्य भएका छन । यस गा.वि.स.को व्यापारिक केन्द्र धर्मावती गा.वि.स.को वाग्दुला र विजुवार गा.वि.स.को विजुवार वजार रहेको पाईन्छ ।

### ४.१० वातावरण र रहन सहन

वातावरण र रहन सहन गाउँको विकासमा प्रभाव पार्ने तत्वहरू हुन । जव सम्म गाउँमा स्वस्थ वातावरणको विकास हुदैन तव विकासका विभिन्न पक्षहरूमा निश्चितता आउँदैन । यस अध्ययन क्षेत्रमा वसोवास गर्ने मगर तथा अन्य समुदायका घरहरू मध्ये करिव ९० प्रतिशत घरमा शौचालय भएको पाईदैन । वुढापाका देखी केटाकेटी सम्म प्राय वाटो किनारमा, सार्वजनिक चौरहरूमा र खोल्साहरूमा दिशा गर्ने गर्दछन । जस्ले गर्दा वर्षाद समयमा दिशा जतासतै वग्ने गर्दछ । पानीको मुहान कुवा आदीमा मिसीने गर्दछ जस्को कारण वर्षायाममा विभिन्न रोगको प्रकोप देखा पर्दछ । घरमा पालिने गाई, भैंसी, कुखुरा, वाखा आदी वस्तुहरू

खासै व्यवस्थित रूपले पालन गरेको पाइदैन । घर संगै वा नजिकै गाईवस्तुको गोठ हुने हुँदा गोवर पिशावमा वसेका झिँगाहरू घरभित्रका खानेकुरामा सजिलै वस्ने हुनाले विभिन्न रोगहरू फैलिने गर्दछन । अनियन्त्रीत तरिकाले कुकुर र कुखुरा पालिने हुँदा खानेकुरा फोहोर गरिदिने हुनाले समेत स्वास्थ्यमा समेत प्रभाव पारेको देखिन्छ । घरको सरसफाई तथा शारिरिक सरसफाइमा प्रयाप्त ध्यान दिईदैन खाना पकाएका भाँडाहरू राम्रो संग सरसफाई गरिदैन, दिशापिसाव गरे पछिको सरसफाई पनि कम मात्राले गरेको पाईन्छ । समग्रमा भन्नु पर्दा अधिकांस वासिन्दाहरू न्युन स्वस्थ वातावरण र रहनसहनमा हुर्केको पाईन्छ ।

# परिच्छेद ५
# सामाजिक अवस्था

यस अध्ययन क्षेत्र लिवाङ् गा.वि.स.वडा नं. १ देखि ९ सम्मका सब वडाहरूमा मगरहरूको वसोवास रहेको छ । यी मगर जातिको आफ्ना परम्परा, रितिरीवाज र सामाजीक सस्थाहरू रहेका छन् । यस क्षेत्रमा आधुनिकताको प्रभाव पछिल्ला समयमा पर्न गएको पाइन्छ । यस परिच्छेदमा मगरहरूको सामाजिक अवस्था अर्न्तगत पारिवारीक अवस्था, पारिवारीक वनोट, शैक्षिक, स्वास्थ्य अवस्थाका वारेमा व्याख्या गरिएको छ ।

## ५.१ पारिवारीक अवस्था

साधारणतया परिवार भन्नाले एकै परिवारमा वसोवास गर्ने लोग्ने स्वास्नी र तिनका छोरा छोरी भएको एउटा स्थायी सामाजिक संस्था हो । जुन प्रत्येक मानव समाजमा भेट्न सकिन्छ । परिवार भित्र रहने सदस्यहरूको अन्योन्याश्रित सम्वन्धले गर्दा परिवार एंव सिंगो समाजलाइ प्रभाव पारिरहेको हुन्छ । त्यस कारण मानव समाजका लागि परिवार अपरिहार्य समाजीक संस्था हो । परिवारको उत्पति निकै प्राचिन समय देखि नै भएको हो । जुन वेला विवाहबाट समाजमा परिवार र नातासम्वन्धको विकास भएको थियो । परिवार समाजिक जगमा उभिएको हुन्छ । त्यसैले परिवार भनेको सामाजिक आवस्यकता परीपुर्ति गर्ने उद्देश्यले समाजमा विकास प्रकृयालाइ निरन्तर दिन र एक पिढिबाट अर्को पिढिमा समाजिक व्यावहार, संस्कार, प्रचलन, सामाजिक मुल्य मान्यता र सामाजिकीकरणको प्रकृयालाइ हस्तान्तरण गर्ने उद्देश्यले स्थापन भएको दुइ या दुइ भन्दा वढि समस्याहरूको अन्तर सम्वन्धित तथा अन्योन्याश्रीत सम्बन्ध हो ।

वच्चाको लालनपालन, पोषण, शिक्षा सबै परिवारबाट हुन्छ । परिवारलाइ एउटा प्राराम्भीक पाठशालाको रूपमा लिइन्छ । जहाँबाट व्यक्तिहरू समाजिकीकरण तर्फ उन्मुख हन्छन । र समाज निर्माण गर्दछन् । यस अध्ययनमा लिवाङ् गा.वि.स.को वडा नं १ देखि ९ सम्म नमुनाको रूपमा छनौट गरिएका ६३ घरपरिवारको पारिवारिक अवस्था निम्नानुसार रहेको छ ।

### ५.१.१ परिवारको किसिम अनुसार घरधुरी विवरण

१) एकात्मक परिवार

२) संयूक्त परिवार

तालिका नं ७

| क्र.सं. | परिवारको किसीम | परिवारको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | एकात्मक परिवार | ४७ | ७५ |
| २ | संयुक्त परिवार | १६ | २५ |
| | जम्मा | ६३ | १०० |

श्रोतः स्थलगत अध्ययन २०७२

माथिको तालिका अनुसार मगरहरूको पारिवारिक वनोटलाइ हेर्दा एकात्मक परिवारको संख्या संयूक्त परिवारको भन्दा वढि देखिन्छ । विशेष गरि यहाँका मगरहरूमा कम उमेरमा विवाह गर्ने, यहाको मगर परिवारमा परिवारको सवैभन्दा जेठो सदस्यले परिवारको नेतृत व गर्ने परम्परा र खुल्ला पारिवारीक वातावरणमा वस्न चाहने कारणले गर्दा एकात्मक परिवारको संख्या वढि देखिन्छ ।

### ५.१.२ उमेर अनुसार जनसंख्याको वनावट

अध्ययनको रूपमा छनौट गरिएका ६३ घरपरिवारमा उमेर अनुसारको जनसंख्या निम्न तालिका अनुसार रहेको छ ।

तालिका नं ८

| उमेर समूह | जनसंख्या | प्रतिशत |
|---|---|---|
| ०-५ | ८५ | २१ |
| ६-१४ | १०५ | २६ |
| १५-५९ | १९२ | ४८ |
| ६० भन्दा माथि | १९ | ५ |
| जम्मा | ४०१ | १०० |

श्रोतः स्थलगत अध्ययन २०७२

माथिको तालिका अनुसार मगरहरूको जनसंख्यालाई हेर्दा उत्पादनशिल जनशक्ति धेरै देखिए पनि धेरै छोरा मान्छे घरवाहिरको काम खेतिपाति तथा ज्याला मजदुरी मा वढी संलग्न हुन्छन् भने छोरी मान्छेहरू घर भित्रको काममा संलग्न हुने गरेको पाइन्छ । आमावावुहरू प्राय अलग भएर वस्दा कुनै न कुनै छोरा संग बसेको पाइन्छ । यहाँका मगर परिवारले आफु भन्दा जेठो, नाता कुटुम्वलाइ राम्रो संग आदर र सम्मान गर्ने परम्परा पाइन्छ । यसरी हेर्दा प्रतिघरपरिवार ६/७ जनाको दरमा जनसंख्या देखिन्छ । जुन राष्ट्रिय जनसंख्या वृद्धिदर भन्दा वढि रहेको छ ।

### ५.१.३ परिवार संख्याको अनुसार घरधुरीको विवरण

अध्ययनको रूपमा छनौट गरिएका ६३ घरपरिवारमा परिवार संख्याको आधारमा घरधुरीको विवरण निम्न तालिका अनुसार रहेको छ ।

तालिका नं ९

| सि.नं. | परिवार संख्या | घर संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १-४ जना | १० | १६ |
| २ | ४-७ जना | ३९ | ६२ |
| ३ | ७ भन्दा माथि | १४ | २२ |
| जम्मा | | ६३ | १०० |

श्रोत स्थलगत सर्वेक्षण २०७२

माथिको तालीकालाइ हेर्दा मगरहरूको पारिवारीक सदस्यको आधारमा ४ जना सम्म सदस्य भएको १० घर ४ देखि ७ जना सम्म भएको ३९ घर र ७ जना भन्दा वढि सदस्य भएको १४ घर रहेको पाइयो । यसरी हेर्दा एकात्मक परिवारको संख्या र परिवारका सदस्यहरूको संख्या वढि हुनुमा यहाँको प्रजनन् दर उच्चरहेको देखिन्छ ।

संयूक्त परिवार भएका घर संख्या कम भए पनि परिवारमा सदस्य संख्या वढी बच्चा जन्माउने, परिवार नियोजनका साधन कम प्रयोग गर्ने कारणले सदस्य संख्या बढि पाइयो ।

## ५.२ लैङ्गिक अवस्था

नेपालको अन्तरीय संविधान २०६३ ले सबै नागरिकलाइ कानुनको दृष्टिकोणमा समान हुन सवैलाइ समान अधिकार प्रदान गरेको छ । समान कामका लागि महिला पुरूषको विचमा पारिवारीक भेदभाव नगरी सामाजिक हिंसा, लैङ्गिक हिंसा, तथा विभेदलाइ निषेध गरेको छ । संसदमा ३३% महिलाको सहभागीताको अनिवार्य व्यावस्था गरीएको छ । कानुन ले महिला आरक्षण व्यवस्था गरे बमोजिम व्यवहारमा पुरूषको तुलनामा जुनसुकै क्षेत्रमा पनि महिला पछाडि पारेको अवस्थामा कुनै जात जाति समुदायमा महिलाको स्थान प्रमुख रहको छ देखिन्छ, त्यस्तो जाति समुदायमा समाज अशिक्षीत आर्थिक असमानता भएपनि नारीको महत्त्व तथा स्थानले प्रमुखता पाएको हुन्छ ।

मगर समुदायमा अरू समुदायका महिलाले गर्नु पर्ने कुराहरूमा समेत छुट रहेको पाईन्छ । जस्तै परिवारका सदस्यहरू सासु-ससुरा र जेठाजुहरूको अगाडी पर्दा शिर निहुराउनु नपर्ने धोतीले टाउकोमा छोप्नुनपर्ने श्रीमानलाई खाना खान कुरि राख्नुपर्ने जस्ता कुराहरू महिलाको ईच्छामा भरपर्ने र त्यस्तो किसिमको वाध्यता छैन । लैङ्गिक समानताको सन्दर्भमा महिला (छोरी) प्रति हुने दृष्टीकोण के छ भनि सोधीएको प्रश्नमा अधिकारहरू सकारात्मक रहेको पाइयो । उसको इच्छाअनुसार जुनसुकै काम गर्न छुट रहेको भनि जवाफ दिए । छोरीलाइ अशंको सम्वन्धमा प्रश्न गर्दा छोरीलाइ अंश होइन शिक्षा र समान अवसर प्रदान गरे पुग्ने र विवाहिता छोरीलाइ अंश दिदा भाइहरू संग शत्रुता वढि सामाजिक संरचना विग्रीने गर्छ भन्ने मान्यता रहेको पाइयो । यस अध्ययन क्षेत्रमा बसोवास गर्ने लैंगीक निम्न अनुसार रहेको छ ।

**तालिका नं. १०**

**उमेर र लिङ्ग अनुसार जनसंख्याको वनावट**

| क्र.सं. | उमेर | महिला | पुरूष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ०-५ | ४३ | ४२ | ८५ | २१ |
| २ | ६-१४ | ५१ | ५४ | १०५ | २६ |
| ३ | १५-५९ | १०१ | ९१ | १९२ | ४८ |
| ४ | ६० भन्दा माथि | ११ | ८ | १९ | ५ |
| जम्मा | | २०६ | १९५ | ४०१ | १०० |

स्रोत स्थलगत अध्ययन २०७२

माथीको तालीका अनुसार अध्ययन गरिएका परिवारवाट महिला जनसंख्या २०६ र पुरूष जनसंख्या १९५ रहेको छ । पूरुषको जनसंख्याको तुलानामा महिला जनसंख्या वढि रहेको छ ।

मगर समुदायमा अन्य जातिको तुलानामा बढि स्वतन्त्रता रहेको छ । कुनै घरयासी कार्य गर्दा परिवार भित्र सरसल्लाह गर्ने श्रम विभाजन अनुसार महिलाहरू घर भित्रको काम गर्ने जसरी श्रीमान विदेश, ज्याला मजदुरीमा गरेका छन् ति महिलाहरूले घरको सम्पूर्ण कार्य सम्हाल्नु पर्ने हुँदा महिलाहरू घरको मुलीलाइ सार्वजनिक कार्यमा समेत सक्रिय सहभागीता भएका हुन्छन् ।

**५.३ स्वास्थ्य उपचार**

नेपाल गाउँ नै गाउँले भरिएको मुलुक हो । नेपालको सबै क्षेत्रमा स्वास्थ्य सुविधा प्रर्याप्त मात्रामा भएको पाईदैन । अधिकांस सेवा शहर केन्द्रित रहेको छ । गाउँहरूमा प्राय सफा पिउने पानीको अभाव, शारीरीक सरसफाइको कमि, घरवरिपरीको वातावरण प्रदुषण, खाद्यान्न अभाव, जाँड रक्सि, चुरोट खैनि आदिको सेवन जस्ता कारणले गर्दा गाउलेहरूको स्वास्थ्य प्रतिकुल असर परेको छ । यी समस्याहरूबाट मगर समुदाय टाढा रहन सकेका छैन । यहाँका मगर समुदायका व्यक्तिहरू अस्पताल, अन्य स्वास्थ्य संस्था र धामिभाक्रि दुवै माध्यमवाट उपचार गर्ने गरेको पाइन्छ । केहि साक्षर व्यक्तिहरू सफा पिउने पानी घरवरपरको सरसफाइ व्यक्तिगत सरसफाइमा विशेष ध्यान दिएको पाइन्छ । उपचारका क्रममा यूवा पिढिले वढि स्वस्थ्य संस्थाबाट सेवा लिने गरेपनि विरामी पर्दा सुरूमा झारफुक र धामीझाक्रीलाइ नै प्राथमिकता दिएको पाइन्छ । यहाका अधिकांस मगर हरू भाग्यमा विश्वास गर्ने विरामी पर्दा देवी देवतालाइ भाकल गरी पुजा गर्ने गरीन्छ र अन्तिम अवस्थामा अस्पताल लग्ने गर्दछन् । अध्ययन क्षेत्रमा परिवारमा चर्पिको व्यवस्था एकदमै कम प्रयोग गरेका छन । उनीहरू चर्पिको रूपमा जंगल, वारी तथा खोल्सा प्रयोग गर्ने गरेका छन् । मगर परिवारमा अपनाउने उपचार पद्धतिलाइ तलका तालिकामा देखाइएको छ ।

**तालिका नं ११**

**मगर परिवारको उपचार पद्धति**

| क.सं. | सेवा लिने निकाय | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | अस्पताल/स्वास्थ्य संस्था | ३१ | ४९ |
| २ | धामि झक्रि | १६ | २६ |
| ३ | दुवै | १६ | २५ |
| जम्मा | | ६३ | १०० |

स्रोत : स्थलगत अध्ययन २०७२

माथिको तालीकामा हेर्दा अस्पताल जाने ३१ घर परिवार ४९ प्रतिशत धामि झक्रिमा विश्वास गर्ने २६ प्रतिशत दुवै बाट सेवा लिने २५ प्रतिशत रहेको छ । उत्तर दिने क्रममा अस्पताल भन्ने शव्द धेरै परिवारले भने पनि नेपाल सरकारका स्वास्थ्यका विभिन्न निकायवाट पाइने सेवाका वारेमा उत्तरदाता अनविज्ञ रहेकाछन ।

## ५.४ परिवार नियोजन

जनसंख्या वृद्धि नेपालको ज्वलन्त वर्तमान समस्या हो । सिमित स्रोत र साधनको तुलनामा मानिस अत्यधिक मात्रामा वढ्दो क्रममा छ । यो क्रमलाइ नियन्त्रण गर्नु पर्ने प्रमुख चुनौति रहेको छ ।

जनसंख्या वृद्धिलाइ नियन्त्रण गर्नका लागी नेपाल सरकारले नेपाल परिवार नियोजन कार्यक्रमलाइ छुट्टै कार्यक्रमका रूपमा अगाडि सारेको छ भने विभिन्न गैरसरकारी क्षेत्रवाट समेत परिवार नियोजनका कार्यक्रम समेत संचालन गर्ने गरेका छन् । तर यस्ता कार्यक्रमले यहाँका मगरहरूलाइ कम मात्रै प्रभाव पारेको छ । मगरहरूमा जनसंख्या बृद्धिदर बढि छ । परिवार नियोजनको वारेमा उत्तरदातालाई सामान्य जानकारी भएपनि परिवार नियाजन कार्यक्रम र विधि अन्तरगत के-के साधन र सेवाहरू उपलब्ध छन कसरी प्रयोग गर्ने वारे प्रयाप्त जानकारी नभएको वताए भने कतिपयले जानकारी भए पनि झन्झटले गर्दा प्रयोग नगरेको बताए । स्थानिय स्वास्थ्य संस्थामा परिवार नियोजन वारे सोध्दा महिलाहरूले लुकेर परिवार नियोजनका साधन प्रयोग गर्ने गरेको वुझियो । तलको तालीकामा परिवार नियोजनवारे जानकारी भए नभएको विवरण प्रस्तुत गरीएको छ ।

**तालिका नं १२**

**परिवार नियोजनबारे जानकारी**

| क.सं. | उत्तरदाता | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | जानकारी भएको | ४८ | ७६ |
| २ | जानकारी नभएको | १५ | २४ |
| जम्मा | | ६३ | १०० |

स्रोत स्थलगत अध्ययन २०७२

**तालिका नं १३**

**परिवार नियोजनको साधन प्रयोग गर्ने घरधुरीको विवरण**

| क.सं. | साधन | प्रयोग गर्ने संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | अस्थायी | ३९ | ६२ |
| २ | स्थायी | ९ | १४ |
| ३ | प्रयोग नगरेका | १५ | २४ |
| | | | |

स्रोत स्थलगत अध्ययन २०७२

माथिको तालीका अनुसार अध्ययन क्षेत्रमा रहेका ३९ घरपरिवारमा कुनै न कुनै सदस्यले अस्थायी परिवार नियाजनका साधन (कण्डम, डि.पो. पिल्स) प्रयोग गरेका छन भने नमुनाको रुपमा छनौट गरिएका ६३ घरपरिवार मध्ये ९ जनाले मात्र स्थायी सेवा ( भ्यासेटोमि, मिनील्याप) लिएका छन भने १५ परिवारलाइ परिवार नियोजन साधनवारे जानकारी छैन । यसरी अध्ययन गर्दा परिवार नियोजनको वारेमा ज्ञानको कमीले गर्दा जनसंख्या वृद्धि र जनसंख्या वृद्धिदरमा प्रत्यक्ष प्रभाव परेको पाईन्छ ।

### ५.५ शैक्षिक अवस्था

कुनै पनि राष्ट्र समाजको विकासको मुल आधार नै शिक्षा हो । शिक्षाले विकासलेसमाजलाइ सवल सक्षम विवेकशिल र दक्ष जनशक्ति तयार पार्दछ । जसवाट हरेक क्षेत्रमा नयाँ नयाँ ज्ञान प्रविधिको विकास र अनुकरण को अभ्यासवाट विकासाको मार्ग प्रसस्त  हुन्छ । सामाजिक परिवर्तनको मुख्य कडिको रूपमा शिक्षालाइ लिन सकीन्छ ।

यस अध्ययन क्षेत्र लिवाङ् गा.वि.स. मगरहरूको शैक्षिक स्थीतिलाइ हेर्दा कमजोर देखीन्छ । गरीवी दैनिक जीवन निर्वाह गर्नु पर्ने, कम उमेरमा विवाह गर्ने परम्पराले गर्दा शिक्षा आर्जन गर्न तर्फ कमै ध्यान दिएका छन । केहि मगर यूवाहरू सामान्य रूपमा नेपाली तथा विदेशि शुरक्षा निकायमा प्रवेश पाएका भएपनि वढि दैनिक मजदुरीमा नै व्यस्त देखिन्छन । मगरहरूको शैक्षिक अवस्थालाई निम्न तालिकामा देखाईएको छ ।

**तालिका नं १४**

| क.सं. | प्रकार | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | साक्षर | ३९ | ६२ |
| २ | निरक्षर | २४ | ३८ |
| | जम्मा | ६३ | १०० |

श्रोत : स्थलगत सर्वेक्षण २०७२

माथिको तालिकामा नमुना छनौट गरिएका ६३ घर संख्याको जम्मा जनसंख्या ४०१ जना मध्ये ६३ उत्तरदातामा ३९ जना साधारण लेखपढ गर्न सक्ने र २४ जना निरक्षर उत्तरदाताहरू रहेका छन । साधारण साक्षरले सामान्यरूपमा नेपाली भाषामा लेखपढ गर्न सक्ने वताउँछन ।

तालिका नं १५

**विद्यालयमा अध्ययनरत मगर विद्यार्थिहरूको संख्यात्मक विवरण**

| क.सं | शैक्षिक स्तर | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | प्राथमिक तह (कक्षा १ देखि ८सम्म) | १२३ | ७२ |
| २ | माध्यमिक तह(कक्षा ९ देखि १० सम्म) | ३५ | २० |
| ३ | उच्च शिक्षा (कक्षा ११ देखि माथि) | १३ | ८ |
| जम्मा | | १७१ | १०० |

श्रोत : स्थलगत सर्वेक्षण २०७२

माथिको तालिकामा नमुना छनौट गरिएका ६३ घर संख्याको जम्मा जनसंख्या ४०१ जना मध्ये १७१ जना विद्यालय जाने गरेको पाईयो । यसरी तहगत अध्ययनमा अध्ययन गरि रहेका विद्यार्थिहरूको प्रतिशतलाई हेर्दा प्राथमिक तहमा ७२ प्रतिशत, माध्यमिक तहमा २०

प्रतिशत र उच्चशिक्षामा ८ प्रतिशत जनसंख्या देखिन्छ । अध्ययन क्षेत्रमा वसोवास गर्ने मगर जातीमा शुरूमा विद्यालयमा भर्नादर वढि भए पनि विद्यालय नियमितरूपमा जाने दर संगै उपल्लो तहको अध्ययनमा पनि कमि देखिन्छ । यसो रहनुमा गरीवी, शिक्षाको महत्त्वको वारेमा कम ज्ञान साथै आर्थिक लाभको लागि अभिभावहरू संग काममा जाने चलन जस्ता कारणहरूले यस क्षेत्रका मानिसहरूको शिक्षामा अग्रसर नभएको पाईन्छ ।

# परिच्छेद -६
# सांस्कृतिक जनजीवन

यस परिच्छेदमा अध्ययन क्षेत्रका मगरहरूको साँस्कृति अवस्था अर्न्तगत भेषभुषा र खानपान, भाषा, घरको वनावट, चाडपर्व, जीवनप्रक्रियाको वारेमा व्याख्या गरिएको छ ।

## ६.१ भेषभुषा र खानपान

नेपाल भौगोलिक विविधताको मुलुक हो भौगोलिक विभाजनका दृष्टिले हेर्दा हिमाल, पहाड, तराइ क्षेत्रमा रहने प्रत्येक जातीय भेषभुषा र खानपानको आफ्नै परम्परा, धर्म, संस्कृति रहदै आएको छ । जातिय भेषभुषा र खानपानको अवस्था समेत हरेक जातिको फरक फरक रहेको छ । यस अध्ययन क्षेत्रमा वसोवास गर्ने मगरहरू वुढापाकाहरू गादा घलेक लगाउछन् भने यूवापुस्ताले मौलिक भेषभुषालाई विर्सिन थालेको अवस्था छ । त्यस्तै वुढापाका महिलाहरू घलेक, गादा लगाउँछन त्यस्तै गरि गहनामा वुलाकी, स्रिवन्दी, ढुङग्री, चन्द्रमा, पोते तिलहरी, नौगेडि वाला आदि लागउछन् ।

अहिलेको परिवेशलाइ हेर्दा विभिन्न क्षेत्रसंगको सम्पर्क शिक्षाको प्रभाव आदिको कारणले मगर जातिको भेषभुषालाइ पनि प्रत्यक्ष असर पारेको छ । लोग्ने मानिसहरू कमिज, पाइन्ट, कोट, लगाउछन भने महिलाहरू बलाउज, सारी, टिसर्ट, कुर्ता, सलवार लगाउछन् ।

मगरहरूको स्वादिष्ट भोजनमा ढिडो आटो सिन्की मारेको साग दालभात भैसिको मासु र जाँड/रक्सी हो । यहाको मगरहरूको खानपानको स्थीतिलाइ हेर्दा साधारण तथा कृषिवाट उत्पादित खाद्य पदार्थ नै उपयोग गरेको पाइन्छ । मकैको आटो, ढिडो, गुन्द्रुक, मारेको साग दैनिक जीवनको खानपान हो । यहाँका मगरहरू घर गोठहरूमा वाडिएर वस्ने हुँदा एउटै परिवारमा पनि २/३ वटा भान्सा हुने गरेको पाईन्छ । प्राय जसो वृद्ध तथा वालवालिकहरू समेतले खाने एउटै किसिमको खाना प्रयोग गरेको प्रचलन रहेको छ । विशेष चाडपर्वको अवसरमा यहाका मगरहरू पाहुनाको सत्कारका लागि रक्सी, मासु, भात प्रयोग गर्दछन् । यहाका मगरहरू जाड रक्सी घरैमा तयार पार्दछन भने मासुका लागि भैंसी, पाडा, वाखा, कुखुरा प्रयोग गर्दछन् । विद्युत तथा अन्य उर्जाका साधनको व्यवस्था नभएको र आर्थिक अवस्था पनि कमजोर रहेकोले प्रायः घरमा खाना वनाउनका लागि दाउराको

प्रयोग गरीन्छ । गाउँविकास समितिको पार्श्वचित्रमा उल्लेख भएअनुसार यस गा.वि.स.मा एक घरपरिवारले मात्र एलपि ग्याँस प्रयोग गरेको तथ्याङ्क पाइन्छ ।

### ६.२ भाषा

भाषा मानिसको सर्वोपरि उपलब्धि हो भने संस्कृतिको पहिचान हो, । मानव आजको अवस्थामा आइपुग्नुमा भाषाको ठुलो योगदान रहेको छ । मगरहरूको राष्ट्रिय रूपमा आफ्नै भाषा छ । जसलाइ मगर भाषा भनिन्छ यस अध्ययन क्षेत्रमा वसोवास गर्ने मगरहरूमा पुराना केहि व्यक्तिहरूमा मगरहरुको छुट्टै भाषा छ भन्ने जानकारी भए पनि अधिकांस मगरहरूले वोलचालको रूपमा राष्ट्रिय भाषा नै बोल्दछन् । यटा, नमस्टे, देउटा जस्ता शव्द प्रयोग गर्दछन् । मगरहरूको मातृभाषा संरक्षण लागि यहाँका मगरहरू संगठित हुन नसक्नु र अन्य भाषाको प्रभाव, विद्यालयको पठनपाठनमा नेपाली भाषाको प्रयोग गर्ने जस्ता कारणहरूले गर्दा यहाँका मगरहरू मगर भाषा विर्सिएको वताउँछन । यस अध्ययन क्षेत्रमा नमुनाका रूपमा छनौट गरिएका ६३ घरकै उत्तरदाताले आफ्नो भाषा नेपाली रहेको वताए ।

### ६.३ घरको वनावट

यस अध्ययन क्षेत्रमा एक दुई तला भएका घर छन् । यहाका घरका छाना ढुङ्गा, टिन, खरको प्रयोग गरी ढुङ्गा र माटोबाट वनाइएको छ । प्राय घरमा पालि छन् । घरको तल्लो तलामा खाना पकाउन प्रयोग गरिन्छ भने खाना पकाउने ठाउँ वरपर सानो गारो लगाइएको हुन्छ । गारोको छेउमा खानपिन पछि सुत्ने पनि गरिन्छ । भने माथील्लो तलामा अन्न भण्डार गर्ने र सुत्ने पनि गरिन्छ । घरको पालिमुनि कुखुरा, वाखाका लागी खोर वनाइएको छ । केहि घरमा वरण्डा वनाइएको छ । त्यस्ता वरण्डामा प्राय पाहुना आउँदा सुताउने र पढने विद्यार्थी, विवाहित यूवा यूवाती सुत्ने गर्दछन् । यस अध्ययन क्षेत्रमा वनेका घरमा झ्याल, ढोका कम रहेका छन् । कुनै-कुनै पछिल्लो समयमा वनेका घरहरूमा अलि वढी कोठाहरू वनाएका छन प्राय यस्ता घर एक दमै कम छन । अध्ययन क्षेत्रमा नमुनाको रूपमा छनौट गरिएका ६३ घरपरिवारमा निम्न अनुसारको घरको वनोट रहेको पाइन्छ ।

**तालिका नं १६**

**वनावट अनुसार घरहरूको विवरण**

| क.सं. | किसिम | संख्या |
|---|---|---|
| १ | थरवाट वनेका | २५ |
| २ | ढुङ्गा, टिनवाट वनेका | ३८ |
| ३ | पक्की | ० |
| जम्मा | | ६३ |

श्रोतः स्थलगत सर्वेक्षण २०७२

## ६.४ चाडपर्व

संसारका हरेक ठाउमा वसोवास गर्ने मानव जातिहरूले आ-आफ्नो परम्परा संस्कृति अनुसार चाडपर्व मनाउदै आएका छन् । जसलाइ संस्कृतिको मुख्य अंग मानिन्छ । नेपालमा पनि विभिन्न जाती समुदायहरूका आ-आफ्नै परम्परागत चाडपर्व छन् । मगर जातिको पनि आफ्ने गौरवमय संस्कृति परम्परा भाषा र इतिहास छ । यहाका मगरहरूले हिन्दु धर्म अनुसार मनाउने सवै चाडपर्व मनाउछन् । यसका साथै यीनिहरूमा आफ्नो मौलिक चाडपर्व समेत रहेका छन । मौलिक चाडपर्वहरूमा आफन्तहरूलाइ वोलाएर विशेष भेटघाट खानपान र दुःख सुख साटासाट गर्दछन । मगर हरूको चाडपर्वमा परिवारका सदस्यहरू भेटघाट गर्ने एउटा उपयूक्त मौका पनि हो । यस क्षेत्रमा मनइने धेरै जस्तो चाडपर्वमा जाँड रक्सी र मासुलाइ बढी महत्त्व दिइन्छ । विशेष गरि यस समुदायमा वसोवास गर्ने मगरहरूले मान्ने चाडपर्वहरू निम्न प्रकारका रहेका छन् ।

### ६.४.१ जेष्ठपुणीमा (पितर पूजा)

यो पुर्णिमा पितर, पुर्खा मान्ने वा नयाँ पुराना मृतकलाइ एकै ठाउमा ल्याउने माध्यमको रूपमा मनाइन्छ । आफ्ना सन्तान भित्र वर्ष भरीमा मरेका सन्तानहरूलाइ एकै ठाउमा स्मरण गरि पूजा गरिन्छ । यस पूर्णिमामा मृतकका नाममा पाटी, पौवा वा केहि सामाजिक कार्य गर्ने गरिन्छ भने सार्वजनिक स्थान स्थापना गरिएका पाटीमा (दिदी वा

वहिनीका छोरा) भान्जाले विरूवा रोप्छन् भने मृतकका अभिभावकले चेलिहरू साथै भान्जाभान्जीलाइ दान दक्षिणा गरिन्छ भने विभिन्न प्रकारका खानपान गरिने गरेको पाइन्छ ।

### ६.४.२ असार १५

असार १५ का दिन यस समुदायका मगरहरूले दहि चिउरा खान्छन् । दहि नभएको घरमा दहि भएका घरवाट दहि पुऱ्याइदिने गरी समुदायका सवैले दहि चिउरा खाने गर्दछन् ।

### ६.४.३ साउने सक्रान्ती

यो पर्व श्रावण १ गते मनाइन्छ, यस पर्वमा खेती लगाइ सकेको अर्थात हिलोवाट उम्केको उपलक्ष्यमा मनाउने गरेको पाइन्छ । यस दिन विहान उठि सरेटो, कापु, टिम्मुर, अनार, अमिलो जम्मा गरिन्छ रोटी पकाइन्छ । घर वाहिर सानो झुपुडि वनाइ राखिन्छ भने् राँगा, भैसी, कुखुरा र वाखा काटिन्छ र चेलिवेटिलाइ वोलाइ रमाइलो गरिन्छ । चेलिवेटिले रक्सीको कोसेलि लिएर आउछन् । साँझपख सवैले घरवाट भाङवालि आगो निकालीन्छ र भन्ने गर्दछन् “लुतो पुतो लैजा” भन्दै आफ्नो घरको अगाडीको गाउको नाम भन्दै अगुल्टो मान्छेको शरिर भनेर फ्याक्ने गरिन्छ । जसले शरीरमा खटिरा नआउने र आएमा निको हुने विश्वास गरीन्छ ।

### ६.४.४ भदौरे पूर्णीमा

यो पर्व प्राय भदौ १२ गते मनाइन्छ । त्यसदिन फुर्सद वा टाढा घर भन्दा वाहिर बसेका मगरहरूले १२ भदौको नाममा अनुकुल समयमा पनि मनाउने गरेको पाइयो तर भदौरे पुर्णिमा अनिवार्य मनाउने चाड अन्तरगत पर्दछ । यस दिनमा घरको मुख्य मालिकले प्रत्यक घरमा रगत देखाउनु पर्दछ कस्ले के माऱ्यो ? भन्ने गाउमा हल्ला चल्द छ । प्राय आम्दानी भएकाहरूले वोका काट्दछन् भने आम्दानी कम भएकाहरूले कुखुरा काट्ने गर्दछन् । इष्टमित्र वोलाइ जाँड रक्सि मासुको रमझममा रमाइलो गरिन्छ । यस चाडमा वली चढाइ दिएमा देवाता खुसी भइ साहस र अप्ठेरो काम समेत गर्न सक्ने विश्वास गरिन्छ ।

### ६.४.५ तिज

यस चाडमा मगर समुदायका महिलाहरू व्रतवसी धुमधाम संग मनाउदैनन् । तर अनौपचारीक रूपमा रमाइलो गरी मनाउदछन । तिजको वेलामा मगर महिलाहरू साउने सक्रन्ति देखि एक १) दिन विराएर रातिमा नाचगान गर्दै सप्तमी सम्म नाचगान गर्ने

गर्दछन । यस अध्ययन क्षेत्रमा पञ्चमीको दिन ठुलो मेला लाग्दछ । यस मेलामा यहाँका मगर महिलाहरू विभिन्न पोशाकमा सजिएर नाचगान गरि रमाइलो गर्दछन् ।

### ६.४.६ दशैं

हिन्दु धर्मावलम्वीहरूले मनाउने. महान चाडको रूपमा दशैंलाइ लिने गरिन्छ । यो नेपाल अधिराज्यभरका हिन्दु धर्मावलम्वीहरूले धुमधामका साथ मनाउने गर्दछन् । यस क्षेत्रमा वसोवास गर्ने मगरहरूले दशैमा मकै जौं दुवै प्रकारका जमरा राख्दछन भने रातो टिकाको ठाउमा सेतो टिका लगाउदछन् । दशैमा रातो टिका नलगाउनुमा पहिले मगरराज्य रहेको स्थानमा राजाको विजय पछि रगतमा टिका मुछेर विजय उत्सवका रूपमा रातो टिका लगाएको हुँदा दशैमा रातो टिका नलगाउने गरेको विश्वास छ । दशैमा आफ्नो क्षमता अनुसार वोका काटी दुर्गा पुजा गरीन्छ । दशैमा टिका थाप्नका लागि इष्टमित्र नजिकको नातेदारहरू कहाँ जाने गरिन्छ साथमा रक्सि लगिन्छ भने दशैको पुर्णीमाका दिन सराह नाच्ने, टिका लगाउने, जमराको मालालगाइ भित्रीकोट दरवारमा सराह नाच्ने गरिन्छ । हिन्दु संस्कार अनुसार मगरहरूले पनि घटस्थापना देखि पुर्णिमा सम्म मनाउने गरेको पाईन्छ ।

### ६.४.७ तिहार

तिहार नेपालीहरूको दोस्रो ठुलो चाड हो । मगरहरूले तिहारलाइ औशीको रूपमा चिन्दछन । तिहार ५ दिन सम्म मनाउने गर्दछन् । काग, कुकुर, गाइ, लक्ष्मी पुजा गरी अन्तिम दिन भाइटिका गरि सम्पन्न गरिन्छ । गाइलाइ नुन खुवाउने तोरनपुजा गरि लामा तोरनहरू टाङने गरिन्छ । भाइ टिकाको दिन दिदी वहिनी कहाँ गइ टिका थाप्ने चलन छ । टिका लगाई दिएपछि चेलिवेटीहरूलाई क्षमता अनुसार दक्षिण दिने चलन छ । तिहारमा मगरहरू रोटि मासु खाने चलन छ । घरघरमा गइ खेलिने भैलोमा कसैले परम्परागत लोक भाकावाट सास्कृतिक मनोरञ्जन गर्ने गर्दछन् भने वुढापाकाहरूले सोरठी नाच नाच्ने गर्दछन् ।

### ६.४.८ मंसीर पुर्णीमा

यस अध्ययन क्षेत्रका मगरहरूले मंसीर पुर्णिमाको दिनलाई सिमे भनी पानीको मुललाई र भुमे भनी जमिनका नाममा पुजा गर्ने गर्दछन । जस्ले गर्दा पानीको मुल रहिरहने र उत्पादनमा वृद्धि हुने विश्वास गरिन्छ । यस पुजामा गाउँका सवै दाजुभाईहरू एकै ठाउँमा भेला भई कुखुरा चढाई पूजा आजा गरि मंसीर पूर्णीमा मनाउने गरिन्छ ।

### ६.४.९ पुष १५

यस पर्वमा मगरहरूले इष्टमित्रलाइ वोलाएर मासु, रक्सी खुवाउने गर्दछन । खानपिन सकिएपछि मादल वजाएर नाचगान गर्दछन । यस अध्ययन क्षेत्र लिवाङ्-१, मा हुने गुरूङहरूको तमुल्होसार पौष १५ गते मनाउने हुदा यसको केहि प्रभाव मगर समुदायमा परेको छ । यस दिनमा मगर यूवाहरू नाचगान गरि गुरूङहरूको नयाँवर्षको समयमा शुभकामना साटासाट गर्ने गर्दछन ।

### ६.४.१० माघे सङ्क्रान्ति

यस पर्व मगरहरूले धुमधाम संग मनाउने गर्दछन । यस चाड मनाउन सवै गाउँमा मासुका लागि राँगा, भैसी, वाखा, कुखुरा काट्दछन् भने चेलिहरूले दाजु भाइहरूलाइ रक्सी कोसेली पुऱ्याइ दिन्छन् । माघ १ गते तरूल, खिचडी, रोटी, पकाउछन् । चेलीले कोसेली ल्याइदिन्छन तिनीहरूलाइ कोसेली सहित फिर्ता गरिन्छ । भान्जालाइ खानेकुरा र रक्सी खान दिइन्छ । माघेसङक्रान्तिमा मगरहरू अगाडि नै वनमा गइ खनेर ल्याएको बन तरूल उसुनेर खाने गर्दछन ।

यस चाडमा तारो हान्ने प्रचलन छ । गाउमा सवै गाउलेहरू जम्मा भएर केहि टाढा फापरवाट तयार पारीएको फुरूलालाइ वाणवाट निशाना लगाउने प्रतियोगिता चल्छ । जसले तारो निशानामा लगाउछ त्यस व्यक्तिलाइ वधाइ तथा पुरस्कार स्वरूप केही रूपैयाँ दिन्छन् । जित्ने व्यक्तिले खुसियालिमा रक्सी किनी खुवाउने गर्दछ भने यो पर्व १, २ दिन सम्म चल्दछ । अन्तिम दिन तारो हान्ने व्यक्ति तथा अन्य व्यक्ति एकै ठाउँमा जम्मा भइ नाचगान गरि यस चाड मनाउने गरिन्छ ।

### ६.४.११ कुलपुजा

यहाँका मगर समदायले प्रत्येक वर्षमा कुलपुजा गर्दछन । एकै सन्तानको प्रमुख घरमुली उपासो बस्दछन भने केहि व्यक्तिहरू पुजारा छानिएका हुन्छन् । कुलापुजा गर्ने स्थान पहिले देखि निश्चित गरिएको हुन्छ । उपासुवसेको पुजाराहरूले कुलपुजा गर्ने स्थानमा गइ कुलापुजा गर्दछन् । रातभर उपासु पुजारा नसुति जागाराम वस्दछन् भने अन्य व्यक्तिहरू विभिन्न भाकामा गित गाइ रमाइलो गर्दछन । अर्को दिन विहान पुजाराहरू नुहाउन का साथै मुल वलिदीने वोकालाइ नुहाइ सुद्ध पारिन्छ । र पुजापाठ गरि वोका काटिन्छ । भने सवै सन्तानहरूलाइ प्रसादको रूपमा वोकाको मासु वाडिन्छ । क्षमता

अनुसार व्यक्तिहरूले व्यक्तिगतरूपमा वोका पनि चढाउने गर्दछन । पुजा पश्चात पुजाका सामाग्रीहरू मुलघरमा ल्याइ राखिन्छ र अर्को कुलपुजाको समयमा मात्र निकालिन्छ । कुलपुजामा चढाइएको वोकाको कान कामिलाइ, पुच्छर दमाइलाइ दिने चलनछ भने इष्टमित्रलाइ वोलाएर रक्सी र मासु खुवाउने गर्दछन् ।

## ६.५ मृत्युसंस्कार

मानव जीवनमा सामाजिक तथा सास्कृतिक संस्कारहरूको मुख्य स्थान रहेको छ । कुनै पनि जातिमा आफ्नै खाले संस्कार, रितिरीवाज र परम्परा रहेका हन्छन् । त्यस्ता संस्कार त्याग्न सकिदैन । वरू संस्कारहरूका केहि प्रकृयामा परिमार्जन हुन सक्दछ । सवैले आ-आफ्नो प्रकारको संस्कार र परम्परलाइ अंगाल्दै आएका छन । त्यस्तै प्रकारले लिवाङ् गा.वि.स. बाड नं. १ र २ का मगरहरूले पनि आफ्नै प्रकारको रितिरीवाज र संस्कार मनाउने गरिको पाइन्छ । मानिस जन्मे देखि मृत्यू सम्म गरिने विभिन्न परम्परा, रितिरिवाज नै संस्कार भित्र रहेको छ । यहाँ बसोबास गर्ने मगरहरुको मृत्यु संस्कार पनि आफ्नै किसिमको छ ।

### ६.५.१ जन्म संस्कार

यस मगर समुदायमा कुनै पनि विवाहिता महिला गर्भवती भएपछि सुत्केरी नहुँदा सम्म र सुत्केरी पछि कहि दिन गह्रौं काम नगर्ने उक्त अवधिभर महिला पुरूषले दुवैले मारकाट नगर्ने पुजा आजा नगर्ने प्रचलन छ । यहा गर्भ अवस्थामा स्वास्थ परिक्षण गर्ने प्रचलन कमै छ । गर्भ भएको वेला बाहिर कतै हिड्दा अरूको आँखा लाग्ने र गर्भ खेर जान सक्ने विश्वास गरिन्छ । सुत्करि घरैमा गराउने सुत्केरी हुदा गाउँका बुढापाका महिलाहरूको सहयोग लिन्छन् । बच्चा जन्मे पछि समय दिनवार टिपेर राखिन्छ । नाभी हसियाले काट्ने गरिन्छ र नाभी काटेको हतियार शुरक्षित साथ राखिन्छ । सुत्केरीलाइ न्वारान नभए सम्म अलग राखिन्छ । यस समयमा सुत्केरीलाइ पोषीला खानेकुराहरू बोका, कुखुरा, हलेतो खुवाइन्छ । वच्चा जन्मेको ६ दिनमा छैठी गरिन्छ । छैठिले भाग्य लेखिदिने विश्वास हुनाले त्यसदिन रातभर तेलको बत्ति वालिन्छ । वच्चाको नाभी खसेको दिन न्वारन गरिन्छ । न्वारन गर्दा वृद्ध महिलाद्धारा वच्चा बाहिर निकाल्ने सुर्य तर्फ फर्काउने गरिन्छ भने न्वारनका दिन कन्याद्धारा गाइको गहत छर्केर घर शुद्ध पारिन्छ । न्वारन नगर्दा सम्म अशुद्ध मानिन्छ भने त्यस अवधिमा पुजाआजा गरीदैन ।

### ६.५.२ न्वारन

वच्चा जन्मे पछि नाभी खसेको दिन न्वारन गरिन्छ । न्वारनका दिन घर सफा सुग्घर गरिन्छ । त्यसैदिन वच्चा र आमालाई नुहाइ दिने गरिन्छ । कन्याद्धारा गहत छर्केर चोखो गरिन्छ । मगर समुदायको पुरेतले (जैशी)  वच्चाको नाम राखिदिन्छन । निमन्त्रणा गरिएका पाहुनालाइ वोका, राँगा, कुखुरा काटी भात, मासु, रक्सी खान दिइन्छ ।

### ६.५.३ अन्नप्रासन

न्वारन भए पछि गरीने संस्कार अन्नप्रासन हो । यसलाइ पास्नी पनि भनिन्छ । यस संस्कारमा छोरा भए ६ महिना छोरी भए ५ महिनामा जैशीद्धारा राम्रो साइतको दिन हेराइ नयाँ लुगा गहना लगाएर मासु भात खुवाइन्छ साथै वच्चालाइ रक्सी चखाइन्छ । गाउको दमाइले नयाँ कपडा ल्याउँदछ । त्यहि कपडा लगाएर सर्व प्रथम कन्याले भात खुवाइदिन्छन । त्यस पछि क्रमसः अरू इष्टमित्रवाट भात खुवाइ आफ्नो क्षमता अनुसार आशिषका साथै उपहार दिन्छन । इष्टमित्रहरूलाइ दाल, भात, मासु, रक्सी खुवाइन्छ ।

### ६.५.४ विवाह

विवाह सन्तान उत्पादन गर्ने वैद्यानिक परम्परा हो । विभिन्न जाति समुदायमा विवाह पद्धति आफ्नै किसिमका परम्परामा आधारित हुन्छन । हाम्रो नेपाली समाजमा मुलुकी ऐनले विवाह गर्दा आफ्नो हाडनाता भित्र अर्थात सातपुस्ता भित्र विवाह गर्न वन्देज लगाएको पाइन्छ सो हाड नाता वाहेक आफ्नो इच्छा अनुसार खुशि राजीले विवाह गर्ने आफ्नै प्रचलन रहेको छ । मगर समुदायमा पनि विवाह प्रथा आफ्नै किसिमको रहेको छ । मगरहरूले प्राय आफ्नो दिदि/बहिनीको छोरालाइ छोरी दिने र मामाकी छोरीलाइ विवाह गर्ने गरेको पाइन्छ । यसलाई मामाचेलि फुपुचेलि भनिन्छ । मगरहरूले मामाकी छोरीमा हक लाग्छ भन्ने गर्दछन् । वर्तमान अवस्थामा यस अध्ययन क्षेत्रका मगरहरूले प्रायः दुइ प्रकारले विवाह गर्ने प्रचलन छ ।

१) मागी विवाह

२) प्रेम विवाह

यहाँको मगर समुदायमा मागी विवाहमा महिला अभिभावकहरूको सहमतिमा गर्ने गरिन्छ । केटापट्टिको अभिभावकहरूले केटिपट्टीको अभिभावकसंग प्रस्ताव राख्दछन । यसरी केटा केटी माग्न जाँदा केटा पक्षले कोशेली लिएर जाने चलन छ । केटी दिने भएमा उक्त कोशेली स्वीकार गरिन्छ । यदि केटि नदिने भए फर्काइदिने गर्दछन् । विवाह पक्का भएपछि राम्रो दिनको साइत हेराएर विवाहको दिन तय गरिन्छ । सो दिन विवाह सम्पन्न गरिन्छ । साधारणतया तिन दिन भित्र दुलहि फर्काउने चलन छ । दुलही फर्काउदा रोटि, रक्सी, पाडाको मासु साथमा लाने गरिन्छ । प्रायः सानो समुहमा माइती फर्काउने चलन रहेको छ ।

प्रेम विवाहले मगर समुदायमा वढि महत्त्व पाएको छ । नमुनाको रूपमा छनौट गरिएका ६३ घरका उत्तरदाताहरूमध्ये ४१ जनाले प्रेम विवाह गरेको र वाँकि २२ जनाले मात्र मागी विवाह गरेका छन । प्रायः विभिन्न मेलापर्वहरूमा केटा केटीहरूको भेटघाट हुने गर्दा मायाप्रिति वस्दछ । केटाकेटी विचमा प्रेम सम्वन्ध भएपछि अभिभावकहरूको मन्जुरीमा घरमा भित्राइन्छ । यदि स्वीकृति नदिएमा केटाकटीहरू घर देखि टाढा आफन्त कहाँ गएर वस्ने र आफन्तको सहयोगमा भित्राइने चलन छ । प्रेम विवाह गर्ने प्राय कम उमेरका हुन्छन । १६/१७ वर्षका केटाकेटीले प्रेम विवाह गरेको पाइन्छ । वर्तमान समयमा अन्तरजातिय विवाह समेत प्रचलनमा आएको छ । अध्ययन क्षेत्रमा एक जना तल्लो जातको कामी केटासंग मगर केटीको विवाह भएको र दुवै पक्षवाट सहज स्वीकार गरिएको पाइयो ।

विवाह सम्वन्धमा उत्तरदाताहरूले २० वर्ष भन्दा माथिको उमेर उपयूक्त वताए पनि व्यवहारमा त्यसलाइ अपनाइएको भेटिएन दाइजो प्रथा सम्वन्धमा मिश्रित प्रतिकृया छ ।

मगर समाजमा विवाह प्रथामा माइती अनिवार्य वुझाउनुपर्ने प्रचलन छ । मागी विवाहमा विवाह पश्चात ३-५ दिनमा फर्कदा माइती बुझाइन्छ भने प्रेम विवाह/भागी विवाहमा प्राय जसो केटा केटीले वच्चा जन्माए पछि वुझाएको पाइयो । माइति वुझाउदा विहेमा जस्तै जन्ती लिएर दुलाहा दुलहिको रूपमा तथा छिमेकमा  वसोवास गर्ने व्यक्तिहरू समेत जन्तीको रूपमा जाने गरेको पाईन्छ । यसरी यो समुदायमा मागि विवाह र प्रेम विवाह दुवै प्रचलनमा रहेको छ ।

### ६.५.५ मृत्यू

मृत्यू मानव जीवनको अनिवार्य प्रकृया हो । यो संस्कारलाइ विभिन्न जाति अनुसार भिन्न भिन्न तरिकाले सम्पन्न गरिन्छ । यहाँको मगरसमुदायमा व्यक्तिको प्राण जानेवेलामा छोराहरू र नजिकका नातेदारहरूवाट चौलानि पानी खुवाउने गनिन्छ । मृत्यू भएपछि मृतकका मुखमा दहि र सुनको टुक्रा राखिदिने गर्दछन । मृत्यू भएको व्यक्तिलाई (लास) वासको काठमा कपडा वेरी वनाइएको खटमाथी राखिन्छ र लासभन्दा अगाडि एकजनाले झण्डा छोपेर वाटो देखाउने गर्दछ र लासलाइ गाड्ने स्थान तिर लगिन्छ । मुर्दालाइ पहिले छोराले वोक्दछन यसलाइ काध दिने भनिन्छ । यदि दाजु भाइ नभएमा नातेदारहरूले यो काम गर्ने गर्दछन् । मलामी जाने क्रममा अन्य मलामीहरूले मिलेर पालै पालो वोक्ने गर्दछन । यस समुदायमा श्रीमान भन्दा श्रीमती अगाडि मरेमा अवीर माला लगाइ दुलही जस्तै गरी सिघारेर घाटमा लैजाने चलन छ ।

लास लग्दा अगाडि झण्डा त्यस पछि सेतो कपडा वोकेका मानिस लहरै लाग्दछन् । त्यस भन्दा पछाडि दमाइले वाजा वजाउदछन । त्यस पछि नाता कुटुम्वहरू कुटो कोदालो लिएर हिड्छन । एकजना वृद्धले जौ, तिल, बाटो भरि फ्याक्दै हिड्छन । लास घाटमा लगेपछि मरेको मान्छेलाइ चामल राखि उत्तानो पारेर गाडिन्छ । लास गाडे पछि छोराले कपाल फाल्दछन् । प्राय तिन दिनमा जुढो चोख्याउने गरिन्छ । जुठो चोख्याउदा आफ्ना चेलिवेटि नातापाता, दाजुभाइ जम्मा हुन्छन । दाजुभाइले मानो (चामल) उठाउनु पर्छ । भान्जाले चन्दन पिसी पुजा गर्ने सामाग्रीका साथै एउटा कुखुरा/भेडा लिएर धारो/पँधेरा जाने गर्दछन र पिण्ड खुवाउने गर्दछन । मृतकलाइ लगेको वाटोको विचमा पुजा गरिन्छ भान्जाले गाईको गहुत दिएर दाजुभाईहरूलाई चोख्यादिने कार्य गर्दछन । माइती तर्फका मान्छेले कियापुत्रीलाइ घुम्टो फालि दिन्छन र पुनः एक पटक टाउकोमा पट्टि लगाइ टोपी लगाइ दिन्छन । चोखीने दिनमा आफ्ना दाजु भाइ चेलिवेटि इष्टमित्र जम्मा भइ खानपिन गर्दछन । मृत्यु संस्कारका सबै कामहरुमा प्राय भान्जाको नै महत्वपूर्ण भूमिका रहेको हुन्छ ।

# परिच्छेद-७
# आर्थिक अवस्था

अर्थ व्यवस्था जुनसुकै समाजको विकासको मेरूदण्ड हो । अर्थ व्यवस्थामा मुख्यतया तीन तत्वहरू उत्पादन, उपभोग, वितरण रहेको हुन्छ । नेपाल कृषि प्रधान विकासन्मुख देश भएकाले यसको अर्थव्यवस्था पुर्णतः कृषिमा आधारित छ। गाउँ नै गाउले मिलेर वनेको यस देशको वहुसंख्यक जनता कृषिमा आधारीत भएकाले नेपालको अर्थव्यवस्थालाइ कृर्षि निर्भर ग्रामिण अर्थव्यवस्था भन्न सकिन्छ । मानव समाजको हरेक क्रियाकलापलाइ प्रत्यक्ष प्रभाव पार्ने आर्थीक पक्षले समुदायको सामाजिक सांस्कृतिक रितिरीवाज चालचलन र जीवनशैलिमा महत्त्वपूर्ण भुमिका खेलेको हुन्छ । कुनै समाजको कृर्षि उत्पादन उद्योग धन्दा व्यापार व्यवसायले त्यस ठाउको विकासलाइ निर्धारण गरेको हुन्छ ।

यस परिच्छेदमा अध्ययन क्षेत्रमा वसोवास गर्ने मगरसमुदायहरूको अर्थ व्यवस्था भित्र मुख्यतया कृर्षि, पशुपालन, नोकरीवाट हुने गरेको आयव्ययको अध्ययन गरिएको छ। यहाँका वहुसंख्यक जनता कृषि र पशुपालन क्षेत्रमा निर्भर रहेका छन ।

## ७.१ भुस्वामित्व

भु-भनेको जमिन र स्वामीत्व भनेको अधिकार हो। जमिन मानिसको अचल सम्पति हो। त्यसकारण भु-स्वामीत्वमा घर जग्गा खेतिपाति, पाखो, खेतवारी पर्दछन। यस अध्ययन क्षेत्रका मगरहरूले भु-स्वामीत्वको उत्पादनलाइ सामाजिक प्रतिष्ठा र आम्दानीको स्रोतको रूपमा समेत लिएको पाइन्छ। अध्ययन क्षेत्रमा वसोवास गर्ने व्यक्तिहरूको भु-स्वामित्वको अवस्थालाई निम्न तालिकामा देखाईएको छ।

**तालिका नं १७**

**भु-स्वामीत्वको विवरण**

| क.सं. | रोपनी | धरधुरी संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ०-५ | ० | ० |
| २ | ५-१० | १२ | १९ |
| ३ | १०-१५ | १५ | २४ |
| ४ | १५ भन्दा मथि | ३६ | ५७ |
| जम्मा | | ६३ | १००% |

श्रोत: स्थलगत अध्ययन २०७२

माथीको तालिकावाट यस अध्ययन क्षेत्रमा वसोवास गर्न मगरहरूको भु-स्वामीत्वको स्थिति हेर्दा ०-५ रोपनी जग्गा भएका ० प्रतिशत ५-१० रोपनी हुने १२ घर १९ प्रतिशत १०-१५ रोपनी हुने १५ घर २४ प्रतिशत र १५ रोपनी भन्दा माथि हुने ३६ घर ५७% देखिन्छ । १५ रोपनी भन्दा वढी जग्गा हुने सवैको आफ्नो जग्गा भएपनि उत्पादन योग्य भुमि कम भएको वढी खरवारी भएकाले आफ्नै उत्पादनवाट भएको अन्नले खान कमैलाई पुग्दछ ।

यस अध्ययन क्षेत्रको जमिनलाइ तिन भागमा विभाजन गरेको पाइन्छ ।

- वारी
- पाखो
- खरवारी (जङ्गल)
- वारी

❍ वारी : यस क्षेत्रमा भएको वारी प्राय भिरालो रहको छ । यस जमिनमा मुख्य वालीहरू मकै, गहु, जौं, कोदो, आदी वालीहरू लगाइन्छ । वर्खे खेति केहि मात्रामा राम्रो भएपनि हिउदे खेति आकासवाट पानि आएमा केहि राम्रो खेति हुने र पानी नपरेमा लगाएको विउ पनि नफर्कने गरेको रहेको छ । सिंचाई सुविधाको राम्रो व्यवस्था नहुनाले कृषि कार्यलाई राम्रो र व्यवस्थीत बनाउन ससिएको छैन ।

- पाखो : पाखो जमिन  खेति योग्य जमिन होइन । यहा केवल गाइ वस्तुलाइ हिउँद महिनामा खुवाउने खर हुन्छ । पाखो जग्गा नभएमा घरमा गाई, भैसी आदी पाल्न गाह्रो पर्दछ । यस क्षेत्रमा भिरालो देखि अत्यधिक भिरालो जमिन पर्दछ ।
- जंगल

रूख विरूवा भएको क्षेत्र जंगल हो । यस्ता जंगल सामुहिक र व्यक्तिगत रूपमा रहेका छन । पुरानो जंगल यस क्षेत्रमा रहेको छ । यस जंगलवाट इन्धनका लागि दाउरा, गाइवस्तुको लागि स्याउला, घाँस, ल्याउने गरिन्छ । जंगलको अभावमा गाइ वस्तु पाल्न गाह्रो हन्छ । जंगल गाई, बाखा चराउन प्रयोग गरिन्छ । यस क्षेत्रमा सामुहिक गाउलेहरूको निर्णयमा संरक्षण गरेको पाइन्छ । चिसो मौसम भएकाले साना-साना रूखहरू र वुट्यान रहेका छ ।

जग्गा क्षेत्रफलमा धेरै भए पनि क्षेत्रफलको अनुपातमा उत्पादन एक दमै कम हुने गरेको छ । उत्पादन भएको अन्न धेरै जाँड र रक्सी बनाउन प्रयोग हुने हुदाँ खानको लागि वाजारबाट खरिद गर्नु पर्ने अवस्था छ ।

## ७.२ प्रमुख वाली र खेती गर्ने तरिका

यस क्षेत्रमा प्रमुख उत्पादन गरिने वालिहरूमा मकै, गहुँ, जौं, कोदो आदी हुन भने नगदेवालिमा टिमुर भटमास खेति हुन्छ । यस क्षेत्रमा हिउदे र वर्षे गरेर दुई खेती गरिन्छ । हिउदे खेति कम उत्पादन हुने गर्दछ । यहाँको प्रमुख खेति मकै देखिन्छ । वर्षयाम र हिउँदको केहि समयमा आ-आफ्नो खेतिपाति लागाउने र उठाउने कार्यमा लाग्दछन । खेतिगर्न सिचाइको अभावमा मनसुनि वर्षा पर्खनु पर्छ । यस क्षेत्रमा मिश्रीत खेति गरिन्छ । मकै वालीमा सिमी, फर्सि, काँको, भटमास, कोदो, आदी लगाउने गरिन्छ । केहि परिवारको मुख्य खेति धान वताए पनि अध्ययन क्षेत्रमा उत्पादन नभइ घरदेखि टाढा वेसिमा किनेको जग्गामा उत्पादन हुने गरेको हुन्छ । नगदेवालीका रूपमा उत्पादन हुने टिमुर, भटमासलाइ महत्त्व नवुझी वजारको कमसल चामल संग सरीमा साटने गर्दछन । धान उत्पादन केही घरमा हुने भएकाले भातलाइ वढि महत्त्व दिइन्छ । अध्ययन क्षेत्रका परिवारहरूले लगाउने प्रमुखवालीहरू निम्न तालिकामा देखाईएको छ ।

तालिका नं. १८

| क.सं. | प्रमुख वालि | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | धान | १० | १६ |
| २ | मकै | ५३ | ८४ |

श्रोतः स्थलगत अध्ययन २०७२

माथि उल्लेखित तालिका अनुसार नमुना छनौटका रूपमा रहेका ६३ घरपरिवारले लगाउने प्रमुख वालीहरूमा सवै भन्दा वढि मकै वाली ८४% ले र धान १६% ले लागउने गरेका छन् । भीरालो जमिन मानस आफै कोदालोले खन्ने गर्दछन (गोरू नलाग्ने कारण)

यस क्षेत्रमा खेतिगर्ने तरिका आफ्नै किसिमको छ । परम्परागत खेति वाली र प्रविधिमा कनै फरक आएको छैन । जोत्न लागि हलोको प्रयोग गरिन्छ । फालो, नारा, जुवा, गोरू, जोतारा र हली । यस्तो प्रविधिवाट खेति गर्दा उत्पादनमा हुने फाइदा वेफाइदा वारेमा थाहा छैन । रासायनिक मलको प्रयोग प्राय गरिदैन । गोवर मल प्रयोग गरेपनि जमिनलाइ प्रयाप्त पुग्दैन । अध्ययन क्षेत्र माझकोट्मा सिचाइको सुविधा छैन । यहाँ खेतिपातीमा लाग्ने किरा फट्याङग्रा मार्न विषादिको प्रयोग भन्दा खरानी, गाईको पिसाव प्रयोग गरिन्छ । यहाँ विउविजन परम्परागत रुपको प्रयोग गरेको पाईन्छ । विउमा उमार क्षमताको कमि, उत्पादन क्षमतामा कमि आदि कारणले उत्पादनमा कमि हुने र रोग लाग्ने गरेको पाईन्छ । नयाँ विउवाट उत्पादनमा बृद्धि हुने, रोग कम लाग्ने भन्ने जानकारी भएता पनि उनीहरू पुरानै विउ प्रयोग गरेको वताउछन ।

यस अध्ययन क्षेत्रमा सरकारी क्षेत्रवाट पनि खासै ध्यान दिएको पाइन्न । कृषि प्राविधिकको सहयोग, आधुनिक खेति प्रणालीवारे पुर्णरूपमा ज्ञान, सिप उनीहरूमा नरहेकोले कृर्षिको वारेमा पुरानै तरिका प्रयोग गरिरहेको स्थानीय कृषकहरू वताउछन । अध्ययन क्षेत्रमा वसोवास गर्ने परिवारको खाद्यान्नको पहुँचलाई तालिकामा निम्न वमोजिम देखाईएको छ ।

तालिका नं. १९

| क.सं. | खान पुग्ने अवधि | घर संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ३ महिना सम्म | ५ | ८ |
| २ | ३-६ महिना सम्म | २८ | ४४ |
| ३ | ६-९ महिना | २१ | ३३ |
| ४ | ९-१२ महिना | १० | १६ |

श्रोतः स्थलगत अध्ययन २०७२

माथिको तालीकालाइ हेर्दा आफ्नै जग्गामा उत्पादन गरिएको अन्नले वर्ष भरी खानपुग्ने १० घरपरिवारलाई देखिन्छ भने वाँकी ५३ घरलाई वर्ष भरि खान नपुग्ने देखिन्छ । जस्को कारण उनीहरू वजारमा निर्भर रहनु पर्ने अवस्था छ । यसक्षेत्रमा वसोवास गर्ने अधिकांस घरपरिवारको विभिन्न श्रोतवाट संकलित रकमको धेरै मात्रा अन्न खरिदका लागि खर्च हुने गर्दछ । जस्ले गर्दा दैनिकजीवन यापनका लागि वढि श्रोत खर्चनु पर्ने भएकोले अन्य अवशरहरूमा उनीहरू पछाडी परेको देखिन्छ ।

## ७.३ पेशा

अध्ययन क्षेत्रका मगरहरूको विभिन्न पेशाहरू अपनाएको पाइन्छ । यस क्षेत्रमा वसोवास गर्ने मगरहरूको मुख्य पेशा कृषी नै रहेको छ साथसाथै जागिर, ज्याला, मजुदुरी समेत अपनाएका छन । वहुसंख्यक मगरहरूको अर्थ व्यवस्था कृषीमा निर्भर छ । शिक्षा तथा सीपपुलक तालीमको अभावले गर्दा यस क्षेत्रका मगरहरू परम्परागत खेति प्रणाली अपनाउन वाध्य छन । अध्ययन क्षेत्रमा नमुनाको रूपमा छनौट गरिएका ६३ घरपरिवारका उत्पादनशिल उमेर समुहमा पर्ने व्यक्तिहरू निम्न पेशामा निर्भर रहेकोछन । जसलाइ निम्न तालीकाले समेत पुष्टी गर्दछ ।

तालिका नं. २०

| क्र.सं. | पेशा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि | १२५ | ७० |
| २ | व्यापार | ६ | ३ |
| ३ | सरकारी जागीर | २३ | १३ |
| ४ | वैदेशिक रोजगारी | ६ | ३ |
| ५ | ज्याला/मजदुरी | १९ | ११ |
| जम्मा | | १७९ | १००% |

श्रोतः स्थलगत अध्ययन २०७२

### ७.४ पशुपालन

मानव सभ्यताको इतिहासले देखाए अनुसार मानव सभ्यताको शुरूवात सगैं पशुपालन कार्य शुरू भएको थियो । पशुपालन नै मानवहरूको धेरै आवश्यकता पुरा गरि आर्थीक सुधारको एउटा अंग वनेको थियो । शिकारी युगमा पनि मानिसले पशुवाट आफ्नो खाना पुरा गरेका थिए । कृषी क्षेत्रमा हेर्दा पशुपालन विनाको कृषी क्षेत्र अधुरो मानिन्छ । पशुपालनवाट नै मल, दुध, घिउ, मासु आदी प्राप्त गर्न सकिन्छ । कृषी र पशुपालन एक अर्काको पुरक मानिन्छन् । पशुपालन विना कृषी र कृषी विना पशुपालन असंभव छ । प्राकृतिक चक्रमा समेत पशु विना विरूवा, मानव आदिको वास्तविक अस्तित्वलाई समेत असर गर्न सक्दछ । यस अध्ययन क्षेत्र लिवाङ्मा पनि पशुपालन आफ्नो क्षमता अनुसार रहेको छ । यहाँका मगरहरूले पाल्ने गरेका पशपालनको विवरण तलको तालिकामा दिइएको छ ।

**तालिका नं.२१**

| क्र.सं. | पशुपालन | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | भैसीं/रागा | १४८ | १२ |
| २ | गाइ, गोरू | १६४ | १६ |
| ३ | खसि,वाखा, भेडा | २९२ | २८ |
| ४ | कुखुरा | ४४१ | ४२ |
| जम्मा | | १०४५ | १००% |

श्रोतः स्थलगत अध्ययन २०७२

माथीको तालीका अनुसार यस क्षेत्रमा वसोवास गर्ने परिवारहरूले सवै भन्दा वढि कुखुरा ४२ प्रतिशत र सवै भन्दा कम भैसी १४ प्रतिशत रहेको छ । यस क्षेत्रमा मगरहरूले पशुपालन नियमवद्ध रूपमा चलाएको पाइन्छ । प्रत्येक घर घरमा गाइ, भैसीं, वाखा, कुखुरा पालिन्छ । यसरी पालिएका चौपायाहरू आफ्नै स्वामित्वमा रहेको वारी पाखोमा गोठ बनाइ पालिन्छ । मौषम अनुसार गोठ वदलिने गरिन्छ । सामुहिक वन जंगलवाट ल्याएको घास र वारीमा भएको घासवाट पशु पालिन्छ । धेरै संख्यामा गाइ, भैसि वाखा कुखुरा पाले पनि व्यवसायिकता देखिदैन । वजारको अभाव र व्यवसायीक मानसिकता नभएका कारण पशुपालनवाट उत्पादन कम छ । कुखुरा विभिन्न मेला पर्वमा पुजा गर्नू पर्ने र पाउना आउदा खुवाउनु पर्ने हदा विक्री नगर्ने स्थानियवासीहरूले वाउदछन् ।

यती धेरै भैंसीवाट दुध त धेरै आउछ होला ? भन्दा के आउनु “बनवाट आए वाध्ने, थुनवाट आए तान्ने भन्ने” गरिन्छ । भैसीवाट केहि घिउ उत्पादन भए पनि तरकारी पकाउन गरिन्छ । विक्री गरिदैन भने गोरू जोत्नका लागि प्रयोग गरिन्छ । गाइ प्रायः दुध दुहिने गरिदैन वाच्छालाइ खुवाइन्छ । पशुपालन र त्यसवाट उत्पादन हुने वस्तुको विक्री वितरण कम गरेपनि केहि परिवारले विक्री गर्ने गरेको सामान्य घरखर्च आउने वताए । यसरी हर्दा प्रत्यक्ष नगद कारोवार कम भएपनि अप्रत्क्षरूपमा घर खर्च पशुपालन व्यवसायवाट धेरै समाधान गरेको पाइन्छ । यस अध्ययन क्षेत्रमा वसोवास गर्ने मगर समुदायमा पशुपालन व्यवसायबाट वार्षिक आम्दानी निम्न रहेको तालिकामा देखाईएको छ ।

तालिका नं २२

| क्र.सं. | आम्दानी | घर संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १५००-५००० | १७ | २७ |
| २ | ५०००-१५००० | ४१ | ६५ |
| ३ | १५०००-३०००० | ५ | ८ |
| ४ | ३०००० हजार भन्दा माथि | ० | ० |
| जम्मा | | ६३ | १००% |

श्रोतः स्थलगत अध्ययन २०७२

माथीको तालीकाले के देखाउदछ भने पशुपालन व्यवसायवाट  वार्षीक ५०००-१५०००।- सम्म आम्दानी गर्ने ६५ प्रतिशत रहेको छ ।  सहायक पेशाको रूपमा रहेको पशुपालन व्यवसायवाट उनिहरूको घर भित्र हुने खर्चलाइ केहिहद सम्म टार्ने गरेको पाइन्छ ।

### ७.५ वार्षिक आय व्यय

अध्ययन क्षेत्रका मगरहरूको आर्थिक अवस्था कमजोर रहेको पाईन्छ । यहाँका मगरहरूको मुख्य पेशा कृषी भए पनि धेरैलाइ वर्ष भरि खान पुग्दैन । तसर्थ अन्न विक्रि गरेर आर्थिक आर्जन गर्ने अवस्था छैन । रोजगार र व्यवसायमा यहाँका मगरहरू पछाडि परेका छन् । यहाँका अधिकांश मगरहरू दैनिक ज्यालादारीका साथै नजिकका ब्यापारीक केन्द्र र भारतमा गएर सस्तो मूल्यमा आफ्नो श्रम बेचि गरेर खर्च जुटाउनु पर्ने वाध्यता छ । सामान्यरूपमा हुने आम्दानी पनि खान र घर संचालनमा खर्च हुने गर्दछ ।

### क) वार्षीक आय

अध्ययन क्षेत्रका उत्तरदाता मगर परिवारले कृषी, व्यापार, नोकरी, ज्यालामजदुरी, पशुपालन आदिवाट आम्दानि गर्दछन । जसलाई तलको तालिकामा देखाइएको छ ।

तालिका नं २३

परिवारको वार्षिक अनुमानित आय

| क्र.सं. | आम्दानि (हजारमा) | परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १२ हजार भन्दा कम | १ | २ |
| २ | १२-३० हजार | ४१ | ६५ |
| ३ | ३०-५० हजार | ७ | ११ |
| ४ | ५० हजार भन्दा माथि | १४ | २२ |
| | | ६३ | १००% |

श्रोतः स्थलगत अध्ययन २०७२

माथीको तालिका अनुसार बार्षिक रूपमा रू ५-१२ हजार सम्म आम्दानी गर्ने परिवारको संख्या २%, १२-३० हजार सम्म आम्दानी गर्ने परिवार संख्या ६५%, रू. ३०-५० हजार सम्म आम्दानी गर्ने परिवारको संख्या ११% र ५० हजार भन्दा वढि आम्दानी गर्ने परिवारको

संख्या २२% रहेको भएको पाइयो । ५० हजार भन्दा वढि आम्दानि गर्ने परिवारहरू नोकरी, पेन्सन र ब्यापार गर्ने रहेका छन् ।

**ख) अनुमानित वार्षिक व्ययको विवरण**

यहाका मगर परिवारले वर्षभरिमा गर्ने खर्च मुख्यतया खाद्यान्न खरिद गर्न, शिक्षा, स्वास्थ्य, कपडा, धुम्रपान, मध्यपान र चाडपर्वमा खर्च गर्ने गरेको पाइन्छ । प्राय मगरहरू चाडपर्व मनाउदा अत्याधिक खर्च गर्दछन । खर्च गर्दा आफ्नो आम्दानि हेर्ने चलन मगर जातिमा कम पाइन्छ । विवाह चाडपर्व आदिमा साहु सँग ऋण लिएर भए पनि आफ्नो क्षमता भन्दा वढि खर्च गरी व्याज तिर्ने गर्दछन । मेलापर्वमा समेत यस जातिमा धेरै खर्च गर्ने चलन पाइन्छ । यस जातिमा आम्दानि भन्दा खर्च अलि वढि गर्ने चलन रहेकोले साहुको ऋण तिर्नको लागि ऋणिले कडा परिश्रम गर्ने गरेको पाइन्छ ।

**तालिका नं. २४**

**परिवारको वार्षिक अनुमानित ब्यय**

| क्र.सं. | खर्च संख्या | परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १२ हजार भन्दा कम | ३ | ५ |
| २ | १२-३० हजार | ३७ | ५९ |
| ३ | ३०-५० हजार | ५ | ८ |
| ४ | ५० हजार भन्दा वढि | १८ | २८ |
| जम्मा | | ६३ | १००% |

श्रोत: स्थलगत अध्ययन २०७२

माथिको तालिका अनुसार वर्षमा सवै भन्दा कम १२ हजार भन्दा कम खर्च गर्ने पविार संख्या ५% रहेको छ भने सवै भन्दा बढि ५० हजार भन्दा वढि खर्च गर्ने परिवार संख्या २८% रहेको छ भने आम्दानी तर्फ हेर्दा रू. ५० हजार भन्दा वढि आम्दानी गर्ने परिवारको संख्या २२ % मात्र देखिन्छ ।

त्यस्तै गरी यहाका मगरहरूको शिर्षकगतख खर्च विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ । विभिन्न शिर्षकमा हुने खर्चको विवरण यस प्रकार रहेको छ ।

**तालिका नं. २५**

| क.सं. | खर्च शिर्षक | प्रतिशत |
|---|---|---|
| १ | शिक्षा | १२ |
| २ | स्वास्थ्य | ६ |
| ३ | घर ब्यवहार | ६५ |
| ४ | चाड पर्व | ६ |
| ५ | धार्मिक/सामाजिक कार्य | २ |
| ६ | अन्य | ९ |
| जम्मा | | १००% |

श्रोतः स्थलगत अध्ययन २०७२

माथिको तालिका अनुसार वर्षमा सवै भन्दा कम खर्च धार्मिक/सामाजिक कार्यमा २ प्रतिशत हुने देखिन्छ भने सवै भन्दा वढि खर्च घर ब्यवहारमा ६५ प्रतिशत हुने देखिन्छ।

# परिच्छेद-८
# सारांश, निष्कर्ष र सुझाव

## ८.१ साराशं

नेपालका विभिन्न जाती जनजातिहरू मध्ये मुख्य तया पहाडि क्षेत्रमा परापुर्वकाल देखि वसोवास गर्दे आएका मगरहरू मंगोलीयन मुलका जनजाती हुन । अधिकांश मगरहरूको बसोबास लुम्वीनि, राप्ती, धौलागिरी, गण्डकी लगायतका अञ्चलका विभिन्न जिल्लाहरूमा रहेको पाइन्छ । भोट, वर्मेली परिवार अन्तरगतको भाषा वोल्ने मगर, अठार मगराती भाषा र बाह्र मगराती भाषामा विभाजन गरिएका छन् ।

कुल जनसंख्याको करीब ३१ प्रतिशत मगरहरू वसोवास गर्ने रोल्पा जिल्ला अर्न्तगत पर्ने लिवाङ् गा.वि.स. को वडा नं. १ देखि ९ सम्म वसोवास गर्ने ६३ घर परिवारमा मगरहरूको सामाजिक सास्कृतिक र आर्थिक अवस्थाको वारेमा अध्ययन गरिएको छ । यस अध्ययनमा मगरहरूको वारेमा अध्ययन र अनुसन्धानबाट प्राप्त विषय वस्तुलाइ समेटिएको छ ।

यस अध्ययन क्षेत्रको मुख्य उद्देश्यका रूपमा मगरहरूको वर्तमान सामाजिक सास्कृतिक तथा आर्थिक अवस्थालाइ प्रकाश पार्नु रहेको छ । अध्ययनको उद्देश्यले हेर्दा मगरहरूको सामाजिक सांस्कृतिक तथा आर्थिक अवस्था अर्न्तगत मगरहरूको पारीवारीक संरचना, स्वास्थ्य तथा शैक्षिक अवस्थावारे वर्णन गर्नु, मगरहरूका रहनसहन भेषभुषा र चाडपर्वका सम्वन्धमा प्रकाश पार्नु तथा यिनीहरूको आर्थिक अवस्थाको वारेमा प्रकाश पार्नु रहेको छ । अध्ययनको महत्त्वको सम्वन्धमा यस अध्ययन क्षेत्रका मगरहरूका वारेमा कहि कतैवाट अध्ययन नगरिएको ले यस अध्ययन क्षेत्र छनौट गरिएको हो । नेपालको भौगोलीक वनावट अनुसार विभिन्न्न जातिहरूको आ-आफ्नै भाषा, संस्कृति र धर्म रहेका छन् । यी विविधता यूक्त जाति समुदायहरूको एकता नै नेपालको राष्ट्रिय एकता कायम भएको छ । नेपालको इतिहासमा आफ्नो छुट्टै पहिचान राख्न सफल मगरहरूको व्यावाहारीक सैदान्तिक महत्त्व छ । अझैपनि मगरहरू ले आफ्नो सस्कृतिलाइ निरन्तरता दिइ आएका छन । जुन राष्ट्रकै एउटा गहना हो ।

शन्दर्भ साहित्यको समिक्षा गर्ने क्रममा इतिहासकार विद्धान वर्ग समाज शास्त्री/मानवशास्त्रीहरूले हाल सम्म मगर जातिको सम्वन्धमा गरिएको अनुसन्धान निस्कर्ष र भनाइहरू तथा मगर जातिको सम्वन्धमा प्रकाशितविभिन्न लेख रचनाहरूलाई समावेश गरिएको छ । यस अध्ययनमा रोल्पा जिल्लाको लिवाङ् गा.वि.स. का सवै वडा हरूलाइ अध्ययन क्षेत्रको रूपमा छनौट गरिएको छ । अध्ययनलाइ पुर्ण रूप दिनका लागी विभिन्न तरिकावाट तथ्याङ्क संकलन गरिएको छ । अध्ययन क्षेत्रमा वर्णनात्मक अनुसन्धान विधि प्रयोग गरिएको छ । भने प्रथामिक तथा द्धितिय श्रोतवाट तथ्याङ्क संकलन गरिएको छ । नमुना छनौटका अधारमा कुल घर संख्या ३१९ वाट ६३ घरलाइ अध्ययनको रूपमा लिइएको छ । ६३ घरका घरमुलिहरूलाइ घर गन्ति सर्वेक्षेणका आधारमा तयार पारिएको निर्मित प्रश्नावलि सुचि प्रयोग गरि तथ्याङ्क सकंलन गरिएको छ । संकलित तथ्याङ्कलाई तालिकिकरण गरि प्रस्तुतिकरण र विश्लेषण समेत गरिएको छ । यस अध्ययन क्षेत्र प्युठान जिल्लाको सदरमुकाम देखि ५ कोष उत्तर तर्फ रहे पनि यो क्षेत्र विकट र दुर्गम छ । शिक्षा, स्वास्थ्य, विद्युत यातायात जस्ता सेवाहरू प्रयाप्त हुन सकेका छैनन ।

मगरहरूको परिवारको किसीमलाई हेर्दा एकात्मक परिवार ७५% रहेको पाइयो । मगर परिवारमा घरमुलिको भुमिका निर्णायक हुने गर्दछ । यिनीहरू हिन्दु, वौद्ध धर्मलाइ अगालेको पाइन्छ । पुरूषहरू भन्दा महिलाहरूले वढि काम गरेता पनि सामाजिक रूपमा आफ्नो इज्जत र हक सुरक्षीत हुन सकेको छैन । तर अन्य जातिको तुलनामा मगर महिलाहरूलाइ भने बढि स्वतन्त्रता छ । वढ्दो आधुनिकीकरण को प्रभाव परेपनि यहाका मगरहरूको आफ्नो मौलिक भेष भुषा कला संस्कृतिलाइ जोगाइराख्नु पर्छ भन्ने मान्यता राख्दछन् । शैक्षिक स्थीतीलाइ हेर्दा यस समुदायमा त्यति उल्लेखनीय प्रगति भएको देखिदैन । तल्लो कक्षामा स्कुल जानेको संख्या धेरै भए पनि माथील्लो तह सम्म नपुग्दै पढाइ छोड्ने प्रवृति रहेको छ । यसको कारण सानै उमेरमा विवाह गर्ने, गरीवी, वेरोजगार मुख्य कारणहरू रहेका छन । यहाका मगरहरू स्वास्थ्य संस्थाहरूमा भन्दा धामि झाक्रि र झारफुकमा वढि विश्वास गर्दछन ।

अध्ययन क्षेत्रमा मगरहरूको सांस्कृतिक अवस्थाको अध्ययन गर्ने क्रममा मगरहरूको भेष भुषा र खानपान, घरको वनावट, चाडपर्व र संस्कारहरूको वारेमारूपमा वर्णन गरिएको छ । जातिय दृष्टिकोणले मगर जातिलाइ विभिन्न थरमा विभाजन गरिएको छ । मगरहरू हिन्दु धर्मका चाडपर्व मनाउछन भने आफ्ना मौलिक चाडपर्वहरूलाइ पनि वढि महत्त्व

दिन्छन । यितिहरूको घरको वनावट आफ्नै मौलिक परम्परामा आधारीत छन । भेषभुषामा केहि मौलीकता छ भने नया पिढिमा पाश्चात्य संस्कृतिको प्रभाव परेको छ । खानपानमा मारेको साग आटो  खाने गर्दछन । मगरहरूका आफ्ना मौलिक जिवन प्रकृया रहेका छन । जन्म संस्कारमा आमा गर्भवती भएपछि वच्चाको नामाकरण सम्म विश्लेषणात्मक ढङ्गले प्रस्तुत गरिएको छ । कर्म संस्कार अन्तरर्गत विवाह र मृत्यू जस्ता संस्कारहरूको उल्लेख गरिएको छ ।  मगरहरूको आर्थिक स्थीतिलाइ हेर्दा कृषी व्यापार व्यवसाय ज्यला मजदुरी पशुपालन जस्ता आयश्रोतको समिश्रण रूपमा निर्भर रहेको छ । खेतिपनिवाट प्रायलाइ १२ महिना खान नपुग्ने भएकाले ज्यालामजदुरी गर्न वाध्य छन् । दैनिक घरायसी आवश्यकता का परिपुर्ति गर्न भारतमा जाने प्रचलन छ । बार्षिक आय र व्ययको विवरणलाइ हेर्दा खाद्यान्न लगायत अन्य बस्तु किन्नु पर्ने भएकाले वास्तविक वचत हुने अवस्था देखिन्न ।

## ८.२ निष्कर्ष

यस अध्ययनमा ६३ घरका घरमुलीलाई उत्तरदाताको रूपमा लिइएको छ । यस क्षेत्रमा मगरहरूको एकात्मक परिवार वढि रहेका छन । महिलाहरू एकात्मक परिवारको श्रृजना गर्न मनपराउछन । यस अध्ययन क्षेत्रका मगरहरूमा साक्षरता दर कम रहेको छ । जसको कारण उनिहरूको चेतनाको स्तर निम्न रहेको छ । यहाका मगरहरूमा साधारण शिक्षा मात्र प्राप्त गरेको छन । उनीहरूमा कुनै प्राविधिक शिक्षा र सीप छैन । परिवार नियोजनको साधनको प्रयोग पुरूषले भन्दा महिलाले बढि गरे पनि निरन्तररूपमा प्रयोग गर्नेको संख्या कम छ । यिनीहरूको घर वरिपरिको वातावरण, प्रयोग गर्ने कपडा र घरको सरसफाइमा प्रयाप्त मात्रामा गरेको पाईदैन भने शौचालयको प्रयोग गर्ने परिवार संख्या न्यून छ ।

यहाँका मगरहरूले मखमलको कपडावाट वनेको घल्याक लगाउने गर्दछन । युवा पुस्ताका मानिसहरूले आधुनिकता संग समायोजन हुदै गएका छन । परिवार पितृसत्तात्मक रहेको यस जातीमा अरू जातिको तुलनामा महिलाहरूलाई वढि स्वतन्त्रता दिइएको छ । समुदायमा हुने विभिन्न किसिमका सहभागितामा महिला, पुरूष दुवैको सहभागीता रहेको पाइन्छ । आफ्नो मौलिक चाडपर्व वाहेक नेपाल अधिराज्यभर अरू जातिहरूले मान्ने चाडपर्व पनि त्यति नै श्रद्धाका साथ मनाउने गर्दछन । मगरहरूको जनसंख्या वरावर अन्य जातिका जनसंख्या भए पनि एक आपसमा भाइचाराका साथ समुदायमा मिलेर वसेका छन ।

यहाँका मगरहरूको मुख्य पेशा कृषी हो । यसका साथै पशुपालन नोकारी ज्याला मजदुरी समेत गर्दछन । कृषि परम्परागत रूपमै संचालित छ । जसवाट जग्गा अनुसार उत्पादन भएको छैन । यहाँका मगरहररूको जमिन वितरण अवस्था राम्रो छैन । खेति योग्य जमिन सवै परिवारमा समान किसिमको छैन । सिंचाइ, मल, विउको समेत अभाव भएकाले उनीहरूको जीविकोपार्जनको प्रमुख स्रोत कृषिको समेत अवस्था राम्रो छैन ।

आय र व्ययको स्थितिलाइ हेर्दा यहाँका मगरहरूको वचतको स्थिति राम्रो छैन । मगरहरू आधुनिकीकरण तर्फ हिडने प्रयास गरे पनि आफ्नो संस्कृतिलाई भने वचाइ राख्न व्यवहारीक रूपमा दृढ देखिन्छन ।

समग्रमा भन्नु पर्दा यहाँका मगरहरू परम्परागत जीवनशैलीमा वाचेका छन । कृषि पेशा तथा पशुपालनको स्थिती राम्रो छैन । यो जाती सामाजिक, सास्कृतिक, आर्थिक अवस्थाका विभिन्न पक्षमा पछाडी परेका छन ।

### ८.३ सुझावहरु

नेपाल एउटा विभिन्न जाती, समुदायको साझा फुलवारी हो । यहाँ विभिन्न जाती समुदायहरूको सस्कृतिले गर्दा नै नेपाली सस्कृति धनी भएको छ । नेपाली संस्कृतिको संरक्षण र संवर्द्धनको लागि मगर जातीको संस्कृतिले ठुलो भुमिका खेलेको हुनाले विभिन्न जाती जनजातीहरूको मौलिक सस्कृतिलाई संरक्षण र संवर्द्धन गर्न आवश्यक छ । मगर जातीको सामाजिक अवस्थालाई हेर्दा उनीहरूको परम्परागत मुल्य र मान्यताहरू जस्ले उनीहरूको सामाजिक विकासका विभिन्न पक्षमा नकारात्मक पक्षमा प्रभाव पारेको छ जस्लाई न्युनिकरण गर्दै जानु पर्ने देखिन्छ । त्यसै गरि आर्थिक अवस्थालाई हेर्दा आम्दानीको तुलनामा खर्च वढि हुने र वचत गर्ने परिपाटीको व्यवस्था नभएको जस्ले गर्दा विभिन्न समयमा उनीहरूमा आर्थिक समस्या झेल्नु परेको अवस्था छ । यी समस्यावाट छुट्कारा पाउनका लागि उनीहरूले वचत गर्ने वानीको विकास गर्नु पर्ने देखिन्छ । तसर्थ माथि उल्लेखित पक्षलाई संरक्षण र संवर्द्धन गर्नका लागि केहि सुझावहरू पेश गरिएको छ ।

- नेपाल सरकारले यस जातीको संस्कृतिको संरक्षण र संवर्द्धनका लागि सम्वन्धीत विषयका विज्ञ, विद्वानहरूलाई अध्ययन, अनुसन्धान गर्न प्रोत्साहित गर्नु पर्दछ ।

- मगर जातीहरूमा मनाईने धेरै चाडपर्वहरूमा वढि खर्च गर्ने, अनावश्यक मात्रामा जाँड, रक्सी र माछामासुको प्रयोग स्वयं मगरहरूले कटौती गर्दै लैजानुपर्दछ जस्ले उनीहरूको आर्थिक पक्षमा सहयोग पुग्नेछ ।

- जातीय सामाजिक चेतना विना राम्रो सामाजिक संरचना निर्माण नहुने हुँदा आफ्नै सामाजिक संरचना भित्र विद्यमान रहेको सामाजिक कु-संस्कारहरू विरूद्ध मगरहरू स्वयं संगठित भई चेतनशिल कार्यक्रम संचालन गर्नु पर्दछ ।

- सामाजिक रूपान्तरणका लागि शिक्षाले प्रमुख भुमिका खेल्ने हुँदा वढि भन्दा वढि शिक्षा आर्जन गर्ने तर्फ उन्मुख हुनु पर्दछ जस्का लागि समाज स्वयं सचेत र सरकारले पनि विशेष व्यवस्था मिलाउनु पर्दछ ।

- परम्परागत खेती प्रणालीमा रूपान्तरण गरि नाफाजन्य उत्पादनका लागि विभिन्न अनुभववाट ज्ञान संकलन गर्दै आधुनिक कृषि प्रणालीको तर्फ उन्मुख हुनु पर्ने अवस्था छ । स्थानीय स्तरमा प्राप्त जडिवुटी प्रशोधन, पशुपालन व्यवसायमा परिवर्तन ल्याउन सके यस क्षेत्रका मगरहरूको आर्थिक अवस्था सुधार हुन सक्नेछ

- महिलाहरूलाई कामको साथसाथै सामाजिक ईज्जत र हकको पनि संरक्षण हुने स्थिति सृजना हुने गर्नु पर्दछ साथै परिवार भित्रको स्वतन्त्रतामा मात्र उनीहरूलाई गुणस्तरीय शिक्षाका माध्यमवाट आत्मनिर्भर वनाउनु पर्दछ ।

- यस क्षेत्रमा वसोवास गर्ने मगरहरू धामी, झाक्रीमा वढि विश्वास राख्ने अवस्था रहेको छ । जस्ले उनीहरूको स्वास्थ्यमा प्रत्यक्ष प्रभाव पारेको छ जस्का लागि नेपाल सरकारका विभिन्न संरचनाका माध्यमवाट स्वास्थ्य सेवा लिनका लागि विभिन्न जनचेतनामुलक कार्यक्रम संचालन गर्नु पर्दछ ।

- वर्तमान समयमा आफ्नो भाषा, सस्कृति विर्सने प्रवृति वढिरहेको अवस्थामा मगरहरूको भाषा सस्कृति संरक्षणका लागि स्वयं मगरहरू संगठित र चेतनशिल वन्नु पर्दछ ।

- समुदायमा संचालन हुने विभिन्न कार्यक्रममा विभिन्न जाती जनजातीहरूका प्रत्यक्ष सहभागिता गराउने, नीतिगत निर्णय व्यवहारिक रूपमा प्रयोग हुनु पर्दछ ।

- त्रिभुवन विश्वविद्यालयले विभिन्न जाती जनजातीहरू, पिछडिएको विभिन्न समुदायका वारेमा अध्ययन, अनुसन्धान गर्न प्रोत्साहन दिनु पर्दछ ।

## सन्दर्भ सामग्री


जि.एम., देविका (२०१०) : अनलाइन नेपाली साहित्य मंच, नेपालका मगर ।

झेडि मगर, देवसिंह (२००९) : लाङघालि जमघट, मगर जातिको प्रमुख नाच कौरा ।

तिमिल्सीना, पशुपति (२००६) : The Hayu Verbs : A thesis submited by Center Department of Linguistics T.U. , Kritipur Kathmandu.

नाम मगर, भिक्षु (२०१०): लाङघालि जमघट, को हुन मगर जाति र किन मगरहरू बौद्धिष्ट हुन ।

पुनमगर, क्रान्ति (२००८) : हङकङ नेपाली डट कम, मगरको अस्थित्व धरापमा ।

वराल मगर, केशरजंग (२०५०): पाल्पा, तनहुँ र स्याङजाका मगरहरूको सस्कृति काठमाण्डौ नेपाल राजकिय प्रज्ञाप्रतिष्ठान ।

विष्ट, डोर वहादुर (१९७६): पिपल अफ नेपाल काठमाण्डौ रत्नपूस्तक भण्डार ।

वुढामगर, हर्षवहादुर (२०५३): हाम्रो समाज एक अध्ययन काठमाण्डौ हाम्रो साझा प्रकाशन ।

मोलार, अगष्टा (१९८१) : एसियन हाईल्यान्ड सोसाईटि, मानव शास्त्रिय दृष्ट्रिकोण ।

योगी, नरहरिनाथ र गुरूङ्ग वंशावली : मगर गूरूङ वंशावली ।

शर्मा, जनकलाल (२०५०): नेपालको धार्मिक मत र सामाजिक संरचन हाम्रो समाज एक अध्ययन, साझा प्रकाशन, काठमाण्डौ ।

शर्मा, नगेन्द्र (२०५२) : नेपाली जनजीवन काठमाण्डौ साझा प्रकाशन ।

शाक्य, डा. केशरमान (२०११) :राज्यसत्ता, यस्तो थियो मगरको स्वर्णिम ईतिहास ।

श्रीष मगर, रूद्रवहादुर (२०१०):नेपाल मगर प्रवासी संघ, मगर जातिमा विद्यमान थर र प्रचलन ।

हिटकक/जोहनटी १९९५ :दि मगर्स अफ वनियान हिल यू.एस.ए.सन.।

## अनुसूचि १ प्रश्नावली

## तथ्याङ्क संकलनको क्रममा घरधुरी सर्वेक्षणको क्रममा प्रयोग गरिएको अर्न्तवार्ता सूचि

घरसंख्या :

१) व्यक्तिगत विवरण

क) नाम : ख) उमेर : ग) पेशा :

घ) शिक्षा : ङ) भाषा : च) धर्म :

छ) लिङ्ग :

२) पारिवारीक विवरण

| क्र.स | विवरण | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| क) | ०-५ | | |
| ख) | ६-१४ | | |
| ग) | १५-५९ | | |
| घ) | ६० भन्दा माथि | | |

३) तपाँईले कति वर्षको उमेरमा विवाह गर्नु भएको हो ?

४) कुन उमेरमा विवाह गर्न उपयूक्त मान्नु हुन्छ ?

क) १५ वर्ष मुनि ख) १५-२० वर्ष विचमा ग) २० वर्ष भन्दा माथि

५) तपाँईले कस्तो किसीमको विवाह गर्नु भएको थियो ?

क) प्रेम विवाह ख) मागि विवाह ग) अन्य

६) तपाईको विवाह प्रथामा कस्ता परिवर्तन आएका छन ?

७) तपाँईको परिवार कस्तो परिवार हो ?

क) एकात्मक ख) सयूक्त ग) वृहत

८) समुदायमा हुने सभा तथा बैठकमा तपाँईको घर वाट कसले सहभागिता जनाउदछ ?

क) महिला ख) पुरूष

९) तपाँईको विचारमा महिलालाई विवाहमा दाईजो दिनु पर्दछ कि पर्दैन ?

क) पर्दछ ख) पर्दैन ग) अन्य

१०) स्वास्थ्य उपचार कहाँवाट लिने गर्नुहुन्छ ?

क) स्वास्थ्य संस्था ख) धामी झाक्रि ग) अन्य

११) तपाँईले प्रयोग गर्ने पानीको श्रोत के हो ?

क) मुलको ख) ईनार/कुवा ग) धारा घ) अन्य

१२) तपाँईलाई खोपको वारेमा थाहा छ ? क) छ ख) छैन

१३) प्रसुति सेवा, गर्भवति जाँचको लागि स्वास्थ्य संस्था जाने गर्नु भएको छ ?

क) छ ख) छैन

१४) प्रसुति गराउदा कहाँ गराउनु हुन्छ ?

क) पर्दछ ख) पर्दैन ग) अन्य

१५) सुत्केरी पछिको पहिलो दुध वच्चालाई खुवाउनु हुन्छ कि फाल्नुहुन्छ ?

क) खुवाउनु हुन्छ ख) फाल्नुहुन्छ

१६) सुत्केरी हुदा र महिनावारी हुदा कहाँ वस्नु हुन्छ ?

क) घरमा ख) गोठमा

१७) गर्भवति अवस्थामा कम्तिमा कति पटक स्वास्थ्य परिक्षण गराउनु पर्दछ ?

क) २ ख) ४ ग) आश्यकता अनुसार घ) थाहाछैन

१८) परिवार नियोजनका साधन वारे तपाँईलाई जानकारी छ ?

क) छ ख) छैन

१९) परिवार नियोजनका कुन कुन साधन प्रयोग गर्नुहुन्छ ?

क) अस्थायी ख) स्थायी ग) प्रयोग नगरेको

२०) तपाँई आफ्नो वच्चालाई कहाँ पढन पठाउनु हुन्छ ?

क) सरकारी स्कुल ख) निजि स्कुल ग) पठाएको छैन

२१) तपाँईको परिवारको साक्षरता स्तर कस्तो छ ?

| क.स. | शैक्षिक योग्यता | महिला | पुरूष | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| क | साधारण साक्षर | | | | |
| ख | प्राथमिक तह सम्म | | | | |
| ग | माध्यमिक तह सम्म | | | | |
| घ | उच्च शिक्षा | | | | |

२२) तपाँईको विचारमा छोरीलाई पढाउनु पर्दछ ?

क) पर्दछ ख) पर्दैन

२३) तपाँई कुन भाषा वोल्नु हुन्छ ?

क) आफ्नै भाषा ख) राष्ट्रिय भाषा ग) अन्य

२४) तपाँईको घरको वनावट कस्तो छ ?

क) फुसको छानो ख) ढुङ्गाको छानो ग) पक्कि

२५) तपाँईले मनाउने मुख्य चाड कुन हो ?

क) दशै ख) तिहार ग) ल्होसार

माथि उल्लेख गरीएका वाहेक अन्य कुन कुन चाड मनाउने गर्नुहुन्छ ?

२६) तपाँईले कुन संस्कारलाई वढि महत्त्व दिनु हुन्छ ?

क) जन्म संस्कार ख) विवाह संस्कार ग) मृत्यू संस्कार

२७) तपाँईकहाँ आउने पाहुनालाई के ले स्वागत गर्नु हुन्छ ?

क) चिया पानी ख) जाँड रक्सि ग) अन्य

२८) तपाँई मनाउने चाड पर्वमा कुन वस्तुको वढि प्रयोग गर्नु हुन्छ ?

क) माछा मासु ख) दुध दहि ग) अन्य

२९) मृत्यू संस्कारमा कति दिन दुःख राख्ने गर्नु हुन्छ ?

क) ५ दिन भन्दा कम ख) ५ दिन भन्दा वढि ग) १३ दिन सम्म

३०) छोरा छोरीको अन्य प्रासन एउटै उमेर गर्नुहुन्छ ?

क) गर्दछौं ख) गर्दैनौ

३१) तपाँईको जग्गा जमिन कस्को नाममा छ ?

क) पुरूष ख) महिला

३२) तपाँईको घरमा शौचालय छ ?

क) छ ख) छैन

३३) तपाँईको जग्गा जमिन कति रोपनि छ ?

क) ०-५ रोपनि ख) ५-१० रोपनि ग) १०-१५ रोपनि

घ) १५ रोपनि भन्दा माथि

३४) तपाँईको जग्गाको उत्पादनले कति महिना खान पुग्दछ ?

क) ३ ख) ६ ग) ९ घ) ९ भन्दा माथि

३५) तपाँईले उत्पादन गर्ने मुख्य खाद्य वालि कुन हो ?

क) धान ख) मकै ग) कोदो घ) अन्य

३६) तपाँईले लगाउने प्रमुख नगदे वालि कुन हो ?

३७) तपाँईका घरका सदस्यहरू कुन-कुन पेशामा संलग्न हुनु हुन्छ ?

| क्र.सं. | मुख्य पेशा | संख्या |
|---|---|---|
| १ | कृर्षि | |
| २ | ब्यापार | |
| ३ | जागिर | |
| ४ | वैदेशिक रोजगार | |
| ५ | ज्याला मजदुरी | |

३८) तपाँईको घरमा पाल्ने पशु पक्षिहरू के के हुन ?

| क्र.सं. | पशुपालन | संख्या |
|---|---|---|
| १ | भैसी | |
| २ | गाई/गोरू | |
| ३ | बाखा/भेडा/खसि | |
| ४ | कुखुरा/परेवा/हाँस | |
| ५ | सुंगुर/वंगुर | |

३९) पशुपालन व्यवसाय वाट तपाईले बार्षिक कति रूपैया सम्म आम्दानी गर्नु हुन्छ ?

क) १५००-५०००   ख) ५०००-१५०००   ग) १५०००-३००००

घ) ३०००० भन्दा माथि

४०) तपाँईले विभिन्न पेशा/व्यवसाय वाट बार्षिक कति आम्दानी गर्नु हुन्छ ?

क) १२००० भन्दा कम ख) १२०००-३००००   ग) ३००००-५००००

घ) ५०००० भन्दा माथि

४१) बार्षिक आम्दानी वाट कुन कुन शिर्षकमा कति खर्च गर्नु हुन्छ ?

| क्र.सं. | खर्च शिर्षक | प्रतिशत |
|---|---|---|
| १ | शिक्षा | |
| २ | स्वास्थ्य | |
| ३ | घर व्यवहार | |
| ४ | चाड पर्व | |
| ५ | धार्मिक/सामाजिक कार्य | |
| ६ | अन्य | |

## अनुसूचि २ चेकलिष्ट

चेक लिष्ट

लक्षीत समुह छलफल

१) उद्धेश्य : मगरजातीको अध्ययनमा तयार गरिएका प्रश्नावली स्पष्ट र आउन नसकिएका तथ्यहरूलाई सामुहिक छलफलवाट सूचना संकलन गर्ने ।

२) परिचय कार्यक्रम

शोधकर्ताको परिचय

कार्यक्रमको वारेमा जानकारी

सहभागीहरूको परिचय

३) छलफलका प्रश्नहरू

क) तपाईहरूले आफ्नै भाषा प्रयोग गर्नुहुन्छ ?

ख) भाषाको संरक्षण गर्न केही प्रयास गर्न सकिएला ?

ग) मगर समाजलाई लक्षित गरि कार्यक्रमहरु संचालन गरिएकाछन ।?

घ) तपाईहरूलो वर्षभरी मनाउने चाडपर्वहरू के के हुन ?

ङ) तपाईहरूको सामाजिक कार्य प्रति संलग्नता कस्तो रहेको छ ?

च) तपाईहरूवाट उत्पादित वस्तुहरू विक्रि नगरी किन साटफेर गर्नुहुन्छ ?

छ) शैक्षिक स्तर माथि उठाउने वारे कस्तो योजना रहेको छ ?

ज) स्वस्थ जीवनयापनका लागि अपनाउनु भएका कुराहरू (स्वच्छ पिउने पानी, शौचालय, सामुदायिक सरसफाई) ?

झ) तपाईको जातीमा जन्म, विवाह र मृत्यू संस्कार कस्तो रहेको छ ?